
# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ८६



कसरी जन्म्यो, विगठित भयो र पुनः संगठित भयो अष्ट्रेलियाली कम्युनिष्ट आन्दोलन ?



लाउडा खरिदमा भएका वास्तविक बदमाशीहरुः विश्लेषण

-लिलामणि पोखरेल

नाशवान पूँजीवादका विशेषताबारे डा.चैतन्य मिश्रको विचारमाथि प्रत्यक्ष अन्तर्क्रियाः माधवकुमार नेपाल, झलनाथ खनाल, टंक कार्की र हरि रोका

तालिवानको बरर्बरताः किन बुद्धका सुन्दर मूर्तिहरु ध्वस्त पारिए ?



## माओवादीको भीषण कारबाहीपछि देश कता ?













मूल्य रु. २०/-, भारतमा भा.रु. १५/-

हाम्रा समस्त ग्राहक महानुभावहरू तथा सम्पूर्ण देशवासीहरूमा

**नव वर्ष २०५८ सालको हार्दिक मंगलमय शुभ-कामना**

व्यक्त गर्दछौं ।

तेलको थोपा थोपा जोगाऔं
इन्धन खर्च जोगाऔं

नेपाल आयल निगम लिमिटेड
फोन : २६२९७०, फ्याक्स : २६३४७१

नव वर्षको शुभ उपलक्ष्यमा हाम्रा समस्त ग्राहकवर्ग तथा शुभ-चिन्तकहरूमा हार्दिक शुभकामना !

२०५८



हिमालयन बैंक लिमिटेड
Himalayan Bank Limited
(A Joint Venture with Habib Bank Limited - Pakistan)
हेड अफिस तथा मुख्य शाखा
त्रिदेवी मार्ग, ठमेल, पोष्ट बक्स २०५९०, काठमाडौं
फोन नं. २२७७४९, २५०२०१, फ्याक्स नं. २२२८००
E-mail : hbl@hbl.com.np
शाखाहरु :
न्यू रोड - फोन २४३१०७, पाटन - फोन ५३५५५६ महाराजगंज - फोन ४२४२९२
भरतपुर - फोन २४२४०, टाँडी - फोन ६०७५०, हेटौडा - फोन २०११९
वीरगञ्ज - फोन २४६७८,, नगरकोट - फोन ६८००७०, भैरहवा - फोन २४३९५

फागुनदेखि बैशाखसम्मको समय हावा-हुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा बाल्ने, सलाई, लाइटर, मट्टितेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराख्ने, केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरूबारे संझाई बुझाई गर्ने र यस्ता कुराहरूबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं ।

**श्री ५ को सरकार**

**सूचना तथा संचार मंत्रालय**

**सूचना विभाग**

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १८, पूर्णाङ्क ८६
बैशाख, २०५८



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ
**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल
**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईंटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन
**सहायक-सम्पादक**
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
**सम्पादन सहयोगी**
चन्द्र खाकी
**प्रमुख व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी
**बजार व्यवस्थापक**
दुर्गा खड्का
**सहायक बजार व्यवस्थापक**
जमुनाप्रसाद चौधरी



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक, काठमाडौं-३२
फोन: ४२२७६९, फ्याक्स: ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं
*इमेल :* yuwa@ntc.net.np
*वेभसाइट:* www.mulyankan.itgo.com




## लाउडा काण्डमा भएका वास्तविक बदमाशीहरु

- लीलामणि पोखरेल -

◆ लाउडा खरिदसम्बन्धी तथ्य र सबूदहरू
◆ शानेवानि घाटामा गएको पुष्टि

◆ बुशको आक्रामक विदेश नीतिविरूद्ध चीनको प्रतिरोध
◆ किन बुद्धका सुन्दर मूर्तिहरू ध्वस्त गरिए ?

## नाशवान पूँजीवादका विशेषताहरूबारे

डा. चैतन्य मिश्रको विचारमाथि प्रत्यक्ष अन्तर्क्रिया : माधवकुमार नेपाल, झलनाथ खनाल, टंक कार्की र हरि रोका

माओवादीको पछिल्लो आक्रमणपछिको देशको स्थितिको विश्लेषण



## माओवादीको भीषण कार्वाहीपछि देशा कता बढ्दैछ ?

## कसरी अष्ट्रेलियाली कम्युनिष्ट पार्टी जन्म्यो ? कसरी विगठित भयो र हाल यो कसरी पुन: संगठित भएको छ ?

डा. हन्नाह मिडल्टनसँगको कुराकानीमा आधारित विशेष सामग्री


**हाम्रो मूल्यांकन**
खबरदार ! आफ्नै जनताविरूद्ध सेना परिचालन गर्न पाइँदैन ! ४

**घटना र प्रवृत्ति– १**
प्रधानमन्त्रीको राष्ट्रव्यापी सम्बोधन : संकट निवारणमुखी कम, संकट बृद्धिमुखी ज्यादा
*- प्रतिमान श्रेष्ठ* ५
पहिलो, दोस्रो वा तेस्रो पुस्ता: सबैथरि कांग्रेसको अभिष्ट के ? अवरूद्ध संसद र सडक अनि गिरिजाको हठ ६
सर्वपक्षीय भेलाका लागि पहल ७
चीन र अमेरिकाबीच टक्कर : बुशको आक्रामक विदेश नीतिविरूद्ध चीनको प्रतिरोध ८
किन बुद्धका सुन्दर मूर्तिहरू ध्वस्त गरिए ?
*- राजेन्द्र महर्जन* ९

**आवरण कथा**
माओवादीको भीषण कार्वाहीपछि देशा कता बढ्दैछ ?
*- श्याम श्रेष्ठ* १२

**वि.क.आन्दोलन**
कसरी अघि बढ्दैछ अष्ट्रेलियाली कम्युनिष्ट आन्दोलन ?
*- डा. हन्नाह मिडल्टन* १७
अष्ट्रेलियाली कम्युनिष्ट पार्टीको संक्षिप्त इतिहास २०

**नीति/संस्कृति**
कभर पेजमा पुष्पलालको फोटो देखेर आलोचना गर्नेहरूप्रति
*- चन्द्रदेव नेपाली* २३

**पर्दा/रंगमञ्च**
'रक्तिम'ले ४४ जिल्लामा कार्यक्रम गर्‍यो
*- हरिगोविन्द लुइँटेल* २४

**आत्मकथा**
राजा दुई ठाउँमा मात्र रहन्छन् एक इंग्ल्याण्डमा, अर्को तासमा !
*- निर्मल लामा* २६

**साहित्य**
प्रचण्डको प्रचण्ड फैसलामाथि एक सादा टिप्पणी- २
*- खगेन्द्र संग्रौला* २८

**दर्शन**
आइन्स्टाइनको सामान्य सापेक्षतावादको सिद्धान्त र द्वन्दवाद
*- प्रज्ञानरत्न* ३०

**अन्तर्क्रिया**
नाशवान पूँजीवादका विशेषताहरू के हुन् ? ३२

**खोज**
लाउडा खरिदमा भएका वास्तविक बदमाशीहरू
*- लीलामणि पोखरेल* ३६
तथ्य र सबूदहरू ३८
शानेवानि घाटामा गएको पुष्टि ४१

**किताब**
महिला आन्दोलनको इतिहास बोकेको पुस्तक
*- मुक्ता श्रेष्ठ* ४४

**घटना र प्रवृत्ति– २**
विद्यार्थीलाई यातायातमा ३३ % सहुलियत ४५
एमाले निकट अखिल पनि आन्दोलनमा ४५

**पाठकको कुरो** ४६



आवरणमा : नेकपा माओवादीका अध्यक्ष क. प्रचण्ड (माथि) फोटो सौजन्य : दिशाबोध । माओवादी आक्रमणको लगत्तैपछिका दृष्यहरू । फोटो सभार/सौजन्य : कान्तिपुर, नेपाल समाचारपत्र । आवरण सज्जा: टाइम्स क्रिएशन, बागबजार, फोन: २५२६४५ । कलर सेपरेशन: पोलिइमेज, प्रदर्शनी मार्ग, फोन: २५२५७१ । कलाकारहरू: लक्ष्मण भूजेल, जि.डि. सारू, *यति ग्राफिक्स, डिल्लीबजार फोन : ४३०७५२* । मुद्रण: इन्द्रेणी अफसेट प्रेस, अनामनगर, फोन: ४३७४४८

◀ हाम्रो मूल्यांकन

# खबरदार ! आफ्नै जनताविरुद्ध सेना परिचालन गर्न पाइँदैन !



अन्ततः गिरिजा सरकारले माओवादी विद्रोहविरुद्ध जिल्ला जिल्लामा सेना परिचालन गरीछोड्ने भएको छ । अमेरिकी मोडेल र भिजनअनुरूप राष्ट्रिय योजना आयोगले तयार पारेको र मन्त्री परिषद्ले पास गरेको 'एकीकृत आन्तरिक सुरक्षा र विकास योजना'लाई गएको चैतको अन्तमा दरबारबाट सहमति प्राप्त भएपछि यो नयाँ स्थिति सिर्जना भएको हो ।

यो नयाँ अवधारणाअनुसार देशका प्रधानमन्त्री स्वयंले वैशाख ३ गते राष्ट्रको नाममा गरेको विशेष सम्बोधनमार्फत् माओवादीलाई आफ्ना सम्पूर्ण हात हतियार र विष्फोटक पदार्थ सरकारलाई सुम्पन सार्वजनिक आव्हान गरेका छन् । त्यसो नगरिएमा कानूनअनुसार दण्डित गर्ने कुरालाई दोहोऱ्याइएको छ । अर्को एक सम्बोधनमा बलपूर्वक हातहतियार खोसेर माओवादीलाई निशस्त्र पार्ने धम्की दिइएको छ । सेना यसअघिसम्म जिल्ला सदरमुकाममा मात्र तैनाथ रहेकोमा यो योजनामुताबिक अब प्रहरीको साथसाथ स्थानीय चौकी तहसम्म प्रहरीको 'ब्याकअप फोर्स' भएर तैनाथ हुनेछ । सेनाले आफ्नै पहलमा माओवादीमाथि आक्रमण गर्ने छैन । परन्तु प्रहरीमाथि आक्रमण भएमा रक्षाको निम्ति प्रत्याक्रमण गर्नेछ । सर्च गर्न र हातहतियार खोस्न मद्दत गर्नेछ । सशस्त्र प्रहरी, जनपद प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग र सेना अब एकसाथ एकीकृत रूपमा एक-अर्काको सहयोगी भएर एउटै संयोजनकारी कमानअन्तर्गत काम गर्ने भएका छन् ।

चैत्र महिनाको अन्तिम हप्तामै सशस्त्र प्रहरी बलसम्बन्धी निष्क्रिय बनिसकेको अध्यादेश अर्को नाम र भाषामा प्रधानमन्त्रीबाट पेश भई राजाबाट जारी भएको छ ।

एकातिर सेना परिचालन, सशस्त्र प्रहरी बलको परिचालन र अर्कोतिर प्रधानमन्त्री स्वयंबाट हतियार सुम्पन, नत्र निशस्त्र पारेर सख्त कारवाही गरिनेछ भन्ने सार्वजनिक धम्की- यी तीनवटै परिघटनालाई एकै ठाउँमा मिलाउँदा नेपाल अब भीषण गृहयुद्धतिर लम्कन लागेको प्रतीत हुन्छ । अबका वर्षहरू निकै ज्यादा दमनकारी, रक्तपातमय र बर्बर हुन लाग्दैछन् । 'माओवादीलाई तह लाउने' निहुँमा नेपाली जनताले तीसौं वर्ष लडेर ल्याएका प्रजातान्त्रिक अधिकारहरू अब कुनै पनि क्षण खोसिने वा कुण्ठित हुने सम्भावना टड्कारो भएको छ । जागरूक नेपाली जनताको सशक्त प्रतिरोधको कारणले आतंकवाद नियन्त्रणका नाममा जनताको मौलिक नागरिक हकहरू खोस्ने बारम्बारको सरकारी प्रयत्न विगतमा धेरै पटक विफल भएको हो । तर देशमा गृहयुद्ध चर्किएपछि ती हकहरू कुनै पनि बेला कुनै पनि निहुँमा खोसिन सक्नेछन् । नागरिक हक खोलामा ठूला काठ सजिलै बगेझैं रगतको खोलामा सलल बगेर जाने सम्भावना टड्कारो भएको छ ।


वास्तवमा, सेना परिचालन गर्दैमा माओवादी विद्रोह दबिन्छ भन्ठान्नु पटमूर्खता सिवाय केही होइन । कुनै पनि जन समर्थनप्राप्त क्रान्तिकारी विद्रोह सैनिक दमनबाट पूर्णतः दबित भएको र सिद्धिएको विश्वमा कुनै उदाहरण भेटिन्न । कांग्रेस स्वयंले थालेको सशस्त्र विद्रोहमाथि राज्यको वा पञ्चायती सेनाको भीषण दमन हुँदा कांग्रेसी शक्ति पूरै स्वाहा भएको भए आज कांग्रेस सिंहदरबारमा कदापि हुने थिएन । कांग्रेसको आफ्नै जीवन्त इतिहासको यो ज्वलन्त उदाहरणलाई ५-१० वर्ष सिंहदरवारको घुम्ने कुर्सीमा फन्को मार्नेबित्तिकै नेपाली कांग्रेसले यति छिट्टै कसरी बिर्सन सकेको होला ? छिमेकी देशमै नियाल्ने हो भने, न त च्याङ काई सेकको विशाल अत्याधुनिक सेनाले तुलनात्मक रूपले निकै सानो माओको लाल सेनालाई स्वाहा र परास्त गर्न सक्यो, न बेलायतको भीमकाय अत्याधुनिक सेनाले भारतीय स्वतन्त्रता संग्रामका सानो, पछौटे, लडाकू शक्तिलाई नै स्वाहा पार्न सक्यो । आफैंले देखेको, भोगेको जीवनको यो इतिहासलाई कांग्रेसले कसरी यति चाँडो बिर्सन सकेको होला ?

> *विगतमा कांग्रेसी सरकारको बारम्बारको नृशंस दमनका कारणले नै मारिनेहरूका आफन्तजन धेरै संख्यामा माओवादी विद्रोही सेनामा थपिएका हुन् ।*

दमनले क्रान्तिकारी विद्रोह सिद्धिने होइन, परिस्कृत र विस्तारित मात्र बन्छ । एउटा विद्रोही सैनिक भीषण दमनबाट मारिँदा रगतको बदला लिनको लागि उसका दश आफन्तहरू नयाँ सैनिक भएर विद्रोही सेनामा थपिन्छन् । विगतमा कांग्रेसी सरकारको बारम्बारको नृशंस दमनका कारणले नै मारिनेहरूका आफन्तजन धेरै संख्यामा माओवादी विद्रोही सेनामा थपिएका हुन् । अबको सैनिक र अर्ध सैनिक बलको दमनले पनि ठूलो पैमानामा यही परिणाम पैदा गर्ने देखिन्छ । परन्तु, हिंसा प्रतिहिंसाको यो क्रममा मारिनेहरू त नेपाली जनता नै हुनेछन्, स्वाहा हुने त नेपाली जनताले ६०-७० वर्ष लडेर ल्याएका प्रजातान्त्रिक हकहरू नै हुनेछन् । र, नेपाल बाँचिनसक्नुको फाशिवादी राज्यमा बदलिनेछ । वा, नेपालमा धमिलो पानीमा माछा मार्ने सैन्य शासनको कालो युगको प्रारम्भ हुनेछ ।

तसर्थ, कुनै पनि हालतमा क्रान्तिकारी विद्रोहमा उत्रेका नेपाली जनताविरुद्ध सेनाको परिचालन हुनुहुँदैन । सार्वभौम नेपाली जनताविरुद्ध नै बन्दुक तेर्स्याउन नेपाली सेनाको निर्माण कदापि भएको होइन । अराष्ट्रिय विदेशी दुश्मनलाई तह लाउन निर्माण गरिएको सेनालाई शोषणबाट मुक्ति, न्याय र जीविका खोजेका राष्ट्रिय शक्तिमाथि र जनतामाथि प्रयोग गर्नु अक्षम्य अपराध हो ।

माओवादीले यतिबेला सर्वपक्षीय सम्वाद, सम्मेलन र जनसंविधान खोजिरहेछन्, यसको प्रत्युत्तरमा सैन्य बल वा अर्ध सैन्य बलको परिचालन होइन । एउटा गिरिजा कोइरालाको प्रधानमन्त्रीको कुर्सीमाथिको अपार मोहलाई जोगाउन र उनको व्यक्तिगत अहंकार तुष्टि गर्न सिंगो प्रजातन्त्रलाई बली चढाउने र देशलाई अनन्त गृहयुद्धमा धकेल्ने काम नेपाली कांग्रेसले गर्नु भएन । यदि नेपाली कांग्रेसमा प्रजातन्त्र र सामाजिक न्यायप्रति चिन्तित जिउँदा मान्छे थोरै पनि छन् भने पनि गिरिजा कोइरालाको विकल्प खोज्नु पर्‍यो, र अहिलेको संकटको त्यस्तो निकास खोज्नु पर्‍यो, जसले माओवादी विद्रोहको जरो कारणसम्म जाने काम गर्छ, विद्रोहलाई जरोमै हल गर्ने प्रयत्न गर्छ, परन्तु त्यो गर्दा प्रजातान्त्रिक हकहरू भर्सेलामा पर्दैनन् । ❑



प्रधानमन्त्रीको राष्ट्रव्यापी सम्बोधन

# संकट निवारणमुखी कम, संकट बृद्धिमुखी ज्यादा

- प्रतिमान श्रेष्ठ -

**वै**शाख ३ गते साँझ सम्पूर्ण देशवासीका नाममा टेलिभिजन र रेडियोबाट सम्बोधन गर्दै प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले माओवादी र सम्पूर्ण वाम विपक्षका नाममा एकसाथ चेतावनीपूर्ण धम्की दिनुभएको छ ।

माओवादीलाई उहाँले या त आफ्ना सारा हातहतियार र बम, गोलीगठ्ठा सरकारलाई सुम्पने या कानून बमोजिमको दण्ड भोग्ने र निशस्त्र पार्ने नियति व्यहोर्ने धम्कीपूर्ण चेतावनी दिनुभएको छ । भ्रष्टाचारमा संलग्न भनी प्रधानमन्त्री पदबाट कोइरालाको राजीनामाको माग गर्दै सडकमा संघर्षरत सम्पूर्ण छ वाम विपक्षलाई उहाँले 'देश संकटमुक्त हुने दिशातिर अग्रसर नभएसम्म आफू पदमा रहिरहने' र 'देशको संकटको बेलामा पनि नचेत्ने र आत्मकेन्द्रित हुने विपक्षीको व्यवहार क्षम्य नहुने' चेतावनी दिनुभएको छ ।

प्रधानमन्त्रीको यो धम्कीपूर्ण वक्तव्यले आगामी समय भीषण संघर्षले भरिपूर्ण हुने छाँटकाँट देखाएको छ ।

प्रधानमन्त्रीले देश संकटमुक्त हुने दिशातर्फ अग्रसर भएपछि मात्र आफूले राजनीतिक विश्राम लिने कुरा बताउनुभएको छ । यथार्थ के हो भने, देश यति भयावह संकटमा फँस्नुको एउटा मुख्य कारण नै कांग्रेसमा गिरिजा कोइरालाको असक्षम, भ्रष्ट र दिशाविहीन नेतृत्व हो । बहुदल आएपछिको ११ वर्षमा ९ वर्ष कांग्रेसले नै शासन गरेको छ र त्यो ९ वर्षमा अधिकांश समय गिरिजा कोइरालाकै शासन रहिआएको छ । गिरिजा कोइराला सत्तारुढ नभएको बेलामा कांग्रेसकै सत्ता हुँदा पनि त्यसलाई समेत संकटग्रस्त र धराशायी पार्ने काम गिरिजा कोइरालाबाटै भई आएको छ ।

शान्तिपूर्ण सडक संघर्षमाथि राज्यहिंसा प्रयोग गरेर ७ वर्षको बालक र झ्यालमा बसेकी कांग्रेसी शिक्षिकासमेतलाई मार्ने व्यक्ति-हत्याको राजनीति प्र.मं. गिरिजा कोइरालाबाटै शुरु भएको हो । प्र.मं. कोइरालाको पहिलो तीन वर्षे शासन कालमा त्यति धेरै निहत्था निर्दोष नागरिक मारिए, जति पंचायतको ३० वर्षे तानाशाही कालमा समेत मारिएका थिएनन् । संसदमा आइसकेका क्रान्तिकारी कम्युनिष्ट शक्तिलाई यही नृशंस राज्य दमन, कांग्रेसी गुण्डागर्दी र व्यक्तिहत्याको प्रक्रियाले जंगलमा पठाउने कार्य गरेको हो । माओवादी विद्रोहको स्रष्टा यही नृशंस दमन, गुण्डागर्दी र व्यक्तिहत्या हो । गिरिजाकै नेतृत्वमा ४२ प्रतिशत जनता गरिबीको रेखामुनि भएको देश १० वर्षमा नै ५१ प्रतिशत जनता गरिबीको रेखामुनि हुने स्थितिमा पुगेको हो । गिरिजाकै अगुवाइमा २०४६ सालमा ३७ अरब मात्र विदेशी ऋण भएको देश नेपाल अहिले १९२ अरब रुपैयाँ विदेशी ऋण हुने स्थितिमा पुगेको हो । नाफामा चलिरहेका र मित्रराष्ट्रले नेपालको आत्मनिर्भरताको लागि सदाशयपूर्वक बनाइदिएका बहुमूल्य कलकारखानाहरु कमीशनको लोभमा कौडीको भाउमा निजी नाफाखोर व्यापारीलाई बेचेरै निजीकरण गर्ने प्रक्रियाको थालनी पनि गिरिजाकै नेतृत्वमा भएको हो । उदारीकरणको कारणले भन्सार महशूल दर भसक्कै घट्नाले राष्ट्रिय उद्योग धन्दा धमाधम धराशायी भएर २०४६ सालमा ३ प्रतिशत बेरोजगारी दर भएको नेपाल अहिले १४ प्रतिशत बेराजगारी दरमा पुग्नुको मुख्य कारक तत्व पनि गिरिजाकै नेतृत्वले अपनाएको अन्धाधुन्ध उदारीकरणको प्रक्रिया हो ।

नेपालको विजुली महशूल दर विश्व बैंक र एशियाली विकास बैंकले तोकेबमोजिम हुने पराधीन लाजमर्दो स्थितिको थालनी पनि प्र.मं. कोइरालाकै शासन कालमा सन् १९९४ मा भएको विश्व बैंकसितको सम्झौता हो । यही कारणले नेपालको विजुली २०४६ सालको प्रति यूनीट रु. १।४० बाट अहिले विश्वकै सबभन्दा महँगोमध्ये एक प्रति यूनीट रु. ६।३२ हुन पुगेको हो । जबकि अमेरिकामा समेत अहिले प्रति यूनीट बिजुलीको रु. ४।७१ मात्र पर्छ । नेपालको किसानलाई नभइनहुने विदेशी रासायनिक मलमा ३०० प्रतिशतभन्दा ज्यादा भाउ बढाएर किसानको ढाड भाँच्ने कामको थालनी पनि गिरिजाकै अगुवाइमा राज्यले कृषिमा दिई आएको अनुदान हटाउने भन्ने विदेशी दबाबमा लिइएको कदम अन्तर्गत भएको हो, कृषकले राज्यबाट खास प्रोत्साहन, क्रान्तिकारी सुधार र सुविधा केही नपाउनाले नै २०३८ देखि २०४७ सालसम्म ४.६ प्रतिशत बृद्धिदर रहेको कृषि उत्पादन बहुदल आएको १० वर्षमा आधा नै अर्थात् २.२ प्रतिशतमा झर्न पुगेको हो । यो हासको मुख्य कारक पनि प्र.मं. गिरिजाकै किसानमारा नीति हो ।

त्यसैले, देशको अहिलेको चौतर्फी बर्बादी र संकटको मुख्य कारक नेपाली कांग्रेस र कांग्रेसमा पनि प्र.मं. गिरिजाप्रसाद कोइरालाको भ्रष्ट, असक्षम र भिजनविहीन नेतृत्व हो । हाम्रो प्रश्न के हो भने, प्र.मं. कोइरालामा यो संकटको दायित्व लिने नैतिक हिम्मत खोई ? चौतर्फी चरम संकट आफैं पैदा गर्ने, परन्तु त्यस संकटको नैतिक दायित्व पटक्कै नलिने, अनि संकट निवारणतर्फ देश अघि नबढेसम्म म राजीनामा दिन्न भन्ने ! यसको तात्पर्य के हो ?

*४.६ प्रतिशत बृद्धिदर रहेको कृषि उत्पादन बहुदल आएको १० वर्षमा आधा नै झर्न पुगेको हासको मुख्य कारक पनि प्र.मं. गिरिजाकै किसानमारा नीति हो*

यसको तात्पर्य त, तिमीहरु जेसुकै गर वा भन, म अहिलेसम्म जे गर्दै आएको छु- त्यही गर्छु, परन्तु त्यसको नैतिक दायित्व पनि स्वीकार्दिन र ज्यान गए पनि कुर्सी छोड्दिन हो ।

अहिलेको मुख्य प्रश्न के हो भने, कुनै पनि प्रजातन्त्रमा देश यत्ति बर्बाद र संकटग्रस्त भएपछि, त्यसको मुख्य कारक नेताले त्यसको नैतिक दायित्व स्वीकार्नु पर्छ कि पर्दैन ? नैतिक दायित्व स्वीकारेपछि कुर्सी छोड्नु पर्छ कि पर्दैन ? जसको नेतृत्वको कारणले देश यति संकटग्रस्त भएको हो, उसले म ज्यान गए पनि कुर्सी छोड्दिन भनेर हठ गर्नु मिल्छ कि मिल्दैन ?

प्र.मं. को वैशाख ३ को वक्तव्यको मूल दोष र सीमा नै के हो भने, त्यो पटक्कै आत्मालोचक छैन । त्यो संकटको नैतिक दायित्व बहन गर्न र जरोमा हलतर्फ उन्मुख नै छैन । त्यो चुनौतीमुखी, झडपमुखी र भीडन्तमुखी छ । त्यो अरुमुखी छ, आफूमुखी छैन । सबै बिग्रेको अरुले गर्दा हो । म त ठीकठाक छु, त्यसैले अरुहरु ठीक ठाक होऊन्, अरु सप्रिउन्, अरुले आफ्नो संघर्ष र कामको दिशा बदलून, म जेजस्तो छु- त्यस्तै रही रहन्छु, म जे गर्दैछु, त्यही गरिरहन्छु - प्रधानमन्त्रीको संबोधनको मूल सन्देश यस्तो देखिन्छ । यस अर्थमा संबोधन एकदमै यथास्थितिवादी र प्रतिक्रियावादी छ ।

मूल दोषीले यस्तो जिद्दी लिएपछि, उसले गल्ती कमजोरीको दायित्व नै नलिएपछि, उल्टो गल्ती औंल्याउने विपक्षलाई धम्की र चेतावनी दिएपछि – अहिले भइरहेभन्दा ठूलो झडप त हुन्छ नै । संघर्ष ज्यादै निर्मम र भीषण त हुन्छ नै । नेपाल अहिले त्यही दिशातर्फ उन्मुख हुँदैछ । गिरिजा कोइरालाको हतियार सुम्पने, नत्र दण्ड व्यहोर्ने र वाम विपक्षहरुको माग र विरोध क्षम्य नहुने एउटा धम्कीको भरमा न त माओवादी समस्या सुल्झनेवाला छ, न ६ वामको सडक संघर्ष रोकिनेवाला छ ।

राजीनामा माग गरिरहेका संघर्षरत ६ वामले पनि केवल लाउडा काण्डमा मात्र सीमित हुनुहुन्न भन्ने मलाई लागिरहेछ । गिरिजाका गत १०/१० वर्षका सारा काला कर्तुतहरु जनसमक्ष ल्याउनु जरुरी छ । खालि लाउडा काण्ड होइन, जनताको जीवनसित प्रत्यक्ष सम्बन्ध भएका गिरिजाका अन्य सबै करतुतहरु समेत राजीनामासित जोड्नु जरुरी छ । व्यक्ति गिरिजाप्रसादको होइन, गिरिजा प्रवृत्तिको विरोध हुनु जरुरी छ । आफ्नो व्यक्तिगत, गुटगत वा सत्तागत फाइदाको लागि जे पनि गर्न तयार हुने, त्यसका लागि सिंगै राष्ट्र, प्रजातन्त्र, पार्टी र जनताको हितसमेत बलीमा चढाउन तयार हुने, कमीशन र कुर्सी स्वार्थको लागि विदेशी शक्तिको ताबेदारी गर्न समेत तयार हुने, 'सिद्धान्त, आदर्श गोली मारो, पद र पैसा जिन्दावाद' गर्ने प्रवृत्ति नै सारमा गिरिजा प्रवृत्ति हो । विरोध यो प्रवृत्तिको हुनुपर्‍यो । गिरिजाको पछिल्लो संवोधनमा पनि यही प्रवृत्ति नै सबभन्दा राम्ररी उदांगो भएको छ । ❑

◀ घटना र प्रवृत्ति





## पहिलो, दोस्रो वा तेस्रो पुस्ताः सबैथरि कांग्रेसको अभिष्ट के ?

# अवरूद्ध संसद र सडक अनि गिरिजाको हठ


शुरू भएको ५७ दिनसम्म पनि एकपटक पनि कुनै पनि जरूरी विषयमा छलफल नगरिकनै र विपक्षीहरूद्वारा बहिष्कार भएरै संसदको उन्नाइसौं अधिवेशन रोकिएपछि घटनाक्रम वैशाख ३ र ४ गते प्रमुख प्रतिपक्षी दलका नेतालगायतका थुप्रै वाम नेता-कार्यकर्ताको गिरफ्तारीसम्म पुगेर तनाव-ग्रस्त हुन पुगेको छ । शाही नेपाल वायुसेवा निगमको लाउडा विमान खरिद प्रकरणमा भएको भ्रष्टाचारमा प्र.मं.को प्रत्यक्ष सहभागिताको आरोपसहित उहाँको राजीनामा प्राप्त नभई संसद चल्न नदिने प्रतिपक्षीहरूको अडानमा नेपाल सद्भावना पार्टीले मात्र साथ दिएको थिएन । तीन हप्तापछि आएर यो पार्टीले पनि 'एक्लै केही गर्न नसकिने र प्र.मं.ले उचित निकास खोज्न नसकेको' विचार व्यक्त गर्दै सदन बहिष्कार गर्न थालेको थियो । सम्पूर्ण प्रतिपक्षको यो अडानप्रति कांग्रेसभित्रको असन्तुष्ट पक्ष- देउवा पक्षको परोक्ष सहानुभूति रहँदै आएको थियो । तर रूकुमकोट, दोलखा र दैलेखमा ने.क.पा. माओवादीले गरेको ठूलो प्रहारको घटनापछि गिरिजापक्षले आफ्नो पार्टीभित्रका यी विपक्षीहरूलाई 'अप्ठेरोमा पर्दा पनि साथ नदिने' बैगुनी ठहऱ्याउने मनोवैज्ञानिक दबाव पर्न गई देउवा गुटको स्वर हाल आएर केही गल्न पुगेको छ ।

तर ने.क.पा. माओवादीको यो 'छलांग'युक्त प्रहारले कांग्रेसी वृत्तमा जत्ति एकता बढ्नु स्वाभाविक थियो, त्यतिचाहिँ बढ्न नसकेको विश्लेषण कांग्रेसी बौद्धिकहरू स्वयंले गरेका छन् । चैत्र २७ गते गिरिजा-भट्टराई संयुक्त रूपमा उपस्थित भई काठमाडौंमा आमसभा गर्न गिरिजा गुटले गरेको तयारी भट्टराईको असहयोग र ठाडो असहमतिका कारण रद्द हुन पुग्नुले यो कुराको पुष्टि गरेको छ । तर यति हुँदाहुँदै पनि आमसभा रद्द गरी त्यसको सट्टामा बोलाइएको ने.का. केन्द्रिय समितिको बैठकलाई भने 'माओवादी प्रहारको हौवा' देखाएर गिरिजा गुटले आफ्नो सजिलोका लागि प्रयोग गर्ने सफलता पायो । कारण, यो बैठकलाई गिरिजा गुटले कथित 'एकीकृत सुरक्षा र विकास' को नाम जोडेर प्रस्तुत गरिएको सशस्त्र प्रहरी बल स्थापनाको दोस्रो अध्यादेशप्रति दृढ सहमति प्राप्त गर्नमा उपयोग गऱ्यो ।

नेपाली कांग्रेसभित्रको असन्तुष्ट पक्षका नेता शेरबहादुर देउवाले आफ्नै पंक्तिका मित्रहरूमा गिरिजाविरूद्ध अन्तिम समयसम्म लड्ने मनोबल नदेखेर आक्रमक मुद्रा धारण गर्न सकिरहेका थिएनन् । उनीसँग गिरिजालाई संसदीय दलको नेता पदबाटै हटाउने वा संसदबाटै अविश्वासको प्रस्तावमार्फत् प्र.मं. पदबाट हटाउने 'वैधानिक बाटो'मा चल्ने साहस नभएकोले उनी भट्टराईको धम्की र प्रतिपक्षको विरोधको वैशाखी टेकेरमात्र उभिएका थिए । "नैतिकताको आधारमा" आफ्ना मातहतका नागरिक उड्डयन मन्त्री तारिणीदत्त चटौतले राजीनामा दिए पनि वा राष्ट्र बैंकमा पहिले आफैंले हटाएका तिलक रावललाई गभर्नर बनाउन अदालतले मुद्दा जिताएकोमा रक्षामन्त्री महेश आचार्यले नैतिकताको आधारमा राजीनामा दिए पनि गिरिजाप्रसाद भने 'नैतिकता'को पक्षमा उभिएनन् । उल्टो, उनी आफ्नो मातहतको अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा लाउडा प्रकरण 'विचारधीन रहेकोले' र 'यसले दोषी ठहऱ्याएमा म एक मिनेट पनि प्र.मं. पदमा बस्दिनँ' भनेर आमजनतालाई 'लाटो' वा धेरै हदमा 'मूर्ख' नै साबित गर्दैछन् ।

उता संसदमा प्र.मं.को राजीनामाको लागि लगातार संसद अवरोध गरेका ने.क.पा. एमालेलगायतका प्रतिपक्षीहरूले अब सडक-संघर्ष अघि बढाइरहेका छन् । ने.क.पा. एमाले, ने.म.कि.पा., रा.ज.मो., सं.ज.मो., संयुक्त र एकताकेन्द्रले काठमाडौंमा पुतला जलाउनेदेखि लिएर विभिन्न खाले जन-प्रदर्शनहरूको आयोजना गरिसकेका छन् । एमालेले खुलामंचमा ठूलो आमसभा र जुलूस प्रदर्शन गरेको छ । यिनै ६ वाम पार्टीहरूले गिरिजाको राजीनामा नआएसम्म सिंहदरबारमा निजलाई छिर्न नदिने अनिश्चितकालसम्मको घेराउ, छेका वा निरन्तर धर्ना कार्यक्रम तय गरी कार्यान्वयन गर्न थाल्दा ३ र ४ गते बिहान ७ बजे नै सरकारले सडकमा उत्रेका सम्पूर्ण नेता र सांसदहरूलाई पक्राउ गरी थुनामा राख्यो । ३ गते काठमाडौं रत्नपार्क चोक र पुतली सडक चोकमा दर्जनौं पटक अश्रुग्याँस छोड्यो र ठूलो आतंकको स्थिति

*ने.क.पा. माओवादीको यो 'छलांग'युक्त प्रहारले कांग्रेसी वृत्तमा जत्ति एकता बढ्नु स्वाभाविक थियो, त्यतिचाहिँ बढ्न नसकेको विश्लेषण कांग्रेसी बौद्धिकहरू स्वयंले गरेका छन्*



भोटाहिटी रत्नपार्कमा सडकमा धर्ना दिंदै ६ वामका नेताहरु । (फोटो : एबिसी फोटोज)

सृजना गऱ्यो । दमकलद्वारा पानीको फोहरासमेत छोडेर र अत्यन्त ठूलो संख्यामा प्रहरीबल सडकमा उतारेर सरकारले आफ्नो फासीवादी चरित्र प्रदर्शन गर्न कुनै कसूर बाँकी राखेन । प्रतिकृयास्वरूप सडकमा उपस्थित जनसमुदायले टायर बाल्ने, सडक छेउका फलामे बारहरू भत्काएर सडक छेक्ने, प्रहरीमाथि ढुंगामुढा गर्ने काम पनि गऱ्यो । ४ गते त क. लिलामणि पोखरेल र क. बुद्धिकुमार गोसाईंलाई हात र टाउकोमा लाठी प्रहार समेत गरियो । माधवकुमार नेपाल, खड्गप्रसाद ओली, चित्र ब. के.सी., अमिक शेरचन, नवराज सुवेदी लगायत दर्जनौं नेताहरूलाई फत्राउ गरियो । प्रतिकृयास्वरूप आम जनता सडकमा तोडफोड र आगजनीमा समेत उत्रेको छ । यसले गर्दा यतिखेर आम जनतामा थप आक्रोश पैदा भएको छ ।

यसरी गिरिजाप्रसादको हठको कारण मुलुक पुनः गम्भीर मुठभेडको संघारमा उभिन पुगेको छ । लाउडा प्रकरणमा प्रतिपक्षलाई गिरिजा सरकारले कुनै चित्तबुझ्दो जवाफ दिन सक्नु त परै रह्यो, लाउडा-विमान खरिदको अनावश्यक बोझका कारण शाही नेपाल वायुसेवा निगम दैनिक रूपमा करीब १७ लाख रूपियाँ बराबरको घाटामा फस्न थालेको स्थितिलाई सुधार्नसम्म पनि यसले रत्तिभर पनि चिन्ता र चासो देखाउन सकेको छैन । निगमका कर्मचारीहरूले तलब खानसमेत नपाउने स्थिति विकास हुँदै गइरहेको दृश्य टुलुटुलु हेरेर गिरिजाप्रसाद लाठीको भरमा 'सडक खुलाएर' 'सिंहदरबार प्रवेश गरेरै छोड्ने' बहादुरी देखाइरहेका छन् ।

वास्तवमा, यतिखेर देश गिरिजाप्रसादको कुर्सीमोह र नालायकीको शिकार भैरहेको छ नराम्ररी । संसदमा स्पष्ट बहुमत प्राप्त पार्टीको हैसियतले सरकार चलाउने पटक पटकको अवसर पाउँदा पनि नेपाली कांग्रेसले जनताको पक्षमा उल्लेखनीय एउटै पनि काम गर्न नसक्नुमा गिरिजाको यो कुर्सीमोह र हठ, भट्टराईको सतहीपना र गैर जिम्मेवार व्यवहारको भूमिका ठूलै रहेको छ । तर वृद्ध नेताहरूका यी सीमाहरूको अर्थमा मात्र नेपाली कांग्रेसको नालायकीपनलाई बुझ्नुचाहिँ ठीक हुन्न । नेपाली कांग्रेसको कुर्सी मोहले ग्रस्त 'मझ्यौला कद'को दोस्रो पुस्ता र व्यक्तिगत स्वार्थबाहेक अरू थोक केही नदेख्ने अघोषित 'तेस्रो पुस्ता' : यी सबै नालायकीपनका उत्तिकै भागीदार छन् । दोस्रो पुस्ता घुर्की, भट्टराईको दौराको फेरसमाइ र 'झर्ला र खाउँला' को आधारमा 'आँ' मुख बाइरहेको छ भने तेस्रो पुस्ता त राजनीतिक रूपमा कुहिराको काग भएर, व्यवहारमा पंचायती मण्डले संस्कृतिको बाहक भएर र जीवनमा नेताका दासानुदासजस्ता भएर अवसरहरूको भोकले भौतारिएर हिँडिरहेको छ ।

यस्तो स्थितिमा ने.कां. पार्टीको घोषित नीति 'प्रजातान्त्रिक समाजवाद' पूर्णतः बेवारिस भएको छ । स्पेश टाइम नेटवर्कको टेलिभिजन प्रसारणको अनुमति आफूले रोक्का गरेकोमा अर्को मन्त्रीले प्रतिबन्ध फुकुवा गरेको कारण मन्त्री पदबाट राजीनामा दिन कांग्रेसी युवा नेता 'जयप्रकाश गुप्ता'हरू तयार छन्, तिलक रावल नामक व्यक्तिलाई अदालतले पुनर्बहाली गरायो भन्दैमा तुरुन्त राजीनामा दिन 'वरिष्ट युवा कांग्रेसी' महेश आचार्य तयार छन्, तर पार्टीको घोषित नीतिका विपरीत काम भएकोमा चुँ आवाजसम्म उठाउन कोही तयार छैनन् । जनताले राहतको नाममा 'र' पनि नपाएको लाजमर्दो स्थिति देखेर कुनै कांग्रेसीको पनि 'नैतिकता' जाग्दैन । संस्थानहरूलाई सपार्न अलिकति पनि प्रयत्न नगर्ने तर कमीसन खाने लोभले तिनीहरूलाई नीजिकरण गर्न भने आतुर हुने गर्छन् उनीहरू । नदी-नाला र प्राकृतिक स्रोतमा विदेशीहरूलाई निर्वाध रूपले चर्न दिने 'दलाल'को भूमिकाबाहेक आफ्नो पार्टीले ०४६ पछिको यो एघार वर्षमा अरू केही पनि नगरेको देखेर कुनै कांग्रेसी पनि चिन्तित छैन । माओवादी विद्रोहको जग आफ्नो पार्टीको नालायकी हो भन्ने सत्यलाई स्वीकार्न तयार छैनन् कोही पनि कांग्रेसीहरू, बरू हेलिकोप्टर भाडा र हतियार खरिद, रासन र ओभरटाइम भत्ताका 'भाग शान्ति'को निम्ति र्‍याल चुहाइरहेका छन् उनीहरू ।

यस स्थितिमा, २०४६ सालमा नेपाली जनताले गरेको बलिदान र अपेक्षाहरूलाई निर्लज्जतापूर्वक कुल्चेर अघि बढ्ने 'खल-पात्र'को भूमिका निर्वाह गरिरहेका वर्तमान कांग्रेसीहरूको झुण्डको नेतृत्व गरिरहेका गिरिजाप्रसादको हठका कारण मुलुक अरू बर्बादी र अशान्तितिर धकेलिने निश्चित छ । नैतिक, राजनैतिक बल बाँकी नरहेको स्थितिमा विदेशीहरूलाई आफ्नो देशको आन्तरिक मामलामा हस्तक्षेप गराएर र सेनामार्फत् दरबारलाई हावी हुन दिएर गिरिजाको नेतृत्वमा नेपाली कांग्रेसले मुलुकलाई र प्राप्त प्रजातन्त्रलाई स्वाहा पार्ने क्रमलाई अरू तीव्र बनाउने छाँट प्रस्टै देखिएको छ । आमजनता र वामप्रतिपक्षीहरूले सजग र एकत्रित हुने बाटो नअपनाउने हो भने यो क्रम निर्वाध रूपमा चालू रहने निश्चित छ । ❑

*- हरिगोविन्द लुईंटेल*



# सर्वपक्षीय भेलाका लागि पहल

सरकार र माओवादीबीच विगत ५ वर्षदेखि चलिरहेको हिंसात्मक द्वन्द्वको सही समाधान संवाद र सहमतिको माध्यमबाट खोज्नका लागि सर्वपक्षीय भेलाको आयोजना गर्न मानवअधिकारवादी तथा वामपन्थी नेता पद्मरत्न तुलाधर र पूर्व सभामुख दमननाथ ढुंगानाको सह-संयोजकत्वमा क्रियाशील 'प्रजातान्त्रिक अधिकार जोगाऔं आन्दोलन'ले पहलकदमी लिन थालेको छ ।



दमननाथ ढुंगाना



पद्मरत्न तुलाधर

सैन्य परिचालन विद्यमान समस्या समाधान गर्ने सही बाटो किमार्थ होइन भन्ने दृढ धारणा प्रस्तुत गर्दै 'प्रजातान्त्रिक अधिकार जोगाऔं आन्दोलन'ले प्रजातान्त्रिक संवादका लागि सर्वपक्षीय भेला अयोजना गर्न थाल्ने क्रममा विभिन्न पेशागत संघ-संस्थाहरू, कला-साहित्य-संस्कृतिसँग सम्बन्धित संगठनहरू, पत्रकार, बुद्धिजीवीलगायत राजनैतिक पार्टीहरूसँग पत्राचार गर्ने, सर-सल्लाह गर्ने र अन्तर्क्रियाहरू गर्ने निर्णय गरेको छ ।

आन्दोलनको यो पहल त्यतिखेर भइरहेको छ, जब गिरिजाप्रसाद कोइरालाको कांग्रेसी सरकारले सशस्त्र प्रहरी बल र सेना परिचालनद्वारा माओवादी जनयुद्ध दबाउने नाममा सम्पूर्ण प्रजातान्त्रिक हक-अधिकार नष्ट गर्ने र देशलाई थप हिंसा, असुरक्षा र अराजकतातिर धकेल्ने दुस्साहस गर्दैछ । यस्तो स्थितिमा आन्दोलको यो पहलपछाडि प्रजातान्त्रिक संवादका पक्षधर सबै वामपन्थी, प्रजातान्त्रिक व्यक्ति र शक्तिहरू एकजूट हुने र हिंसा, असुरक्षा र अराजकताको दिशातर्फ देश र समाजलाई धकेल्ने भयावह खतरालाई रोक्ने कार्यमा तिनीहरू सबै क्रियाशील हुने संभावना टड्कारो रूपमा देखिन थालेको छ ।

कुनै शक्ति वा पार्टी विशेषको मतान्धताभन्दा माथि उठेर प्रजातान्त्रिक अधिकारहरू जोगाउन जन-जागृति तथा संवादका माध्यमले क्रियाशील यस आन्दोलनको आयोजनामा हुने सर्वपक्षीय भेलालाई सबैजसो राजनैतिक व्यक्ति र शक्तिहरूका साथै बौद्धिक, पेशागत र सांस्कृतिक संघ-संस्थाहरूले बलियो टेवा दिने कुरामा बलिया आधारहरू देखा परेका छन् ।

नागरिक समाजका विविध विचार-प्रवृत्तिहरूको संगमस्थलका रूपमा गठित यो आन्दोलन विगत ४ वर्ष अगाडिदेखि प्रजातान्त्रिक अधिकारहरूको संरक्षण र सम्बर्द्धन गर्ने पुनीत कार्यप्रति मन, वचन र कर्मले प्रतिबद्ध भई क्रियाशील रहँदै आइरहेको छ । तत्कालीन प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा रहेको गठबन्धन सरकारले आतंकवादविरोधी विधेयक जस्तो अप्रजातान्त्रिक चरित्रको दस्तावेज तर्जुमा गर्न खोज्दा त्यसलाई निस्तेज तुल्याउनका लागि भएको संघर्षको क्रममा यो आन्दोलनको जन्म भएको थियो ।

२०५४ साल श्रावणमा पद्मरत्न तुलाधर र दमननाथ ढुंगानाको संयुक्त संयोजकत्वमा गठित यस आन्दोलनमा डा. मथुराप्रसाद श्रेष्ठ, दीपक ज्ञवाली, कपिल श्रेष्ठ, श्याम श्रेष्ठ, गंगा कसजु, सुशीलचन्द्र अमात्य, सुशील प्याकुरेल, नन्दकुमार थापा, कल्याणदेव भट्टराई, सुरेश आले मगर, परशुराम तामाङ्ग, गोपाल शिवाकोटी चिन्तन, गौरी प्रधान र खगेन्द्र संग्रौलाको सम्बद्धता रहेको छ । ❑

# बुशको आक्रामक विदेश नीतिविरुद्ध चीनको प्रतिरोध


## चीन र अमेरिकाबीच टक्कर

चैत्र १९ गते अमेरिकाको विशाल जासूसी विमान दक्षिण चीन सागरमाथि एउटा चिनियाँ लडाकू विमानसँग ठोक्किएपछि अप्रत्याशित रूपमा अक्काशिएको चीन र अमेरिकाबीचको कूटनीतिक टक्कर अहिलेसम्म साम्य भएको देखिएको छैन ।

आफ्नो EP-3 नामक जासूसी विमानले चीनको हवाई सीमा उल्लंघन गरेको र दुर्घटनामा चिनियाँ लडाकू विमानका पाइलटको मृत्यु भएको सन्दर्भमा अमेरिकाले दुई पटक खेद व्यक्त गरी पत्र लेखेपछि मात्रै विमानको चालक दलका २४ जना अमेरिकी सदस्यहरूलाई चीनद्वारा रिहा गरिएको छ । र, चीनद्वारा जफत गरी छानबीन गर्ने क्रममा हाइनान द्वीपस्थित चिनियाँ हवाई सैनिक अड्डाभित्र राखिएको अमेरिकी जासूसी विमान कहिले-कसरी फिर्ता दिने भन्ने सवालमा दुई देशबीच टक्कर चलिरहेको छ ।

दुईवटा विमान ठोक्किएको लगत्तै आफ्नो गल्ती स्वीकार्दै खेद व्यक्त गरिएको भए छिट्टै र सजिलै हल हुने समस्यालाई पनि बुश प्रशासनले आक्रामक ढंगले चर्काएपछि यो समस्या झन्झन् जटिल बनेको थियो । क्लिन्टन प्रशासनलाई नरम विदेश नीति लिएको आरोप लगाउने बुश प्रशासनले जब जासूसी विमान काण्डलाई आफ्नो कडा र आक्रामक छवि बनाउने नियतले चीनको जायज मागलाई समेत बेवास्ता गर्‍यो, जब चीन र चिनियाँ पाइलटलाई नै दोषी ठहर्‍याउने, चीनको न्यायोचित प्रतिक्रियालाई हाँसोमा उडाउने हदसम्म आलोचना गर्दै दादागिरी प्रदर्शन गर्ने क्रम अगाडि बढायो, तब उसको हिटलरी शैलीको आक्रामक रवैयाले चीनको कडा प्रतिरोधको सामना गर्नुपर्‍यो ।

समाजवादलाई छोड्दै गइरहेको चीन अहिलेको संसारको एकमात्र महाशक्तिराष्ट्र, घमण्डले चूर भएको अमेरिकाको दादागिरी चूपचाप सहने हदसम्मको निरीह, असहाय र प्रतिरोध क्षमताविहीन भैसकेको चाहिँ छैन । अतः चीनले अमेरिकी दादागिरीलाई घुँडा टेकाउन



*दुईवटा विमान ठोक्किएको लगत्तै आफ्नो गल्ती स्वीकार्दै खेद व्यक्त गरिएको भए छिट्टै र सजिलै हल हुने समस्यालाई पनि बुश प्रशासनले आक्रामक ढंगले चर्काएपछि यो समस्या झन्झन् जटिल बनेको थियो ।*

आफ्नो राष्ट्रिय स्वतन्त्रता, स्वायत्तता र स्वाभिमान एवं जनसमर्थनको बलमा टिकेको आत्मविश्वाससहित कूटनीतिक ढंगले प्रतिरोध गर्न थाल्यो अनि अमेरिकाले क्षमा नमागेसम्म अमेरिकी जासूसी विमान र त्यसको चालक दलका २४ जना सदस्यहरूलाई रिहा नगर्ने दृढ अडान लियो ।


चीनको कडा प्रतिकारको सामना गरिरहेको बुश प्रशासनको लागि ठूलो घाँडो थियो - आफ्ना चालक दलका २४ जना सदस्यहरू यसरी चीनको कब्जामा हुनु ! उनीहरू चीनमा रहनुको अर्थ होः बुश प्रशासनमाथि अमेरिकी जनताको दवाब बढ्दै जानु । त्यसमाथि जापान र यूरोपेली देशका आफ्ना सहयोगीहरूबाट समेत यस काण्डमा आफूले कुनै समर्थन हासिल गर्न नसक्नु उसको अर्को ठूलो समस्या थियो । तर, कडा र आक्रामक छवि बनाउन आतुर बुश प्रशासनका लागि सबैभन्दा विशाल व्यवधान थियोः बुश प्रशासनलाई टिकाइरहेका दैत्याकार अमेरिकी बहुराष्ट्रिय कम्पनीहरूको चीनको विशाल बजार र सस्तो श्रमसँग जोडिएको स्वार्थ र बुश प्रशासनको चीनलाई चिढ्याउने आक्रामक विदेश नीतिबीच अन्तरविरोध पैदा हुनु ! साँच्चै भन्ने हो भने, लगानी र ब्यापारको नाममा चीनको विशाल बजार र सस्तो श्रमबाट अरबौं अरब डलरको नाफा कुम्ल्याइरहेका दैत्याकार अमेरिकी बहुराष्ट्रिय कम्पनीका मालिकहरूकै दवाबको कारणले बुश प्रशासनले यति छिटो चीनको प्रतिरोधसमक्ष शिर निहुराउनु परेको हो ।

अमेरिकामा राजदूत रहिसकेका इटलीका एक प्रमुख कूटनीतिज्ञले बुशलाई हाँसोमा उडाउँदै भनेका छन्- "यो एउटा अनुभवहीन राष्ट्रपतिको 'अप्रेन्टिशिप' को पहिलो दुर्घटना हो, जो संसारमाथि राज गर्ने सपना त देख्ने गर्छन्, तर उनलाई थाहा भने टेक्सास प्रान्तको बारेमा मात्रै रहेछ !"

संसारमाथि शासन गर्ने मनसुवासहित चीनमाथि गरिएको दादागिरीपछि अन्ततः चीनको कडा प्रतिरोधको अगाडि बुश प्रशासनले धूलो चाट्नु परेको छ । आफ्नो विमान र चालक दलका सदस्यहरूको रिहाइका लागि चीनसमक्ष गिड्गिडाउनु परेको बुश प्रशासनले यो लज्जास्पद हारपछि पनि चीनलाई मानव अधिकार, तिब्बतको स्वतन्त्रता, फालुन गोंगजस्तो धार्मिक कट्टरपन्थीको अधिकारका मुद्दाहरूमा तान्ने चालबाजी गरिरहेको छ ।

इराक र युगोस्लाभियामा जस्तै चीनमा पनि मनपरी दादागिरी मच्चाउन लालायित बुश प्रशासनको साम्राज्यवादी व्यवहारविरूद्ध भइरहेको विश्वव्यापी जनप्रतिरोधलाई चीनको यो टक्कर लिने साहस र कुशलताले निकै सहयोग पुर्‍याएको छ । ❑

*- राजेन्द्र महर्जन*


मानिसहरु विकासको फल कहिले पाक्ला र खाउँला भनेर बाटो हेर्दै दिनदिनै मर्ने गर्दछन्, अनि उनीहरु प्रायजसो विकासको फल आइपुगेपछि त्यस फलको बालीकै शिकार हुने गर्दछन

विकासको नाममा गरिबीको ब्यापार
-मेरी डेशेन-

ईख फेर्न उठ्दैछन दलित

- मरे भनि संझिएका जुरुजुरु उठ्दैछन्
- उत्पीडनको शिकार श्रमिक महिलाहरु
- दलित आन्दोलनको लागि जनसंगठन
- जातीय कट्टरताले बिसे नगर्चीलाई बिर्सन मिल्दैन

दलितसम्बन्धी शरद पौडेल, तिर्थ कोइराला, हिरा विश्वकर्मा र सुसन मास्केको विचार, विश्लेषण र टिप्पणी

- जनजातिको विकास : नेपालको विकास
- शैक्षिक सुधारको लागि जनसहभागिता
- खगेन्द्र संग्रौलाको बकपत्र
- खिनाको खोजीमा कस्तूरीको मृत्यु

विकास
नयाँ अंक देशभर उपलब्ध छ

बर्बरता जहिले पनि संकीर्ण, अन्ध, कट्टर, हिंस्रक र आक्रमक हुन्छ, चाहे त्यो बर्बरता मध्ययुगीन होस् या अत्याधुनिक युगको ! एक्काइसौं शताब्दीका बर्बरका रूपमा देखापरेका अफगानिस्तानका तालिबान शासकहरूको बर्बरता अहिले फेरि एकपटक छताछुल्ल भएको छ । विश्वव्यापी आलोचना, विरोध र दबाबका बाबजूद पनि बामियान प्रान्तका विशाल ऐतिहासिक बुद्ध मूर्तिहरूलगायत सयौं अमूल्य कलाकृतिहरू ध्वस्त गरेर तालिबान

# किन बुद्धका सुन्दर मूर्तिहरू ध्वस्त गरिए ?

- राजेन्द्र महर्जन -



बुद्धको मूर्ति, जसलाई ध्वस्त गरियो

शासकहरूले आधुनिक युगको बर्बरता विश्वसामु प्रदर्शन गरेका छन् ।

तालिबानहरूको यो बर्बरता भनेको अन्धता, संकीर्णता र हिंसाको निर्लज्ज कारवाहीका रूपमा, मानव र मानव इतिहासविरोधी अपराधका रूपमा विश्वव्यापी आलोचनाको शिकार भएको छ । यही बर्बरताकै परिणामस्वरूप शताब्दीयौं शताब्दी अगाडिदेखि अफगानिस्तानलगायत सिंगो विश्वकै प्राचीन गौरवको प्रतीकका रूपमा रहेका बामियान प्रान्तका ५३ र ३८ मीटर अग्ला बुद्धका सुन्दर प्रतिमाहरू र कान्धार, हेरात, गज्नी, जलालाबाद र काबुलस्थित सयौं अमूल्य कलाकृतिहरूसमेत आज इतिहासको खण्डहरमा परिणत भएका छन् ।

नेपालका विश्वविख्यात दार्शनिक बुद्धका विचारहरू भारत, चीन, अफगानिस्तानलगायत मध्य-एशियाली देशहरूमा फैलने क्रममा निर्मित यी विशाल र सुन्दर मूर्ति तथा कलाकृतिहरू अफगानिस्तानमा इस्लाम धर्मको प्रभुत्व हुनथालेदेखि बीसौं वर्ष लामो अत्यन्त हिंसात्मक गृहयुद्धको क्रममा पनि यथावत् रूपमा बचिरहेका थिए । तर इस्लाम धर्मका कट्टर आनुयायीको रूपमा दावी गर्ने 'इस्लाम धर्मका विद्यार्थीहरू'- तालिबानहरूले आफ्नोभन्दा फरक धर्म, भिन्न विचार र अरू धर्मका मूर्तिहरू ध्वस्त गर्ने अभियान छेडेर विगतमा मूर्ति पूजा नगर्ने अत्यन्त सहिष्णु, प्रगतिशील मानिएको इस्लाम धर्मकै घोर अपमान गरेका छन् । त्यसैले पाकिस्तान, बंगलादेश, मलेशिया, इरान, इण्डोनेशियाजस्ता इस्लाम धर्म मान्ने देशहरूले समेत तालिबानहरूको यो बर्बरताको कडा आलोचना गरेका हुन् ।

इस्लाम धर्मको मुकुण्डो लगाएर ताण्डव नृत्य गरिरहेको यो एक्काइसौं शताब्दीको तालिबान-बर्बरतालाई बेलायतमा शासक ओलिभर क्रमवेलले इसा मसीहाको नाममा सम्पूर्ण मध्ययुगीन विधर्मी कलाकृतिहरू नष्ट गरेको र भारतमा भारतीय जनता पार्टी लगायत हिन्दू कट्टरपन्थीहरूले बाबरी मस्जीद भत्काउने र इसाई धर्मावलम्बीहरूलाई मार्ने, चर्च जलाउनेजस्ता बर्बर आक्रमणहरूसँग तुलना गरिएको छ । धर्म, सम्प्रदाय, जात-जाति, नश्ल, क्षेत्र वा राष्ट्रका नाममा प्रकट हुने यो बर्बरताको वास्तविक पहिचान गर्न जोकोहीले पनि त्यसको इतिहासदेखि वर्तमान सम्मका क्रियाकलाप र चिन्तनको उत्खनन गर्नु जरूरी हुन्छ । अतः बर्बरताको राम्ररी जाँचबुझ गरी अगाडि बढ्नका लागि यहाँ प्रश्न उठाउनु जरूरी छ, बर्बर तालिबानको इतिहास

## तालिबानहरूको बर्बरता

के हो ? किन त्यसले यस्तो बर्बरतापूर्ण कदम चलिरहेको छ ? यसको पृष्ठभूमिमा कुन स्वार्थ लुकिरहेको छ ?

### *दुई महाशक्तिबीच पिल्सिएको राष्ट्र*

दोस्रो विश्वयुद्धसम्म ब्रिटिश साम्राज्यवादको बलियो प्रभावमा रहेको अफगानिस्तान विश्वयुद्धको समाप्तिपछि अमेरिका र सोभियत संघजस्ता महाशक्तिहरूको प्रभावमा परेको देखिन्छ । ती दुवै महाशक्ति राष्ट्रका आर्थिक, औद्योगिक र प्राविधिक सहायताको वैशाखी टेकेर राजा मोहम्मद जहिरले सन् १९३३ देखि १९७३ सम्म अत्याधुनीकरणको अभियान छेडेका थिए । आफ्नै स्वतन्त्र आर्थिक र औद्योगिक आधारमा नटेकीकन थालिएको अन्ध अनुशरणकै कारणवश अफगानिस्तान कहिले सोभियत संघको पोल्टामा त कहिले अमेरिकाको खल्तीमा पुग्थ्यो । र, ती दुवै महाशक्ति राष्ट्रहरूले अफगानिस्तानलाई सहयोग दिने नाममा अरबौं-अरब रूपियाँ लगानी गरी खरबौं-खरब डलर पर्ने कपास, खनिज पदार्थ र ग्याँस आ-आफ्नो देशमा लान थाले ।

जनता भोकमरीले ग्रस्त हुँदा पनि कपासको सट्टा गहुँको खेती गर्न नदिने, परनिर्भर अर्थतन्त्रबाट देश भर्सेलोमा परेपनि आफ्नो ढुकुटी भर्न पछि नपर्ने मोहमद जहिरको निरंकुश राजतन्त्रविरूद्ध उठिरहेको जनआक्रोशलाई 'अपहरण' गरी मोहम्मद दाउदले सन् १९७३ मा सैनिक विद्रोह गरे । सोभियत संघसँगको व्यापारबाट मोटाएका अफगानी नोकरशाही पूँजीपतिवर्गको नेतृत्वमा भएको यो सफल सैनिक विद्रोहपछि राष्ट्रपति मोहमद दाउदले सोभियत समर्थक नीति र कार्यक्रमको ओइरो लगाए । संशोधनवादी पार्टीको रूपमा रहेको पीपुल्स डेमोक्रेटिक पार्टी अफ अफगानिस्तान (PDPA) नाममा क्रियाशील खल्क (जनता) र परचम (भण्डा) समूहका नेता-कार्यकर्ताहरूलाई राज्ययन्त्रमा सामेल गरी उनले समाजवादी सुधार गर्ने प्रण गरे ।

सोभियत संघप्रतिको अफगानिस्तानका नयाँ शासकहरूको अत्याधिक भुकाव देखेर नराम्ररी

*बर्बर तालिबानको इतिहास के हो ? किन त्यसले यस्तो बर्बरतापूर्ण कदम चलिरहेको छ ? यसको पृष्ठभूमिमा कुन स्वार्थ लुकिरहेको छ ?*

तर्सिएको अमेरिकाले दुईवटा गहिरा चालहरू चाल्यो । एक, अफगानिस्तानको अत्याधुनीकरणलाई टेवा दिने नाममा आर्थिक र सैनिक सहयोगको खोलो बगाई राष्ट्रपति मोहम्मद दाऊदलाई सोभियत संघको प्रभावबाट अलग्याउने । दुई, आफ्ना मतियारहरू- पाकिस्तान र इरानका सरकारहरूमार्फत् अफगानी कट्टरपन्थीहरूलाई सैनिक प्रशिक्षण र आर्थिक सहायता दिई सोभियत समर्थक सरकारविरूद्ध विद्रोह उक्साउने र उत्पीडित-उपेक्षित अल्पसंख्यक जाति-जनजातिहरूलाई सशस्त्र संघर्षका लागि भड्काउने ।

अमेरिकाको यो चालबाजीले सन् १९७७-७८ सम्ममा पूरै सफलता प्राप्त गऱ्यो । राष्ट्रपति दाऊदले पाकिस्तान, इरान र अमेरिकासँग सुमधुर सम्बन्ध विकास गर्ने, पीडीपीएका नेता-कार्यकर्ताहरूलाई राज्ययन्त्रबाट निकालेर फ्याँक्ने, दक्षिणपन्थी शक्तिहरूलाई त्यसमा स्थापित गर्ने र सैनिक शक्तिमा अमेरिकी आर्थिक सहयोग र सैन्य प्रशिक्षणलाई बढावा दिने एवं सोभियत स्वार्थलाई कटौती गर्ने काम गर्न थाले । त्यसैको परिणामस्वरूप आहत भएका सोभियत संघका नेता लियोनिद ब्रेझ्नेभले सन् १९७७ मा खल्क र परचम समूहको एकीकरण गर्ने, सैनिक सेवामा रहेका ती दुवै समूहका युवा अधिकारीहरू र सोभियत समर्थक नोकरशाही पूँजीपतिवर्गको आक्रोशलाई सैनिक विद्रोहको रूपमा अभिव्यक्त गर्न निर्देशन दिए । अन्ततः नूर मोहम्मद ताराकीको नेतृत्वमा सन् १९७८ मा सोभियत समर्थक सैनिक विद्रोह सफलभएपछि अत्यन्त कडाइपूर्वक शासन चलाइयो र सुधारका कामहरू पनि केही अगाडि बढाइए ।

जनताको सचेत, संगठित संघर्षविना माथिबाट शुरू भएको विद्रोह र सुधारले बौद्धिकहरू, मध्यमवर्गका मानिसहरू तथा किसान वर्गको विरोधको सामना गर्नुपऱ्यो । त्यस विरोधलाई अमेरिका समर्थक 'सशस्त्र गूट' र धार्मिक समुदायद्वारा 'अपहरण' गरी अगाडि बढाउन थालियो । अर्कोतिर, ताराकी राष्ट्रपतिबाट हटाइएपछि सत्तासीन भएका हफिजुल्लाह अमिन अमेरिकाको पुरानो जालमा फँस्न पुगे । सशर्त उपलब्ध गराइएको विशाल रकमको अमेरिकी सैनिक र आर्थिक सहायताको माखेजालोमा फँसेर राष्ट्रपति अमिनले हजारौं सोभियत सल्लाहकारहरूलाई अफगानिस्तानबाट निष्काशन गरे । र, अमेरिकासँग 'सुमधुर सम्बन्ध' कायम गरे ।

यसैबीच, गुलबुद्दीन हिक्मतयारजस्ता आफ्ना मतियारहरूमार्फत् सशस्त्र आक्रमण तेज पारी अमेरिकाले सोभियत संघलाई समेत नयाँ चक्रव्यूहमा फसाउने गोप्य योजना निर्माण गऱ्यो । त्यो अमेरिकी चक्रव्यूह हो- अफगानिस्तानमा प्रभुत्व जमाउन लालायित सोभियत संघलाई त्यहाँ 'अर्को भियतनामी युद्ध' जस्तो जालमा फसाउने र सम्पूर्ण मुस्लिम संसारलाई सोभियत संघ र साम्यवादका विरूद्ध लाइनमा उभ्याउने ।

### *जब सोभियत संघ अमेरिकी चक्रब्यूहमा फस्यो*

यही दोहोरो फाइदायुक्त चक्रब्यूहकै सफलताको परिणाम हो- अफगानिस्तानको बीसौं वर्ष लामो गृहयुद्ध ! डिसेम्बर २७, १९७९ मा सोभियत संघको दुस्साहसपूर्ण प्रत्यक्ष सैनिक हस्तक्षेपपछि अमेरिकाले अफगानिस्तानलगायत विश्वभरिका कट्टर मुसलमानहरूलाई तथाकथित साम्यवाद र सोभियत संघविरूद्ध भर्ती गर्दै लडाइँको मोर्चामा पठायो । अनि सोभियत संघलाई दशौं वर्षसम्म 'अर्को भियतनामी युद्ध' को दलदलमा फँसाई उम्कनै नसक्ने पाऱ्यो । अलिकति कपास, ग्यास र खनिज पदार्थको भोल खान पाइन्छ कि भनेर अफगानिस्तानको युद्धमा दुस्साहसपूर्वक हाम्फालेको सोभियत संघ युद्धमा चुर्लुम्मै डुब्यो र यसले अफगानिस्तानलगायत सिंगो मुस्लिम संसारमा 'कम्युनिष्ट' र 'कम्युनिज्म' कै बदनाम गऱ्यो ।



***अफगानिस्तानको भूमिबाट आफ्नो गुरू अमेरिका विरूद्ध चलाइएको जेहादका कारणले तालिवानी शासकहरूका लागि ओसामा विन लादेन निल्नु त ओकल्नु भइरहेको छ***

अमेरिकाले यही अवसरमा अन्तर्राष्ट्रिय स्तरको सशस्त्र संघर्षको रूपमा अफगानिस्तानमा जेहादलाई संगठित गरेको थियो, जसको परिणामस्वरूप साउदी अरबका ओसामा बिन लादेनहरूको उत्पादन भएको हो । यसर्थमा, साम्यवाद र सोभियत संघविरूद्ध अन्तर्राष्ट्रिय प्यान-इस्लामी आतंकवादी आन्दोलनको रूपमा विकसित जेहादका एक प्रमुख सदस्य ओसामा बिन लादेन मूलतः अमेरिकाका मानस-पुत्र हुन् ।

डिसेम्बर, १९८९ मा सोभियत संघ अफगानिस्तानबाट फर्कन बाध्य भएपछि अमेरिकाले जेहाद छेडिरहेका बिन लादेन लगायतका मुजाहिद्दीनहरूप्रति धेरै मात्रामा सहयोग र सम्बन्धमा कटौती गर्न थाल्यो । सोभियत संघको विघटनपछि उज्वेकिस्तान, कजाखस्तान, ताजिकिस्तान र अजरबैजानजस्ता मध्य-एशियाली गणतन्त्रहरू स्वतन्त्र भए । मुसलमान बहुल राष्ट्रहरू तेल र ग्यासका लागि निकै धनी देशको रूपमा देखा परेपछि अमेरिकाले फेरि अर्को नयाँ चाल चल्यो- तेल र ग्यासको विशाल भण्डारको दोहन गर्न अफगानिस्तानलाई बाटो बनाउने ! आफ्ना मतियारहरूलाई सत्तासीन गर्ने !


यही चालअनुरूप अमेरिकाद्वारा साउदी अरब र पाकिस्तानमार्फत् तालिबानहरूको एकाएक उत्थान गरियो र काबुलमाथि रातारात कब्जा गर्न सफल बनाइयो । अनि अमेरिकी प्रभुत्व स्वीकार नगर्ने थालेका, पूर्व अमेरिकी पिट्ठुका रूपमा रहेका



*तालीवान 'लडाकु'हरू*

अहमद शाह मसूद, अब्दुल रसीद दोस्तम, गुलबुद्दीन हिक्मतयार र रब्बानी जस्ता युद्धपतिहरूलाई काबुलबाट लखेटियो । मध्य-एशियाली राष्ट्रका ग्यास र तेलको भण्डारको दोहन गर्न हतारिरहेका टेक्साको, अमोको, उनोकल, डेल्टा आयल जस्ता विशाल अमेरिकी बहुराष्ट्रिय निगमहरूको स्वार्थअनुसार तेल र ग्यासको पाइप लाइन सुरक्षित गर्नका लागि इस्लामी कट्टरपन्थीहरूमध्ये सबैभन्दा विश्वासिलो र आज्ञाकारी, सबैभन्दा निर्मम, निदयी र बलवान शक्तिको रूपमा तालिवानहरूलाई विकसित गराइयो ।

तालिबानहरूको सत्तारोहणपछि अमेरिकाले आफ्ना बहुराष्ट्रिय कम्पनीहरूको तेल र ग्यासको स्वार्थ पूर्तिको ठूलो संभावना साकार हुने सपना देखेको थियो । तर अमेरिकी मानस-पुत्र ओसामा बिन लादेनजस्ता विदेशी तालिबानहरूले उल्टै अमेरिकी स्वार्थविरूद्ध विद्रोहको झण्डा उठाए । अफगानिस्तानमाथि सोभियत संघजस्तो विदेशी आक्रमणकारीका विरूद्ध संगठित गरिएका ओसामा बिन लादेनहरूले जब आफ्नै भूमि-साउदी अरबमा इराकविरूद्ध गरिएको खाडी युद्धपछि अमेरिकी प्रभुत्व चलिरहेको देखे, तब सोभियत संघविरोधी आतंकवादी अभियान जेहादलाई अमेरिका विरूद्ध सोभयाए । अफगानिस्तानको भूमिबाट आफ्नो



*नाकाबन्दीको प्रतिकार गर्न अरू कुनै उपाय फेला नपरेपछि एक्लिएका तालिबान शासकहरूले विश्वको ध्यान आकर्षित गर्न बुद्धका सुन्दर मूर्ति र कलाकृतिहरूमाथि आक्रमण गरेका हुन् ।*

गुरू अमेरिका विरूद्ध चलाइएको जेहादका कारणले तालिवानी शासकहरूका लागि ओसामा बिन लादेन निल्नु त ओकल्नु भइरहेको छ र अमेरिकासँग उनीहरूको टक्कर पनि लादेनकै कारणले चर्केको छ । अतः अमेरिका अहिले तालिवान शासकहरूलाई पुरस्कार र दण्ड दुवै उपायबाट आफ्नो स्वार्थ अनुकूल चलाउन खोजिरहेको छ भने रूसले समेत अमेरिकासँग एकजूट भएर संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदमार्फत् अफगानिस्तानमाथि व्यापक नाकाबन्दी लगाएको छ । यस कार्यको पछाडि रूसको पनि आफ्नै स्वार्थ छ- स्वतन्त्र राज्यको माग गर्दै रूसभित्र संघर्ष गरिरहेका मुसलमान चेचेन्याली विद्रोहीहरूलाई तालिवान र बिन लादेनहरूले दिँदै आइरहेको सम्पूर्ण सहयोगको ढोका बन्द गर्ने र मध्य एशियाली राष्ट्रको तेल र ग्यास आफ्नो स्वार्थ अनुरूप प्रयोग गर्ने ।

अमेरिका र रूसको आ-आफ्नै स्वार्थको गठजोडपछि लागू भएको कठोर नाकाबन्दीले तालिबान शासकहरू नराम्ररी एक्लिएका छन् भने तालिबान शासित अफगानीहरू नाकाबन्दीका कारणले क्रूरतम पीडा भोगिरहका छन् । यही नाकाबन्दीको प्रतिकार गर्न अरू कुनै उपाय फेला नपरेपछि एक्लिएका तालिबान शासकहरूले विश्वको ध्यान आकर्षित गर्न बुद्धका सुन्दर मूर्ति र कलाकृतिहरूमाथि आक्रमण गरेका हुन् । यस्तो पागलपूर्ण र जंगली आक्रमणले गर्दा तालिबानहरू विश्वभरिका जनताबीच झन् नांगिएका छन्, झन् अगल-थलग भएका छन्, र आफ्नै पृष्ठपोषकका रूपमा रहेका साउदी अरब र पाकिस्तानबाट समेत उनीहरूले गाली खानुपरेको छ ।

यहाँ स्पष्ट हुनुपर्ने कुरो के हो भने तालिबानहरू मूलतः साम्राज्यवादी खेलका गोटीहरू मात्रै हुन्, खेलाडीहरू नै चाहिं होइनन् । स्रोत-साधनहरू, ठूलो बजार र सस्तो श्रमलगायत भौगोलिक रूपले रणनीतिक महत्वका भूमिहरू कब्जा गर्नका लागि भइरहेको अमेरिकी साम्राज्यवाद र त्यसका मतियारहरू- पाकिस्तान र साउदी अरबले खेलेको साम्राज्यवादी खेलका गोटीहरूमात्रै हुन्, तालिबानहरू । बुद्धका मूर्तिहरू ध्वस्त पार्ने, बौद्ध कलाकृतिहरू नष्ट पार्ने र अफगानी जनतालाई क्रूरतम पीडा भोग्न बाध्य पार्ने जंगली खेलमा तालिबानको बर्बरता जति दोषी देखिन्छ, त्योभन्दा कम दोषी देखिँदैन- अमेरिका, साउदी अरब र पाकिस्तानको साम्राज्यवादी चाल । अतः प्राचीन गौरवहरूलाई नष्ट गर्ने अत्याधुनिक युगको बर्बरताको मूल स्रोत साम्राज्यवादी स्वार्थभित्र लुकिरहेको देखिन्छ, त्यसतिर पनि सबैको ध्यान आकर्षित हुनु जरूरी छ । ❑

बरहथवा गा.वि.सका बासिन्दाहरू
लगायत सम्पूर्ण देशवासीहरूमा
नव वर्ष २०५८ सालको
हार्दिक मंगलमय
शुभ-कामना
व्यक्त गर्दछौं ।
अध्यक्ष
नारायण ब. अमात्य
तथा
बरहथवा गाउँ विकास समिति परिवार, सर्लाही

नेपालगंज नगरवासी तथा सम्पूर्ण देशवासीहरूमा
नव वर्ष २०५८ सालको
हार्दिक मंगलमय शुभ-कामना
व्यक्त गर्दछौं ।
मेयर
धवलशमसेर राणा
तथा
नेपालगंज नगरपालिका परिवार

कंचनपुर जिल्लावासी तथा सम्पूर्ण देशवासीहरूमा
नव वर्ष २०५८ सालको
हार्दिक मंगलमय शुभ-कामना
व्यक्त गर्दछौं ।
सभापति
ऋषिराज लुम्साली
तथा
कंचनपुर जिल्ला विकास समिति परिवार

◀ आवरण कथा

# माओवादीको भीषण कार्वाहीपछि

# देश कता बढ्दैछ ?

◆ श्याम श्रेष्ठ ◆



फोटो स्रोतः 'विश्वबोध'

गएको चैत्र महिनाको तेस्रो र चौथो हप्तामा ने.क.पा. (माओवादी)ले आफ्नो अहिलेसम्मको सबैभन्दा उच्च छापामार फौजी कारवाही गरेको छ । जम्मा तीन दिनमा भएको पाँचवटा छापामार फौजी कारवाहीबाट ७१ जना प्रहरीहरूको ज्यान गएको छ, १७ जवान माओवादीहरू मारिएका छन्, ५ वटा प्रहरी चौकी पूर्णतः ध्वस्त भएका छन् र प्रहरीहरूबाट माओवादीले १५ दर्जनभन्दा ज्यादा हातहतियार र ४६ हजार थानभन्दा ज्यादा गोली-गट्ठा कब्जा गरेका छन् । ६ वर्षअघि जनयुद्ध शुरू गरेयता माओवादीले यति थोरै दिनमा यति धेरै प्रहरीहरूको हत्या गरेको, यति ज्यादा प्रहरी-संयन्त्र नष्ट पारेको र यति बढी संख्यामा हातहतियार, गोली-गट्ठा र युद्ध सामग्री लुटेको यो पहिलो पटक हो ।

## कारवाहीहरू

यो पटकको पहिलो ठूलो कारवाही चैत्र १९ गते राती रूकुम जिल्लाको रूकुमकोट इलाका प्रहरी कार्यालयमाथि भीषण आक्रमणबाट शुरू भएको थियो । यो चौकी रूकुम जिल्लाकै सबैभन्दा मजबूत प्रहरी संयन्त्रमध्ये एक ठानिएको थियो । रणनीतिक हिसावले महत्वपूर्ण ठाउँमा र उच्च टाकुरामा रहेको, चारैतिर काँढेतार लगाइएको, टनेल खनिएको, माइन बिछ्याइएको, ८ वटा बंकर र १६ वटा सपोर्ट बंकरसमेत रहेको त्यस चौकीमा ५० जना तालीम प्राप्त कमाण्डोसहित ७६ जना प्रहरीहरू आर्मीको किल्लाबन्दीको ढंगमा अति सुरक्षित तबरले रहिरहेका थिए ।

परन्तु, माओवादीले आक्रमण गरेको ४५ मिनेटभित्रै यो चौकी कब्जा गऱ्यो । आफ्नोतर्फ ८ जना छापामारको मृत्युको मूल्यमा माओवादीहरूले अहिलेसम्मको सबैभन्दा ज्यादा ३२ जना प्रहरीहरू यो छापामार आक्रमणमा स्वाहा पारे । २२ जनालाई अपहरण गरेर जन-आदालतमा पेश गरे । ७ दर्जनजति महत्वपूर्ण हातहतियार र झण्डै ६ हजार थान गोली र बुटेलप्रुफ ज्याकेट लगायत महत्वपूर्ण युद्ध-सामग्री लुटेर लगे । छापामार आक्रमण भइरहेकै बेला आक्रमणको अवधिभरि रूकुमकोट वरपरका गाउँहरूमा जनताहरूले गरेको बाजागाजा सहितको मशाल जुलूस र नाराबाजी, यो छापामार कारवाहीको अनौठो र अहिलेसम्म नदेखिएको विशेषता थियो । यो जनतासहितको छापामार कार्वाही हो भनेर देखाउने प्रयत्न माओवादीले यो कारवाहीमा गरेका छन् ।

रूकुमकोटको यो उच्चतम कार्वाहीअघि माओवादीले चैत्र १९ गते नै बिहानको झिसमिसेमा दोलखा जिल्लाको मैनापोखरी प्रहरी ध्वस्त पारेर यो चरणको पहिलो कार्यक्रमको उद्घाटन गरेका थिए । ३ जना माओवादी छापामारको मृत्युको मूल्यमा ५ जना प्रहरीको हत्या गरिएको र

*दैलेखको नौमुलेमा भएको भीषण माओवादी आक्रमणमा मारिएका प्रहरीहरु । फोटो सभार : 'नेपाल समाचार पत्र'*




> माओवादीको उच्च सूत्रले मूल्यांकनलाई के बतायो भने– "आत्म समर्पण गरिसकेकाहरुलाई मार्ने माओवादीको कुनै केन्द्रीय नीति छैन ।"

८ थान राइफल हात पारिएको यो छापामार कार्वाही त्यति ठूलो र उपलब्धिमूलक छापामार कार्वाही त थिएन । परन्तु यहीँबाट शुरू भएको थियो, माओवादीको यस पटकको योजनाबद्ध छापामार फौजी कारवाही ।

त्यसपछि चैत्र २० गते राती ११ बजे एकै समयमा पाल्पाको मुझुङ इलाका प्रहरी कार्यालय र धादिङ्गको दार्खा इलाका प्रहरी कार्यालय ध्वस्त पार्ने फौजी कारवाही माओवादी छापामारहरूले गरे । १९ जवान प्रहरीहरू भएको र बंकरसमेत भएको मुझुङ प्रहरी चौकी छापामारहरूले वरपरका सबै नाका बन्द गरेर र २ जवान प्रहरीको हत्या गरेर १५ मिनेटभित्रै कब्जा गर्न समर्थ भएको र १५ जवान प्रहरी भएको धादिङ्गको दार्खा चौकी त अझ कसैको हत्याबिना ५ मिनेटभित्रै कब्जा भएको दावी माओवादीहरूले गरेका छन् ।

***यो कारवाही अहिलेसम्म माओवादीले गरेको कार्वाहीमध्ये सबैभन्दा छोटो समयमा गरिएको सबैभन्दा विशाल र रणनीतिक महत्वको फौजी कारवाही थियो***


दैलेखको नौमुलेको ध्वस्त प्रहरी चौकी

फोटो : चन्द्रशेखर कार्की सौजन्य : कान्तिपुर

यो चरणको अन्तिम तर अर्को सबैभन्दा ठूलो फौजी महत्वको कारवाही दैलेख जिल्लाको नौमुले इलाका प्रहरी कार्यालयमाथि 'नेपाल बन्द' को दिन, चैत्र २४ को राती भएको भीषण छापामार आक्रमण थियो । ६ जना छापामारहरूले मृत्यु अंगीकार गरेर ३२ जवान सशस्त्र प्रहरीहरूको हत्या गरिएको तथा ८ दर्जन हात-हतियार र ४१ हजार थान गोली-गट्ठा कब्जा गरिएको यो कारवाही अहिलेसम्म माओवादीले गरेको कार्वाहीमध्ये सबैभन्दा छोटो समयमा गरिएको सबैभन्दा विशाल र रणनीतिक महत्वको फौजी कारवाही थियो ।

सशस्त्र प्रहरी गुल्मका ७२ जवान तालीम प्राप्त सशस्त्र प्रहरीहरू भएको यो चौकी पनि आक्रमण गर्न निकै अप्ठेरो ठाउँमा रहेको निकै सुरक्षित चौकी मानिन्छ । दैलेखको सदरमुकामबाट केवल ५/६ घण्टाको दूरीमा रहेको यो चौकी लोहोर खोलाको ३०० मिटर जति माथि ढिस्कोमा रहेको छ । र, यसको वरिपरि पनि चारैतिर काँढे तारले घेरिएको, काँढेतारभित्र वरपर पर्खाल खडा गरिएको र अझ पर्खालभित्र पनि गहिरो कुलोजस्तो टनेल खनिएको हुनाले सुरक्षाको दृष्टिकोणबाट यो चौकी निकै मजबूत मानिन्छ । अझ त्यसमाथि थप यो चौकी वरिपरि ६ वटा प्रहरी पोष्ट र चौकीनेर एउटा अग्लो हाइपोष्ट पनि रहेको थाहा भएको छ, जहाँबाट चारैतिर देखिन्थ्यो र जहाँ चौबीसै घण्टा प्रहरीको पालो रहन्थ्यो ।

परन्तु गजबको कुरो के देखिन्छ भने यति मजबूत र सुरक्षित चौकीमा समेत तालीमप्राप्त ६ दर्जन सशस्त्र प्रहरीहरूलाई माओवादीहरूले १८/२० मिनेटकै भीषण गोली र बम बर्षासहितको छापामार आक्रमणबाट परास्त गरेर आत्मसमर्पण गर्न विवश पारिसकेका थिए ।

यो पटकको छापामार फौजी कारवाहीको एउटा विशेषता के देखिएको छ भने एकातिर चैत्र १९ गते देखि २४ गतेसम्म निर्णायक महत्वका केही छानिएका ठाउँहरूमा माओवादीको योजनाबद्ध फौजी कारवाही भइरहेको थियो भने अर्कोतिर यो कारवाहीको अन्तिम, उत्कर्षको दिन चैत्र २४ गते माओवादीले 'नेपाल बन्द' को कार्यक्रम राखेको थियो, जुन बिना कुनै ठूलो मिहेनत उत्तिकै सफल भएको थियो । संभवतः नेपाल बन्द र फौजी कारवाहीको कार्यक्रम एकसाथ यसपटक राख्नुको पछाडि जन विद्रोह र जनयुद्धलाई जोड्ने र समायोजन गर्ने भन्ने हालैको दोस्रो राष्ट्रिय सम्मेलनले पास गरेको नयाँ सोचलाई अब व्यवहारमा अनुवाद गर्ने नियतले काम गरेको थियो ।

## उद्देश्य र परिणामहरू

माओवादीको यो पटकको भीषण कार्वाहीलाई गएको माघमा दाङमा सम्पन्न माओवादीको दोस्रो राष्ट्रिय सम्मेलनले तय गरेको महान अग्रगामी छलाङअन्तर्गत 'पहिलो योजना'को 'पहिलो झड्का' भनेर नामाकरण गरिएको छ ।

यो कारवाहीका मुख्य तीनवटा उद्देश्य देखिएका छन् : एउटा, माओवादीले अघि सारेको सर्वपक्षीय सम्मेलन, अन्तरीम सरकार र जन-संविधानजस्ता मूल राजनीतिक मुद्दामा देशका सम्पूर्ण राजनीतिक शक्तिहरू र आम-जनसमुदायको ध्यान केन्द्रित गराउनु, दोस्रो, गिरिजा खेमाको संकटलाई अरू ज्यादा चर्काउनु, र तेस्रो, पुलिसलाई मुख्य र सहायक इलाकाहरूबाट धपाउनु, खासगरी त्यस्ता अस्थायी आधार इलाकाहरूबाट धपाउनु, जहाँ उन्मुक्त चलखेल गर्नका लागि प्रहरी संयन्त्रहरू 'डिस्टर्बिङ्ग फ्याक्टर' भएर रहिरहेका छन् ।

यो पटकको कारवाहीबाट माओवादी नेतृत्व आफ्नो पहिलो उद्देश्यमा त धेरै हदसम्म सफल भएको छ । अहिलेको कारवाहीले माओवादीको बढ्दो रणकौशल र फौजी सामर्थ्यलाई सबैले बुझ्ने भाषामा प्रदर्शित गरेको छ । सर्वपक्षीय सम्मेलनको माओवादीको नाराप्रति धेरैको ध्यान आकर्षित पनि भएको छ ।


माओवादी छापामारहरु

***अहिलेको कारवाहीले माओवादीको बढ्दो रणकौशल र फौजी सामर्थ्यलाई सबैले बुझ्ने भाषामा प्रदर्शित गरेको छ***

परन्तु, गिरिजा खेमाको संकटलाई अरू ज्यादा चर्काउने सवालमा भने यो कारवाहीले जम्माजम्मीमा बिल्कुलै उल्टो नतिजा निकालेको देखिएको छ । माओवादीको तर्फबाट ठूलो पैमानामा विभत्स ढंगले प्रहरीहरूको हत्या भएको घटनाले कांग्रेसभित्रैबाट गिरिजाको राजीनामा माग्ने जुन प्रक्रिया तेज गतिले चलिरहेको थियो, त्यसलाई धीमा र कमजोर बनाइदिएको छ । माओवादी 'लाल-आतंक' यात्रो चर्किरहेको बेलामा कांग्रेसी विपक्षलाई यतिखेरै गिरिजालाई राजीनामा गर्न विवश पार्नु निकै अप्ठेरो भएको छ । माओवादी

## २०५७ सालमा माओवादीहरूबाट भएका रक्तपातपूर्ण प्रमुख छापामार कारवाहीहरू

| मिति | घटना | मृत्यु |
|---|---|---|
| ◆ वैशाख १६ | धुवाकोट, धादिङ्ग | ४ प्रहरीको मृत्यु |
| ◆ जेठ २५ | पाँचकटिया, जाजरकोट | १२ प्रहरीको मृत्यु |
| ◆ असार ३१ | ठोकर्पा, सिन्धुपाल्चोक | ४ प्रहरीको मृत्यु |
| ◆ असोज ९ | दुनै, डोल्पा | १४ प्रहरीको मृत्यु |
| ◆ असोज १० | भोर्लेटार, लम्जुङ्ग | ८ प्रहरीको मृत्यु |
| ◆ मंसिर १४ | कालिकोट | ११ प्रहरीको मृत्यु |
| ◆ चैत्र १९ | रूकुमकोट, रूकुम | ३२ प्रहरीको मृत्यु |
| ◆ चैत्र १९ | मैनापोखरी, दोलखा, | ५ प्रहरीको मृत्यु |
| ◆ चैत्र २० | मुभ्फुङ, पाल्पा | २ प्रहरीको मृत्यु |
| ◆ चैत्र २४ | नौमुले, दैलेख | ३२ प्रहरीको मृत्यु |

*स्रोत: कान्तिपुर र मूल्यांकन*

## माओवादी जनयुद्ध चलेयता कति हिंसा भयो, कति प्रतिहिंसा ?

| | |
|---|---|
| ◆ प्रहरीबाट मारिएका माओवादी | १०२७ |
| ◆ माओवादीबाट मारिएका प्रहरीहरू | ३४९ |
| ◆ प्रहरीः माओवादी हत्या अनुपात | प्रहरी १ः माओवादी ३ |
| ◆ जन साधारणको हत्या | २८२ |
| जम्मा- हिंसा + हत्या = | १६५८ जनाको |

*चैत्र २५, २०५७ सम्मको, स्रोत : मूल्यांकन*



*दैलेखमा भएको माओवादी आक्रमणमा मरेका प्रहरीहरु (फोटो साभार : कान्तिपुर)*

*गिरिजा सरकारको माओवादीविरूद्ध सेना परिचालन गर्ने शुरूदेखिकै ध्येयसित दरवार असहमत हुँदै आएको थियो । यो आक्रमणले त्यो अन्तरविरोध र असहमतिको स्थितिलाई धेरै हदसम्म कमजोर पारेको छ ।*

दबाउन कांग्रेसी खेमा ऐक्यबद्ध हुने स्थिति यो पटकको कार्वाहीले सृजना गरेको छ ।

प्रहरी संयन्त्रलाई मुख्य र सहायक इलाकाबाट धपाउने तेस्रो उद्देश्य हासिल गर्न भने यो कारवाहीले सफलता हासिल गरेको छ ।

यो पटकको कारवाहीले प्रहरीको मनोबल स्वाहा नै पारिदिएको छ । सरकारलाई अब जनपद प्रहरीहरू माओवादीसित लड्नै सक्दैनन् भन्ने हदसम्मको निष्कर्षमा यो पटकको कारवाहीले पुऱ्याएको छ । प्रहरी महानिरीक्षक प्रदीप शमसेर ज.ब.रा. स्वयम्ले यो कुरा खुलेआम दरवार र सरकारसमक्ष राखिसकेका छन् । जिल्ला-जिल्लामा संभावित माओवादी आक्रमणबाट भयभीत प्रहरीहरूको राजीनामाको लहर नै चलेको छ । प्रहरीहरूले सरकारी आदेश र प्रहरीहरूकै उच्च पदाधिकारीहरूको आदेशको अवज्ञा गर्ने नयाँ विद्रोहजन्य स्थिति सृजना भएको छ । ठाउँ-ठाउँमा यस्तो घटना घट्न नै थालेको छ ।

दैलेखको हालैको माओवादी आक्रमणमा मरेका प्रहरी इन्सपेक्टर ध्रुवप्रसाद दुलालको आर्यघाटमा अन्तिम दाह संस्कार गरिंदा चैत्र २५ गते त्यहाँ उपस्थित केही प्रहरीहरूले प्रधानमन्त्री र गृहमन्त्रीको राजीनामाको माग गर्दै सरकारविरूद्ध खुलेआम नारा नै लगाएका छन् । नेपालको इतिहासमा प्रहरीहरूले यस्तो विद्रोह गरेको यो पहिलोपटक हो ।

'कान्तिपुर'का अनुसार मैनापोखरी काण्डपछि माओवादीले आक्रमण गर्ला भनेर भयभीत भएका दोलखा जिल्लाको सिगटी प्रहरी चौकीका स्ट्राइकिंग फोर्ससहितका एक सयजना प्रहरीहरू चैत्रको चौथो हप्तामा प्रहरी चौकी पूरै खाली गरेर सदरमुकाम आएका छन् । त्यस्तै घटना रूकुमकोट काण्डपछि रूकुममा पनि घटेको छ । रूकुमको खोलागाउँ गा.वि.स.को सर्केनामा रहेको ७८ जवान सशस्त्र प्रहरीसहितको प्रहरी स्ट्राइकिंग बेस चौकी पूरै खाली गरेर चैत्र २८ गते सम्पूर्ण सर-सामानसहित इलाका प्रहरी कार्यालय बीरजहारीमा सरेको छ । भोजपुरमा ड्यूटीमा रहेका प्रहरीहरू समेत जागीर छोडेर भागेको खबर ३० चैतको कान्तिपुरले छापेको छ । मध्यपश्चिम क्षेत्रीय प्रहरी कार्यालयमा आफ्नो पदबाट राजीनामा दिएका र भाग्न चाहेका प्रहरीहरूको संख्या ५० जना पुगेको खबर छ । मुगुमा खटाइएको ठाउँमा प्रहरीहरू जाँदै नगएर माथिको आदेशको ठाडो अवज्ञा गरेको देखिएको छ ।

यी जम्मै घटनाहरूले के देखाएका छन् भने- यसपटकको माओवादी आक्रमणपछि प्रहरीहरूको सामर्थ्य र मानसिकतामा एउटा गुणात्मक फड्को आएको छ : अब नेपालका ग्रामीण क्षेत्रमा जनपद प्रहरीहरू माओवादीसित लड्न नितान्त असमर्थ छन् भन्ने कुरा व्यवहारतः छर्लंग भएको छ । प्रहरीहरूमा माओवादीसित भिड्ने हिम्मत धरायशी भएको छ ।

माओवादीको हकमा यो उसको युद्ध सामर्थ्य र रणकौशल दुवैमा गुणात्मक फरक आएको कुराको संकेत हो । परन्तु देश र जनताको हकमा यसको विपरीत नकारात्मक पाटो पनि छ : अब छिटो वा ढिलो, माओवादी दबाउने नाममा पूँजीवादी राज्य आफ्नै जनताविरूद्ध सेना परिचालनतर्फ अग्रसर हुनेछ, किनकि सेनाभन्दा मुनिको अर्को कुनै विकल्पबाट माओवादी विद्रोहको सामना गर्न सकिन्न भन्ने बस्तुगत आधार माओवादीको यसपटकको छापामार कारवाहीले सृजना गरेको



*दैलेख घटना : शवलाई हेलिकोप्टरमा राखिँदै । फोटो सौजन्य : कान्तिपुर*

छ । यो पटकको माओवादी आक्रमणको एउटा मुख्य नकारात्मक पक्ष नै यही हो भन्ने मलाई लाग्छ । यो आक्रमणले पूँजीवादी राज्यलाई सेना परिचालनतर्फ र फासीवादतर्फ अघि बढ्न आधारभूमि दिएको छ । गिरिजा सरकारको माओवादीविरूद्ध सेना परिचालन गर्ने शुरूदेखिकै ध्येयसित दरवार असहमत हुँदै आएको थियो । यो आक्रमणले त्यो अन्तरविरोध र असहमतिको स्थितिलाई धेरै हदसम्म कमजोर पारेको छ । दुनै आक्रमणले सशस्त्र प्रहरी बलसम्बन्धी अध्यादेश ल्याउने गिरिजा सरकारको प्रयत्नमा दरवारबाट त्यतिञ्जेलसम्म कायम रहेको तगारो एक्कासी खोलीदिएको थियो, हालैको छापामार कार्यवाहीले सेना परिचालनमा लाग्दै आएको तगारो हटाउने दिशातिर देशलाई तीव्र गतिमा डोऱ्याएको छ ।

जनयुद्ध संचालन गर्दा वा जन-आन्दोलन अगाडि बढाउँदा त्यसको एउटा खास उत्कर्षको बिन्दुमा पूँजीवादी राज्य आफ्नै जनताविरूद्ध सेना परिचालन गर्ने बिन्दुमा आउँछ नै । यो विश्व इतिहासमा र नेपालमै पनि पटक पटक देखिएको तथ्य हो । अग्रगतिको लागि यसको सामना क्रान्तिकारीहरूले गर्नुपर्छ नै । यो एउटा पन्छाउन नसकिने अपरिहार्य प्रक्रिया हो । परन्तु कुनै पनि क्रान्तिकारी शक्तिले अग्रगतिका लागि सेनासितको भीडन्तलाई पन्छाउनै नमिल्ने स्थिति नआएको समयमा पनि अनावश्यक रूपमा सैन्य दमन वा बलिदान निम्त्याउनु बेठीक कुरा हो । माओवादी नेतृत्वमा अनावश्यक रूपमा बलिदान व्यहोर्ने र अपरिहार्य स्थिति सृजना नभएको बेला पनि नेतृत्वको अहंकार तुष्टिको लागि बेहोशियारीपूर्ण ढंगबाट बेसमयमा छापामार कार्वाही गरेर सैन्य दमन निम्त्याउने प्रवृत्ति बारंबार अभिव्यक्त भएको देखिएको छ । यो बेठीक प्रवृत्ति हो । माओवादी नेतृत्वले यतिखेर गम्भीर भएर घोत्लिनु पर्ने सवाल के हो भने के यतिखेर राज्यबाट सेना परिचालन हुनु देश, क्रान्तिको प्रक्रिया र माओवादी जनयुद्ध तीनवटैको अग्रगतिको लागि अपरिहार्य र उचित छ ? के त्यस्तो अपरिहार्य वस्तुगत स्थिति नेपालमा अहिले सृजना भएको छ ?

### *हत्या, विभत्सता र स्पस्टीकरण*

जन दमनका लागि आएका र जनसमुदायमा अचाक्ली ज्यादती गरेका प्रहरीहरूसित भीडन्त हुँदा उनीहरूलाई मार्नु बुझ्न सकिने कुरा हो । यो अपरिहार्य मृत्यु हो । परन्तु रक्षात्मक अवस्थामा उत्तिकै रहिरहेका प्रहरीहरूलाई जथाभावी मार्नुले आम जनसमुदायमा मारिनेहरूप्रति सहानुभूति मात्र पैदा गर्छ । यसले जनसमुदायमा क्रान्तिकारीहरूको छवि मात्र बिगार्ने कार्य गर्छ । जनसमुदायमा उनीहरू नितान्त क्रुर, निर्दयी र अमानवीय छन् भन्ने सन्देश मात्र दिन्छ- उनीहरूको अनावश्यक हत्याले । अहिले रूकुमकोट र नौमुलेको हत्याकाण्डले त्यही मनस्थिति सृजना गरिरहेको छ ।

त्यसमाथि थप, यस पटकको आक्रमणमा माओवादीहरूमाथि दुईवटा गम्भीर आरोप लागेका छन् : एउटा उनीहरूले आत्मसमर्पण गरिसकेका प्रहरीहरूलाई समेत छानी छानी मारे भन्ने, अर्को, मारिसकेकाहरूलाई पनि विभत्सतापूर्वक टुक्रा टुक्रा हुनेगरी काटे भन्ने ।

यो आरोपबारे प्रश्न गर्दा माओवादीको उच्च सूत्रले मूल्यांकनलाई के बतायो भने- "आत्म समर्पण गरिसकेकाहरूलाई मार्ने माओवादीको कुनै केन्द्रीय नीति छैन । हामी यस्तो कदापि गर्दैनौं । जेनेभा कन्भेन्सनको हामी सम्मान गर्छौं । रूकुमकोट र नौमुलेमा यस्तो भएको भन्ने आरोप आएकोमा हामीलाई शंका लागेको छ । हामी खोजी गरेर मात्र बताउन सक्छौं । यस्तो भएको छ भने यो घोषित पार्टी नीतिको उल्लंघन हो, पार्टी नीति यस्तो छैन । कहिलेकाहीं प्रहरीद्वारा आफ्ना पक्षका मान्छे, मुख्य कमाण्डर वा सहायक कमाण्डर मारिदिंदा आक्रोशवश यस्तो घटना घट्ने गर्छ ।"

नौमुलेमा आत्मसमर्पण गरिसकेका ८ जना प्रहरीलाई पहिले छानवीनका लागि स्कूलमा लगेर, स्कूलबाट पुनः चौकीमा ल्याएर विभत्सतापूर्वक मारियो भन्ने सवालबारे प्रश्न गर्दा माओवादी उच्च सूत्रले के बतायो भने- "यो विवरण गलत र भ्रमपूर्ण छ । हाम्रो कार्वाही त १८ मिनेटमै सकिसकेको थियो । तर आत्मसमर्पणको आदेश गरिसकेपछि पनि स.इ. धनबहादुर वि.क.को टोलीले उल्टै नजिकैको मणिराम ढकालको घरमा पसेर उनको घरबाट जनतालाई



माओवादी आक्रमणमा परी ध्वस्त भएको रूकुमकोटको प्रहरी चौकी । (फोटो साभारः कान्तिपुर)

> *विभत्स हत्याका सम्बन्धमा माओवादी उच्च सूत्रको भनाइ थियो- "हामी विभत्स ढंगले हत्या वा आक्रमण गरिनु हुन्न भन्ने सवालमा सहमत छौं ।*

ढाल बनाएर लड्ने मूर्खता गरिरहेपछि हाम्रा छापामारहरूले शहादतलाई वरण गरेर पनि जनताका छोराछोरीलाई ढाल बनाएर लडिरहेको दुश्मनलाई जनताको बीचबाट निकालेर उच्च कारवाही गरेको हो । तैपनि, दुश्मनले प्रतिरोध गरिरहेकाले उनीहरूको आश्रय स्थललाई बमद्वारा ध्वस्त बनाउँदा ३२ जना प्रहरीको ज्यान जान पुग्यो भने हाम्रा ६ जना छापामारहरूले शहादत प्राप्त गरे । भएको घटना यस्तो हो । यस सम्बन्धमा त्यो कारवाहीका सम्बन्धित कमाण्डर र राजनीतिक कमीसारको वक्तव्य नै आएको छ ।"

विभत्स हत्याका सम्बन्धमा माओवादी उच्च सूत्रको भनाइ थियो- "हामी विभत्स ढंगले हत्या वा आक्रमण गरिनु हुन्न भन्ने सवालमा सहमत छौं । यसले जनतामा सहानुभूति पैदा गर्छ भन्ने कुरा ठीक हो । विगतमा हामीबाट यस्ता केही घटनाहरू भएका छन्- जस्तो घुँडा फुकाल्ने, कुर्कुच्चा माथिको नसा काटी दिने, शरीर क्षत विक्षत बनाई दिने आदि । हाम्रो पार्टीले अब यस्तो नगर्ने नीति बनाएको छ । यसपल्टको कार्वाहीमा यस्तो भयो कि भएन भन्नेबारे बुझेर मात्र यथार्थ के हो भन्न सकिन्छ । यस्तो गर्ने नीति चाहिं छैन ।"

### *अब प्रहरी अघि अघि सेना पछि पछि*

यस पटकको घटनापछि गिरिजा सरकारले माओवादीविरूद्ध सेना परिचालन गर्न भरमग्दुर प्रयत्न गरेको थियो । परन्तु प्रधान सेनापति प्रज्वल शमसेर ज.ब.रा.ले सुरक्षा परिषद्को बैठकमा सेना परिचालनका लागि केही शर्तहरू राखेको बुझिएको छ, जस्तो :

- ◆ यसका लागि सर्वदलीय सहमति हुनुपर्ने ।
- ◆ सेना परिचालन हुने क्षेत्रमा इमर्जेन्सी लागू गरिनुपर्ने ।
- ◆ सेना परिचालित हुने क्षेत्रमा प्रशासन, विकास, निर्माणलगायत सबै

कुरा सेनाको जिम्मामा सुम्पनु पर्ने ।

परन्तु संसदमा रहेका प्रमुख सम्पूर्ण वाम विपक्षहरू यतिबेला प्रधानमन्त्रीको राजीनामाको माग गर्दै सडकमा उत्रिरहेको स्थितिमा सर्वदलीय सहमति हुने स्थिति नै रहेन । केही जिल्लामा इमर्जेन्सी लागु गर्ने सम्बन्धमा कांग्रेसभित्रैबाट सशक्त विरोध भएकाले यस्तो गर्ने सम्भव भएन । र, सेना परिचालन हुने क्षेत्रमा प्रशासन, विकास र निर्माणका कामहरूसम्बन्धी जिम्मेवारी सेनालाई सुम्पन गिरिजा सरकार आफैं तैयार भएन । नागरिक प्रशासनको मातहतमा सेना जानुपर्छ भन्ने सरकारको अडान रह्यो । यी मूलभूत सवालमा सहमित पैदा हुन नसक्नुको फलस्वरूप गिरिजा सरकार राजा र प्रधान सेनापतिलाई सेना नै माओवादीसित आम्नेसाम्ने भिड्ने गरी र माओवादी सिध्याउन सेना नै अघि लाग्ने गरी सेना परिचालनका निम्ति सहमत गराउन समर्थ भएन । प्रहरीको रक्षाकवच र 'ब्याक-अप फोर्स'का रूपमा सेना हाल २२ वटा जिल्लामा जान तैयार भएको थाहा भएको छ ।

सेना अहिले "एकीकृत आन्तरिक सुरक्षा तथा विकास अवधारणा" अन्तर्गत प्रहरीको पछिपछि लागेर जिल्ला-जिल्लामा जान सहमत भएको छ। यो अवधारणाअन्तर्गत सेना, जनपद प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग समन्वय गर्ने एउटै प्रशासनिक संयन्त्र मातहत रहेर एकीकृत रूपमा कार्य गर्नेछन् । अब जिल्ला, इलाका र स्थानीय प्रहरी कार्यालयमा पुरानो हतियारवाला निसहाय प्रहरी मात्र हुने छैनन्, त्यहाँ सशस्त्र सेना पनि साथसाथै तैनाथ रहनेछ । सेनाले प्रत्यक्ष रूपमा आफैले अर्घेल्याइँ गरेर माओवादीसित लड्ने छैन । परन्तु, अब उप्रान्त माओवादीले प्रहरी, चौकीमा आक्रमण गरेमा सेनाले प्रहरीको सक्रिय रक्षा गर्नेछ । प्रहरीले आक्रमण गर्ने माओवादीको सर्च गरेमा सेनाले त्यसलाई ब्याक-अप फोर्स भएर भरथेग गर्नेछ । त्यस अवधारणा मुताविक अब माओवादी प्रभावित क्षेत्रमा आर्थिक सुधार र वैकल्पिक रोजगारीको विकास कार्यक्रम पनि साथसाथै संचालित हुनेछन् । र, विद्रोहीलाई हात हतियार समर्पण गर्न उत्प्रेरित गर्ने खालका कार्यक्रमहरू पनि संचालित हुनेछन् ।

माओवादी प्रभावित क्षेत्रमा सेना कसरी परिचालित हुने, सेनाले के के गर्ने, के नगर्ने, कसको कमाण्ड र मातहतमा रहेर परिचालित हुने भन्ने संबन्धमा अहिले सबै स्पष्ट भइसकेको छैन, यसबारे विस्तृत गृहकार्य भइरहेको थाहा भएको छ । परन्तु, "एकीकृत आन्तरिक सुक्षा र विकास अवधारणा" लागु गर्नेबारे सिद्धान्ततः दरवार र सेनाको सहमति भइसकेको थाहा भएको छ । सरकारले यो अवधारणा दरवारसमक्ष चैत्र २९ गते राखेको र यो चैत्र ३१ गते स्वीकृत भएको छ ।

राजालाई यो अवधारणामा सहमत गराउन प्रधानमंत्रीले रक्षामंत्री, गृहमंत्री, सेना, प्रहरी र अनुसन्धान विभागका प्रमुखहरूसहितको एउटा ठूलो दलबल नै लिएर चैत्र २९ गते दरवार गएको र त्यहाँ यसका निम्ति ठूलै कसरत गरेको थाहा भएको छ । यही कसरतपछि नै गएको १९ औं संसद अधिवेशनमा पेश नै हुन नपाएर उत्तिकै निष्क्रीय बनेको 'सशस्त्र प्रहरी" र "स्थानीय प्रशासन"संबन्धी अध्यादेश हालै चैत्रको अन्त्यमा राजाबाट पुनः जारी गराउन गिरिजा सरकार सफल भएको छ ।



*माओवादी आक्रमणमा परी रूकुमकोटमा मारिएका प्रहरीको लाश हेलिकोप्टरमा ओसार्दै प्रहरीहरू (फोटो साभारः स्पेसटाइम)*

**अब जिल्ला, इलाका र स्थानीय प्रहरी कार्यालयमा पुरानो हतियारवाला निसहाय प्रहरी मात्र हुने छैनन्, त्यहाँ सशस्त्र सेना पनि साथसाथै तैनाथ रहनेछ ।**

गिरिजा सरकारले यूरोपेली युनियन र अमेरिकी राजदूतको तर्फबाट पनि आफ्नो कदममा समर्थन प्राप्त गर्न सफलता हासिक गरेको छ, जुन समर्थनको एमाले, मसाल, एकताकेन्द्र लगायत सबैजसो मुख्य वामपन्थी पार्टीहरूले विरोध गरेका छन् ।

यसरी देश अन्ततः सेना परिचालनतर्फ अघि बढ्न लागेको छ ।

यी सम्पूर्ण घटनाबाट के देखिएको छ भने नेपालको सेना अहिले पनि सरकार मातहत छैन, यो दरवार मातहत छ । नेपालमा अहिले त्रय-शासन छ- सिंहदरवारको, दरवारको र माओवादीको ।

यी घटनाले के पनि देखाएका छन् भने गिरिजा सरकारमा नेपाली समाजको पूर्ण प्रजातान्त्रीकरण गर्ने र व्यापक आर्थिक-सामाजिक सुधारमार्फत् विद्रोहका समस्याको जरोमै हल खोज्ने प्रक्रियाप्रति ठ्याम्मै विश्वास छैन । उसमा माओवादी विद्रोह, सामाजिक र अर्थ-राजनीतिक नभएर प्रशासनिक समस्या हो भन्ने अत्यन्त गलत र भ्रामक दृष्टिकोण देखिन्छ । त्यसैले, मूलतः सैनिक-प्रशासनिक दमनद्वारा मात्रै यसको हल खोज्ने फाशीवादी प्रवृत्ति गिरिजा सरकारले देखाइरहेको छ । प्रशासनिक दमनद्वारा क्रान्तिकारी विद्रोहको अन्त्य भएको इतिहास विश्वमा भेटिन्न । परन्तु गिरिजा सरकारको मुख्य अभिरूचि सेना र अर्द्ध-सैनिक बल परिचालनमा मात्र ज्यादा देखिन्छ । यो फाशीवादी प्रवृत्तिले देशलाई तीव्र गतिमा अन्त्यहीन गृहयुद्धको बाटोतिर लाँदैछ । एउटा अन्त्यहीन गृहयुद्ध अब देशको संघारमै उपस्थित भएको छ ।

## माओवादी रवैया

माओवादी यतिबेला सबै पक्ष र पार्टीसित वार्ता प्रक्रियामा लागेको छ । उसको यति बेलाको प्राथमिकता सर्वपक्षीय सम्मेलन-अन्तरीम सरकार-जनसंविधानबारे ध्यानाकर्षण गर्नु देखिएको छ । यसैको लागि जनमत र सहमतिको वातावरण निर्माण गर्न ऊ ज्यूज्यानले लागिरहेको छ । राष्ट्रिय राजनीतिको मूल धारमा आएर त्यसको एउटा निर्णायक खेलाडी बन्ने उसको यतिखेको मुख्य दाउपेंच देखिन्छ ।

प्रहरी हत्याका ठूल-ठूला रेकर्ड घटनाहरू चैतको पछिल्लो १५ दिनमा जुन देखिएको छ, संभवतः यसपटक योभन्दा ज्यादा अघि बढ्ने देखिँदैन ।

धेरैअगाडि दर्वारिया प्रतिनिधि मनोनीत सांसद रमेशनाथ पाण्डेसित भेटेको घटनालाई उसले हालै मात्र प्रचारमा ल्याएको छ । माओवादी दरवारसित समेत वार्ताको प्रक्रियामा छ भन्ने सन्देश दिन यस्तो गरिएको हुन सम्भव छ । परन्तु यो घटनाले माओवादीको नियत र रवैयाप्रति काफी आशंका पैदा गरेको छ । कतै माओवादी दरवारसित त साँठगाँठ गर्दै छैन ? यस्तो आशंका यतिखेर चारैतिर उठिरहेछ ।

परन्तु, माओवादी उच्च सूत्रले मूल्यांकनलाई के बतायो भने, माओवादीले दरवारसित साँठगाँठ चाहिं कदापि गर्ने छैन । वर्तमान संकटको निकास खोज्न अरू सबै पक्षसित वार्ता गरेझैं उसका प्रतिनिधिसित पनि द्विपक्षीय वार्ताचाहिं गर्नेछ ।

## के माओवादी वार्तामा आउला ?

गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री भइरहेसम्म सरकारसित तत्काल वार्ता नगर्ने माओवादीको रवैया देखिएको छ । बाहिर गिरिजा कोइरालाको राजीनामाको लागि जुन सडक-संघर्ष चलिरहेछ, त्यसैसित ऐक्यबद्धता कायम गर्ने उसको हालको नीति देखिन्छ । सरकार बदलियो भने चाहिं ऊ वार्तामा आउन तैयार छ भन्ने अध्यक्ष प्रचण्डको हालैको वक्तव्यबाट स्पष्ट हुन्छ ।

प्रहरीहरूलाई गिरिजाको गुट हतियार नबन्न हालै क. प्रचण्डले जारी गरेको वक्तव्य अर्थपूर्ण देखिएको छ । प्र.मं. गिरिजा पदमा रहिरहन हठ गरेमा दबाबका लागि फेरि रूकुमकोट र नौमूलेजस्ता कार्वाहीहरू दोहोरिन सक्छन् भन्ने सन्देश मात्र यसमा अन्तर्निहित छैन, प्रहरीहरूलाई गिरिजा सरकारको विरूद्ध विद्रोह गर्ने अपील समेत यो वक्तव्यमा देखिएको छ ।

जम्मामा, माओवादीको भीषण कार्वाहीपछि गिरिजा सरकार गृहयुद्ध र फाशीवादी दमनतर्फ अघि बढ्दैछ, माओवादी नेतृत्व सर्वपक्षीय वार्ता र सम्मेलनतर्फ अघि बढ्दैछ । दुवैको बीचमा भेट हुने कुनै मिलनविन्दु तत्कालमा परिदृष्यमा कतै देखिएको छैन । ❑




# कसरी अघि बढ्दैछ अष्ट्रेलियाली कम्युनिष्ट आन्दोलन ?

**डा. हन्नाह मिडल्टन**
*अध्यक्षः अष्ट्रेलियाली कम्युनिष्ट पार्टी*

*कुराकनी : क. मिडल्टनसँग*

## *पार्टी स्थापना र उकाली ओरालीहरू*

मेरो देशमा कम्युनिष्ट पार्टीको स्थापना सन् १९२० मा भएको थियो । रूसमा महान् अक्टोबर समाजवादी क्रान्तिको विजयको उभारले जुन विश्वव्यापी प्रभाव पैदा गरेको थियो, त्यही प्रभावले अष्ट्रेलियामा कम्युनिष्ट पार्टीको स्थापना भएको थियो, अक्टोबर क्रान्तिको ४ वर्षपछिको उही दिन पारेर ।

हामी यो वर्ष हाम्रो पार्टीको ८० औं जन्म-दिवस मनाइरहेछौं ।

हाम्रो पार्टी हमेशा मजदूरवर्गमा आधारित रहीआएको छ । त्यतिखेर, जतिखेर यो स्थापना भएको थियो, थुप्रै समाजवादी र मार्क्सवादी समूहहरू एकै ठाउँमा मिलेर यो पार्टीको स्थापना भएको थियो । यी समाजवादी र मार्क्सवादी समूहहरू यसरी एकीकृत भएर पार्टी बन्न लगभग १० वर्षको समय लागेको थियो । कुनै समूह आउने, कुनै समूह बाहिरिने, केन्द्रीकृत बिचार बन्ने - यो प्रक्रिया दश वर्षसम्म चल्यो र अन्ततः पार्टी बन्यो ।

हाम्रो पार्टीले आफ्नो जन्मको प्रारम्भदेखि नै मजदूरवर्गबीच काम थाल्यो । दोस्रो विश्वयुद्ध, अर्थात् सन् १९४० को दशकमा पुग्दा हाम्रो पार्टी निकै ठूलो भइसकेको थियो ।

परन्तु, दोस्रो विश्वयुद्धपछि - शीतयुद्ध शुरू भयो, अमेरिकी र सोभियत संघका बीचमा, समाजवादी खेमा र पूँजीवादी खेमाका बीचमा । यो शीतयुद्धका क्रममा हाम्रो पार्टीले ठूलो दवाव झेल्नु पर्‍यो । केही समयसम्म हाम्रो पार्टीलाई गैर-कानूनी घोषित गरियो, तर यो गैर-कानूनी स्थिति लामो समयसम्म कायम रहेन । गैर-कानूनी घोषित भएको स्थितिमा पनि सरकारी दमन त्यति कडी-कडाउ हुन सकेन । १-२ नेता कार्यकर्ताहरू गिरफ्तार गरिए । यो गिरफ्तारी पनि लामो समयको लागि भएन ।

त्यतिबेलै अष्ट्रेलियामा एउटा ठूलो जनमत संग्रह भयो । जनमत संग्रहमा हामीले सशक्त ढंगले राजनीतिक अभियान चलायौं र पार्टीमाथिको प्रतिबन्ध हट्यो ।

परन्तु सन् १९६० र १९७० को दशकमा पार्टीमा संशोधनवादको प्रभाव निकै बढ्यो विशेषतः सोभियत संघमा संशोधनवादको उदयपछि र इटाली, स्पेन र फ्रान्समा यूरोकम्युनिज्मको उदयपछि । केही राम्रा मानिसहरू पार्टीबाट निष्काशित गरिए । अब हामी मार्क्सवाद-लेनिनवादमा अडेर रहनुहुन्न भन्ने कैयनको धारणा रह्यो । अरू कैयनले पार्टी नै छोडे । मार्क्सवादी-लेनिनवादी बाटोप्रति उनीहरूको विश्वास नै बाँकी रहेन । अब मजदूरवर्गमा आधारित भएर क्रान्ति सम्पन्न हुन सक्दैन भन्ने उनीहरूको नयाँ सोच आयो- अब क्रान्तिको अगुवाइ महिलाहरूले गर्नुपर्छ, स्थानीय र आदिवासी जनजातिले गर्नुपर्छ, किसानहरू र अरू उत्पीडित जनसमुदायले गर्नुपर्छ । उनीहरूले जनवादी केन्द्रीकरणको सिद्धान्तलाई पनि मान्न अस्वीकार गरे, जनवादमाथि मात्रै एकतर्फी रूपमा जोड दिए ।

हामीले उनीहरूको सोचलाई स्वीकार्न र अपनाउन सकेनौं । फलस्वरूप, डिसेम्बर १९७१ मा हामीले नयाँ पार्टी गठन गर्‍यौं, मार्क्सवाद लेनिनवादमा आधारित ।

## *नयाँ पार्टीको जन्म*

पहिलेको कम्युनिष्ट पार्टी निकै बदनाम भएकाले हामीले नयाँ पार्टीको नाम 'अष्ट्रेलियाली समाजवादी पार्टी' राख्यौं । नयाँ पार्टी स्थापना भएपछि पार्टीले द्रुत गतिले विकास गर्‍यो ।

संसारका विभिन्न मुलुकका कम्युनिष्ट पार्टीहरूले ज्यादै छिट्टै हामीलाई सही कम्युनिष्ट पार्टीका रूपमा स्वीकार गरे । हाम्रो राजनीतिक लाइन र वैचारिक अडानहरू सही छन् भन्ने उनीहरूको धारणा रह्यो ।

उता, सन् १९८० मा पुग्दा पुरानो कम्युनिष्ट पार्टीले आफूलाई विघटन र अन्त्य गर्‍यो । अब अष्ट्रेलियाली कम्युनिष्ट पार्टी नामको कुनै पार्टी अस्तित्वमा बाँकी रहेन । त्यसपछि सन् १९९६ सम्म हामी पर्खियौं । सन् १९९६ मा हाम्रो पार्टीको आठौं महाधिवेशन सम्पन्न भयो । त्यो पार्टी महाधिवेशनले पार्टीको नाम पुनः फेरेर अष्ट्रेलियाली कम्युनिष्ट पार्टी राख्ने निर्णय गर्‍यो ।

यस्तो निर्णय हामीले किन गर्‍यौं भने, पहिलो कुरो त अ.क.पा. नामको पार्टी अब बाँकी नै रहेन । १६ वर्षसम्म कुर्दा पनि त्यो पुर्नजीर्वित हुने संभावना देखिएन । दोस्रो, सोभियत संघको विघटनपछि पूँजीवादी विश्वले भ्याली पिट्न थाल्यो- अब साम्यवादको मृत्यु भयो, अब कम्युनिज्म सान्दर्भिक नै रहेन । हामीले पूँजीवादी विश्वको यो हल्लालाई चुनौती दिन चाह्यौंः साम्यवाद अझै जीवित र सान्दर्भिक छ भनेर, हाम्रो पार्टी कम्युनिष्ट पार्टी नै हो भनेर । तेस्रो, पूर्वी यूरोपमा साम्यवाद ढलेपछि केही कम्युनिष्ट पार्टीले आफ्नो नाम नै बदले । उनीहरूले भने- अब हामी कम्युनिष्ट होइनौं, हामी अब समाजवादी मात्र हौं ।

त्यसैले हामीले सोच्यौं- पार्टीको नाम बदलेर पुरानै नाम फिर्ता गर्ने ठीक घडी आयो । हामीले संसारलाई यो घोषणा गर्ने समय आयो- हामीचाहिं केवल समाजवादी होइनौं, हामी साम्यवादी हौं, हामी कम्युनिष्ट हौं ।

हामीले पोलिट्ब्यूरो र केन्द्रीय समितिले सोचेर यो प्रस्ताव आठौं महाधिवेशनमा राख्यौं । महाधिवेशनमा यो कुरा राख्दा पहिले त गजबको सन्नाटा छायो - सबै गम्भीर, सबै चुपचाप, कोही केही नबोल्ने । हामी चकित भयौं ! बीचमा चिया-छुट्टी थियो । चिया छुट्टीको दौरानमा हामीले प्रतिनिधि कमरेडहरूसित खुलेर कुरा गर्‍यौं । त्यहाँ उनीहरूको मौनता भंग भयो । उनीहरूले पनि खुलेर कुरा गरे । उनीहरूको स्वर ठूलो- झन् ठूलो हुँदै गयो । चिया छुट्टी त अन्तरंग छलफलमा पो बदलियो । सबैले खुशी र गौरव पो व्यक्त गरे- आफू अब कम्युनिष्ट हुन पाएकोमा । पार्टीले ठीक समयमा ठीक निर्णय गरेको



**कसरी अष्ट्रेलियाली कम्युनिष्ट पार्टी जन्म्यो ? कसरी विघटित भयो र हाल यो कसरी पुनः संगठित भएको छ ?**

सबैको राय भयो । हामी नेतृत्वदायी मानिसहरू अति खुशी भयौं । हामीले समयको धड्कन ठीक ढंगले पहिचान गरेछौं भन्ने हामीलाई महसूस भयो ।

यसरी सन् १९९६ अक्टोबरमा हामीले पुनः पार्टीको नाम फेरेर पहिलेकै नाम राख्यौं - अष्ट्रेलियाली कम्युनिष्ट पार्टी (अ.क.पा.) ।

अहिले हाम्रो पार्टी सानो छ । सन् १९७० को दशकको फूटले र सन् १९८० को दशकमा कम्युनिष्ट पार्टीकै विघटनले गर्दा अब अष्ट्रेलियामा कम्युनिष्ट भन्ने केही कुरा बाँकी छैन भन्ने आम जनतामा भ्रम पर्न गएको छ । हामी पनि त त्यसबीचमा समाजवादी पार्टीको नाममा काम गरेको हुनाले जनतामा त्यस्तो भ्रम पर्न जानु स्वभाविक थियो ।


अब हामी जनतामा परेको त्यो छाप मेट्न क्रियाशील छौं । अहँ, अष्ट्रेलियामा कम्युनिज्म मरेको छैन, कम्युनिष्ट पार्टीको मृत्यु भएको छैन, त्यो अभै जीवित छ भन्ने सन्देश हामी अहिले दिइरहेछौं, विशेषतः श्रमिकवर्ग र जनसमुदायमा । हामी अहिले फेरि श्रमिकवर्ग र जनसमुदायमै आफ्ना सारा प्रयत्नहरू केन्द्रित गरिरहेछौं । त्यहाँ साम्यवादी जागरण ल्याउन हामीले कोशिस गरिरहेका छौं ।

## *हाम्रा शत्रुहरू र संघर्षका जटिलताहरू*

अष्ट्रेलियामा बीसौं शताब्दीको प्रारम्भमा ट्रेड युनियन आन्दोलन प्रारम्भ भयो । यो ट्रेड युनियन आन्दोलनको राजनीतिक प्रतिनिधिको रूपमा लेबोर पार्टीको उदय भयो । लेबोर पार्टीको चरित्र भने सोसल-डेमोक्र्याट अर्थात् समाजवादी-जनवादी थियो । ट्रेड युनियन आन्दोलन र सोसल डेमोक्र्याट लेबोर पार्टीबीचको घनिष्ठ सम्बन्ध नै हाम्रो लागि शुरूमा ठूलो विचारधारात्मक समस्या र चुनौतीको विषय भएको थियो ।

धेरै मजदूरहरू ट्रेड युनियन आन्दोलनमा हामफालिरहेका थिए । म चाहिं शान्ति आन्दोलन र आदिवासीबीच काम गर्थें । ती मजदूरहरू समस्याको बेला आफ्ना समस्याहरूबारे छलफल गर्न हामीकहाँ आउँथे । तर जब भोट दिने समय आउँथ्यो, उनीहरू भोटचाहिँ सोसल डेमोक्र्याट पार्टीलाई दिन्थे ।

यद्यपि, यही सोसल डेमोक्र्याट पार्टीले अष्ट्रेलियामा निजीकरण शुरू गऱ्यो, ट्रेड युनियनको अधिकारमा कटौती शुरू गऱ्यो, परन्तु मजदूरहरू ठूलो संख्यामा त्यही पार्टीको प्रभावमा



*अष्ट्रेलियन कम्युनिष्ट पार्टीले आयोजना गरेको एक प्रदर्शन*

> *हाम्रो मुलुक विकसित पूँजीपति मुलुक हो । परन्तु यहाँ मजदूरहरू चाहिं पहिलेभन्दा झन् झन् गरीब हुँदैछन् ।*

थिए । सन् १९८३ तिरको कुरा हो, लेबोर पार्टीले अष्ट्रेलियाली ट्रेड युनियन महासंघ (ACTU) सित एउटा सम्झौता गऱ्यो । यो सम्झौता एउटा वर्गीय साँठगाँठ थियो । यो सम्झौतापछि अष्ट्रेलियामा ट्रेड युनियन आन्दोलनको क्रियाशीलता र जुझारूपनको मात्रा घट्न थाल्यो । परिणामस्वरूप, अहिले केवल ३० प्रतिशत मजदूरहरू मात्र ट्रेड युनियन आन्दोलमा सरिक छन्, जबकि १९३०-४० को दशकमा कूल मजदूरको ७० प्रतिशत ट्रेड युनियनमा हुने गर्थे । १९८३ मै ५० प्रतिशत मजदूरहरू ट्रेड युनियनमा थिए । यस्तो हुनुको कारण के हो भने- ट्रेड युनियनको नेतृत्व अब जुझारू रहेन, उनीहरू संघर्षशील रहेनन् । समस्या परेर मजदूरहरू ट्रेड युनियनमा जान्छन् । ट्रेड युनियन चाहिं समस्याग्रस्त मजदूरहरूको लागि केही पनि गर्दैन । उल्टो यसले पूँजीपतिसित साँठगाँठ गर्छ । कारखानामा व्यक्तिगत कन्ट्याक प्रणाली लागू गर्छ । यसले ट्रेड युनियनलाई कमजोर पाऱ्यो ।

अष्ट्रेलियामा अहिले विश्वव्यापीकरणको असर पनि नराम्ररी पर्न लागेको छ । यसको असर के भएको छ भने- वस्तु उत्पादन -उद्योगहरू बन्द हुन लागिरहेछन् । अष्ट्रेलियामा भएका तेल उद्योगहरू, जुत्ता कारखानाहरू एशियाका अन्य मुलुकहरूमा सर्न थालिरहेछन् । त्यस्तै, अन्य वस्तु उत्पादन उद्योगहरू पनि । ती कारखानाहरू एशियाका ती मुलुकहरूमा सरिरहेछन्, जहाँ श्रम तुलनात्मक रूपमा सस्तो छ । यसले गर्दा अष्ट्रेलियामा अहिले बेरोजगारी बढ्दो छ । करिब ८ प्रतिशत मानिसहरू अहिले त्यहाँ पूर्णरूपमा बेरोजगार छन् । वस्तु उत्पादन उद्योगको सट्टामा त्यहाँ सेवा उद्योगहरू र सूचना प्रविधिजन्य उद्योगहरू बढ्दो छन् । यी नयाँ क्षेत्रका मजदूरहरू ट्रेड युनियन आन्दोलनमा आइरहेका छैनन् । उनीहरू ट्रेड युनियन आन्दोलनमा अभ्यस्त नै छैनन् ।

हाम्रो मुलुक विकसित पूँजीपति मुलुक हो । परन्तु यहाँ मजदूरहरू चाहिँ पहिलेभन्दा झन् झन् गरीब हुँदैछन् । हाम्रो देशको सम्पत्तिचाहिँ राष्ट्रातीत निगमहरूको हातमा जाँदैछ - जापानी राष्ट्रातीत निगमहरू, बेलायती राष्ट्रातीत निगमहरू, अमेरिकी राष्ट्रातीत निगमहरू । बेलायती पूँजी त अष्ट्रेलियाको एकदमै पुरानो सम्बन्ध भएको पूँजी हो । हाम्रो देशमा निकै उच्च मात्रामा विदेशी पूँजीको स्वामित्व छ । त्यसैले हाम्रो देशको नीतिबारे हामी आफै स्वतन्त्र रूपमा निर्णय नै गर्न सक्दैनौ ।

बिगतमा हामीहरू बेरोजगार रह्यौं भने, हामी पेन्सन पाउँथ्यौं । हामी बिरामी पऱ्यौं र काम गर्न असमर्थ भयौं पनि हामी पेन्सन पाउँथ्यौं । श्रीमानको मृत्यु भयो वा उनी टाढा कतै गए र जीविकाको समस्या पऱ्यो भने पनि महिला र परिवारले पेन्सन पाउथे । जबसम्म बालकहरू काम गर्न समर्थ हुँदैनन् । परन्तु अहिले सरकारले पेन्सनको प्रावधान भटाभट आफ्नो दायित्वबाट झिक्दैछ । यो दिने अभिभारा चर्च र निजी कम्पनीहरूलाई सुम्पँदैछ । परन्तु निजी कम्पनीहरू त जनताको भलाइको लागि त्यति सरोकार नै राख्दैनन् । उनीहरूको मुख्य सरोकार त नाफा हो । चर्च नाफामुखी संस्था होइन, परन्तु ऊ पनि भन्दैछ- हामीसित पर्याप्त पैसा नै छैन, सरकारले दिँदैन, हामीले कुन स्रोतबाट दिने ? यो हाम्रो लागि थेगीनसक्नुको भार भयो ।

यसप्रकार अष्ट्रेलियामा अहिले जनताको सामाजिक सुरक्षामा चर्को संकट पैदा हुँदैछ । जनतामा खासगरी श्रम गरी खाने श्रमिक जनतामा भविष्यप्रति असुरक्षाको भय पैदा




# अष्ट्रेलिया

## एक संक्षिप्त चिनारी

- जनसंख्या - १ करोड ८५ लाख (सन् १९९८ मा)
- जनसंख्या बृदिदर - १.३ प्रतिशत
- शहरी जनसंख्या - ८५ प्रतिशत
- साक्षरता - ९९ प्रतिशत
- जम्मामा आयु अपेक्षा - ७८ वर्ष
- संसदमा महिला प्रतिनिधित्व- २५ प्रतिशत
- प्रतिव्यक्त कुल गार्हस्थ आय - २१,८८१ अमेरिकी डलर (१९९८ मा)
- टेलिफोन - हरेक २ जनामा १ लाई उपलब्ध
- टेलिभिजन - हरेक हजारमा ६३९ जनालाई उपलब्ध
- कम्प्युटर - हरेक हजारमा ४१२ जनालई उपलब्ध
- कुल राष्ट्रिय उत्पादन GNP - २८७ अरब अमेरिकी डलर - १९९८ मा
- आर्थिक बृद्धिदर - २.१ प्रतिशत
- महँगी बृद्धिदर - ५.८ प्रतिशत
- औद्योगिक उत्पादन बृद्धिदर- -०.१ प्रतिशत
- बेरोजगारी दर- ६.९ प्रतिशत
- व्यापार सन्तुलन- -४.३ अरब डलर ।

स्रोत : *UNDP, Human Dev Report –2000*
*The Economist, March, 2001*

हुँदैछ । यो भयको कारणले केही मजदूरहरू ट्रेड युनियनमा आउँदैछन् । केही चाहिं दक्षिणपन्थी पार्टीतिर पनि लाग्दैछन्, आफ्नो समस्याको सरल र छिटो हल खोज्ने सिलसिलामा ।

एउटा नयाँ दक्षिणपन्थी पार्टी निस्केको छ- अष्ट्रेलियामा 'वन् नेशन' अर्थात् 'एक राष्ट्र' नाम गरेको । यो लोकप्रिय हुँदैछ । यो संस्था बैंकविरोधी छ, किनकि बैंकहरू अष्ट्रेलियामा ज्यादै धेरै नाफा कमाउँदैछन् । यी बैंकहरू ठूलो मात्रामा गरीबहरूको सम्पत्ति जफत गर्दैछन् । बाढी आउँछ, खडेरी पर्छ, गरीबहरू बैंकबाट ऋण लिन्छन्, परन्तु तिर्न सक्दैनन्, सम्पत्ति र जमीन जफत हुन्छ । यो नयाँ पार्टी यो प्रक्रियाको विरोध गर्दैछ ।

उनीहरू विदेशीहरूको ओइरोले आदिवासी अष्ट्रेलियालीहरूको रोजगारी र संस्कृति नष्ट भएकोमा पनि विरोधमा उत्रँदैछन् । एशियनहरू, इटालीयनहरू, ग्रीकहरू, बेलायतीहरू ठूलो संख्यामा अष्ट्रेलियामा ओइरिनाले खुद अष्ट्रेलियावासीले रोजगारी पाउने संभावना कम भएको छ । जसरी जर्मनीमा फाँसीवादको उदय हुने बेलामा जर्मन बेरोजगारीको लागि यहूदीहरूलाई दोष दिइन्थ्यो, हाम्रो मुलुकमा आदिवासीहरू अमेरिकीहरूलाई दोष दिँदैछन् । यस्तो सोच राख्ने मजदूरहरू छिटो राहत खोज्ने सिलसिलामा 'वन् नेशन'जस्ता दक्षिणपन्थी पार्टीमा प्रवेश गर्दैछन्, जसरी जर्मनीमा फाशिष्ट पार्टीमा प्रवेश गरेका थिए । यो हाम्रो लागि चुनौतीको विषय भएको छ ।


हाम्रो देशमा गरीबीको रेखामुनिका जनताहरू तपाईंको देशमा भन्दा ज्यादा छन् । ३० लाख मानिसहरू हाम्रो देशमा गरीबीको रेखामुनि छन् । यी अष्ट्रेलियाका वास्तविक कंगालहरू हुन् । परन्तु यी कंगालहरू नेपालका कंगालहरूभन्दा चाहिं धनी होलान् । हामी यी गरीबहरूको लागि लड्दैछौं । यी गरीब श्रमजीवि हुन् ।

यसप्रकार, हामीले अष्ट्रेलियामा ट्रेड युनियन आन्दोलनलाई पुनर्निर्माण गर्नुपर्ने स्थिति छ । हामीले मजदूरहरूमा यो सन्देश पुऱ्याउनु परेको छ- अष्ट्रेलियामा मजदूरहरूको वास्तविक पार्टी छ, त्यो अष्ट्रेलियाली कम्युनिष्ट पार्टी हो । पथभ्रष्ट सोसल डेमोक्रयाटिक लेबोर पार्टीको भ्रमबाट हामीले लाखौं मजदूरहरूलाई मुक्त गर्नुपर्ने स्थिति छ । अर्कोतिर, हामीले 'वन् नेशन' जस्तो चरम दक्षिणपन्थी पार्टीको भ्रमबाट पनि श्रमिक जनतालाई मुक्त गर्नुछ । अर्को, कट्टरपन्थी कन्जरभेटिभ सरकारसित पनि लड्नु छ । राष्ट्रातीत निगमहरूसित, उनीहरूको अर्थतन्त्रमा आधिपत्यविरूद्ध पनि लड्नु छ । त्यसैले हाम्रो देशमा साम्यवादको लागि हाम्रो संघर्ष निकै जटिल छ । शत्रु ठूला ठूला र धेरै छन्, हाम्रो संघर्ष त्यसैले सजिलो छैन, धेरै धैर्य र साहस चाहिने खालको संघर्ष छ यो ।

गएको १० वर्षमा, विशेषतः सोभियत संघ धराशायी भएपछि, अष्ट्रेलियामा जनताका धेरै प्रजातान्त्रिक अधिकारहरू खोसिएका छन् । अब अष्ट्रेलियामा मजदूरहरूले हड्ताल गर्नुसमेत अवैध भएको छ । अब हड्ताल गर्नसमेत चोरबाटो पक्रनुपर्ने स्थिति त्यहाँ आएको छ । धेरै होशियार भएर मजदूरहरूले संघर्ष गर्नुपर्ने भएको छ ।

गुप्तचर प्रहरीको प्रणाली बलियो पारिएको छ- हाम्रो मुलुकमा । कम्युनिष्टहरू र श्रमिकहरूले जुलूस प्रदर्शन र ऱ्याली गर्नुसमेत प्रतिबन्धित जस्तै छ । सेनाले गुप्तचर प्रहरीलाई सिधै संचालन गर्छ । तपाईंले जुलूस प्रदर्शन र ऱ्याली गर्नुभयो भने तपाईंलाई सेनाले सिधै गोली हान्न र मार्न सक्छ । भन्न त उनीहरू - आतंकवादका विरूद्ध मात्रै गोली हानिन्छ भन्छन् । तर यथार्थमा हामीले ऱ्याली गर्दासमेत गोली हान्छन् उनीहरू । पुलिसहरू ऱ्यालीप्रति निकै हिंस्रक ढंगले पेश हुन्छन् । यसरी, पहिले पाइने जुलूस ऱ्यालीको स्वतन्त्रता र प्रजातान्त्रिक हकसमेत अहिले आएर खोसिएको छ ।

बहुराष्ट्रिय कम्पनीहरूको बैठक वा सम्मेलन अष्ट्रेलियामा आयोजित हुन्छ । जनताहरू सम्मेलनस्थलमा जान खोज्छन्- विरोध जनाउनका लागि । सरकार रोक्छ र भन्छ- यो विरोध गैर-कानूनी छ । अष्ट्रेलियामा अमेरिकाको मिलीटरी बेस छ । त्यसको विरोध गर्न जनताहरू त्यहाँ जान्छन् । पुलिसले रोक्छ र भन्छ - तिमीहरूको विरोध अवैध छ, तिमीहरू अप्रजातान्त्रिक छौ । पुलिसले प्रदर्शनकारीलाई पिट्ने र गोली हान्नेसमेत गर्छ । सरकारले भन्छ- यी मानिसहरू कानून भंग गर्छन्, यी अप्रजातान्त्रिक तत्वहरू हुन् । यसरी सरकार हामीप्रति हिंस्रक रूपमा प्रस्तुत हुन्छ । सरकार हिंस्रक भएपछि प्रतिरोधमा हामी पनि हिंस्रक भइरहेछौं ।




**हामी ठान्दछौं- कम्युनिष्टहरूसित सामाजिक जीवनको हरेक फाँटको बारेमा उत्तर हुनुपर्दछ**

अहिले अष्ट्रेलियाली श्रमिक जनसमुदायमा सरकारप्रति क्रोध र आक्रोश बढ्दो छ, किनकि उनीहरूको हड्ताल गर्ने हक खोसिएको छ, जुलूस-ऱ्याली गर्ने स्वतन्त्रता खोसिएको छ । फलस्वरूप श्रमिकहरू अहिले पहिलेभन्दा लडाकू हुन थालिरहेछन् । ट्रेड युनियनहरू अहिले पहिलेभन्दा बलवान पनि हुँदैछन् । अहिले उनीहरूको बुझाइको दायरा पनि पहिलेभन्दा फराकिलो भएको छ । उनीहरू बुझ्न थालिरहेछन् कि उनीहरूको शत्रु बहुराष्ट्रिय कम्पनीहरू हुन् । राष्ट्रातीत निगमहरू हुन् । उनीहरू अब पूँजीवादबारे बुझ्न र छलफल गर्न थालिरहेछन् । हामी अहिले श्रमिक वर्गका साथसाथ अरू उत्पीडित सामाजिक शक्तिहरूलाई पनि ल्याउने कोशिस गर्दैछौं । मेलबोर्नमा भएको बहुराष्ट्रिय कम्पनीहरूको बैठकमा हामीले निकै राम्रो विरोध प्रदर्शन गरेका थियौं ।

### *हाम्रो क्रान्तिको बाटो*

हामी ठान्दछौं- कम्युनिष्टहरूसित सामाजिक जीवनको हरेक फाँटको बारेमा उत्तर हुनुपर्दछ । उनीहरूले मानव समुदायको हरेक फाँटको सेवा गर्नुपर्दछ । यदि कुनै कम्युनिष्ट विद्यार्थी छ भने उसले विद्यार्थीहरूको सेवा गर्नुपर्दछ, शिक्षक छ भने शिक्षकहरूको सेवा गर्नु पर्दछ । परन्तु हाम्रो मुख्य फोकस मजदूरवर्गमा हुने गर्दछ । उनीहरू नै हाम्रो लागि मुख्य क्रान्तिकारी शक्ति हुन् । हामीले सबैभन्दा ज्यादा उनीहरूसितै काम गर्नुपर्दछ । उनीहरूलाई नै संगठित गर्नुपर्दछ । हाम्रो पार्टीमा अरू कुनै पनि सामाजिक शक्तिभन्दा ज्यादा मजदूरहरू छन् पनि ।

जस्तो, मलाई नै लिनुहोस् । म अध्यक्षको नाताले पार्टीमा थुप्रै काम गर्दछु । म मुख्यतः शान्ति आन्दोलनमा काम गर्छु । शान्ति आन्दोलनमा काम गर्दा पनि मेरो सर्वप्रमुख जोड यो रहन्छ कि म यसमा सकेसम्म ज्यादा ट्रेड युनियन सदस्यहरू र मजदूरहरूलाई ल्याऊँ । ठीक त्यस्तै जोड, विद्यार्थी फाँटमा काम गर्ने साथीहरूको पनि हुन्छ । उनीहरू विद्यार्थीहरूलाई संगठित गर्छन् । विद्यार्थीहरूलाई संगठित गर्दा पनि उनीहरू ज्यादा जोड मजदूरवर्गका छोराछोरीलाई दिन्छन् । हाम्रो देशमा श्रमिकवर्गका छोराछोरीमध्ये धेरैले विश्वविद्यालय देख्न पाएकै हुँदैनन् ।

हाम्रो ठम्याइमा क्रान्तिको नेतृत्वकारी शक्ति, मुटु भनेको

# अष्ट्रेलियाली कम्युनिष्ट पार्टीको संक्षिप्त इतिहास

**अ.क.पा. को स्थापना :**

- ३० अक्टोवर १९२० मा सन् १८९० देखि चलेको श्रमिक आन्दोलन उत्कर्षमा पुगिरहेको परिस्थितिमा रूसको सफल अक्टोवर समाजवादी क्रान्तिको प्रत्यक्ष प्रभाववाट पार्टीको स्थापना ।

**अ.क.पा. स्थापनाको पहिलो दशकमा :**

- अ.क.पा.ले अन्तर्राष्ट्रिय ऐक्यबद्धताको निम्ति ब्रिटिश आम हड्तालको पक्षमा अष्ट्रेलियामा जन-अभियान चलाएको ।
- सक्को र भ्यान्जेट्टी हत्याको विरूद्धमा जन-अभियान लचाएको ।
- अ.क.पा.को नेतृत्वमा चाहिँ दक्षिणपन्थी रूझान हावी भएको ।

**सरकारद्वारा पार्टी प्रतिबन्धित गर्ने प्रयास :**

- सन् १९२६ मा, परन्तु अदालतमा मुद्दा नै लडेर सन् १९३२ मा त्यो प्रयत्न विफल पारियो ।

**पार्टीमा दक्षिणपन्थी धारको पराजय :**

- सन् १९२९ मा नयाँ नेतृत्वको चुनाव र दक्षिणपन्थी अवसरवादीहरूको पराजय
- औद्योगिक प्रतिष्ठानहरूमा संगठन निर्माण गर्ने सशक्त कार्यक्रमको शुरूआत ।
- १२ महीनामा पार्टी सदस्यतामा चारगुणा बृद्धि ।
- पार्टीद्वारा बेरोजगारहरूबीच,कोइला मजदूरहरू, बन्दरगाह मजदूरहरू, फलाम मजदूरहरू, समुद्री माझी श्रमिकहरू, रेल्वे मजदूरहरू, दमकल मजदूरहरूबीच संगठन निर्माण गर्ने र आन्दोलन उठाउने प्रयत्न । पार्टीद्वारा सवैथरिका मजदूहरूबीच गरिएको जुझारू काम र मजदूर आन्दोलन उठाउने प्रयत्नको फलस्वरूप अनगिन्ती मुख्य ट्रेड युनियनहरूमा कम्युनिष्टहरू नेतृत्वदायी स्थानमा निर्वाचित ।

**१९३० को दशकमा अ.क.पा.**

- पार्टीद्वारा युद्ध र फाशिवादविरूद्धमा ब्यापक जन-संघर्षको उठान । स्पेन गणतन्त्रको रक्षा गर्न गठिन अन्तर्राष्ट्रिय ब्रिगेडमा अष्ट्रेलियाली स्वयम्सेवकहरू बहादुरीपूवर्क लडे र मरे ।
- पार्टीद्वारा 'न्यू थिएटर' नाम गरेको थिएटर लगायत थुप्रै श्रमिक-वर्गीय सांस्कृतिक संगठनहरूको विकास ।
- पार्टीको अगुवाइमा लेखक र कलाकारहरूको संगठन स्थापना ।
- लोप हुन लागेको अष्ट्रेलियाली लोक गीतहरूलाई बचाउने कार्य ।
- अनेकौं बुद्धिजीविहरू पार्टीमा प्रवेश, अष्ट्रेलियाली बुद्धिजीविहरू पार्टीद्वारा निकै प्रभावित ।
- पार्टीद्वारा आदिवासीहरूको संघर्षमा र टोर्रेस् स्ट्रेट टापुवासीहरूको संघर्षमा जुझारू सहभागिता ।
- राष्ट्रिय प्रश्नमा पार्टीको नीति तर्जुमा ।

**पार्टीलाई पुनः गैर-कानूनी घोषित गर्ने प्रयत्न :**

- सन् १९३९ मा दोश्रो विश्वयुद्धको ठीक अगाडि अ.क.पा.लाई गैर-कानूनी घोषित गर्ने सरकारको प्रयत्न । अदालतमा सरकारको यो प्रयत्न पराजित ।
- परन्तु विश्वयुद्ध शुरू हुनासाथ राष्ट्रिय सुरक्षा कानून अन्तर्गत पार्टी पुनः प्रतिबन्धित । सो प्रतिबन्ध सन् १९४२ सम्म कायम । अष्ट्रेलियामा लेबोर पार्टीको सरकार आएपछि मात्र पार्टी प्रतिबन्ध हटाइयो ।
- नाजी जर्मनी र साम्राज्यवादी जापानको विरूद्धमा भएको लडाइँमा अ.क.पा.ले बहादुरीपूर्वक भाग लिएपछि र सोभियत जनता र लाल सेनाले यी विरूद्ध ऐतिहासिक र आश्चर्यजनक प्रतिरक्षा युद्ध चलाएपछि त्यसको प्रभाववाट पार्टी प्रतिबन्ध व्यवहारिक रूपमा असंभव हुन गएको ।

**पार्टी सदस्यतामा ब्यापक बृद्धि :**

- पार्टीमाथि प्रतिबध लाउने प्रयत्नका बाबजूद दोश्रो विश्वयुद्धमा पार्टीको वीरतापूर्ण सहभागिता र सेनामा समेत पार्टी संगठन निर्माण र विस्तारको फलस्वरूप अ.क.पा.को सदस्यतामा ब्यापक बृद्धि । ५० लख जनसंख्या भएको दोश्रो विश्वयुद्धपछिको अष्ट्रेलियामा २० हजारभन्दा ज्यादा पार्टी सदस्य संख्या ।

**अ.क.पा. विरूद्ध षड्यन्त्र र ओरालोको शुरूआत :**

- सन् १९५० को दशकभरि अ.क.पा.लाई विचारधारात्मक रूपले अस्थिर पार्ने प्रयत्न, पूँजीवादी सरकारबाट ।
- परन्तु सोभियत संघको सन् १९५६ को बीसौं पार्टी महाधिवेशन र हंगेरीको घटनापछि यो प्रयत्नमा उनीहरूलाई सफलता, अष्ट्रेलियाली सरकारद्वारा अत्यन्त नियन्त्रित संचार माध्यमहरूद्वारा कम्युनिष्टहरूबारेमा भ्रम पार्न ब्यापक कम्युनिष्टविरोधी प्रचार अभियान ।

**पार्टी दक्षिणपन्थी दिशातिर :**

- सन् १९६० को दमशकमा पुग्दा अ.क.पा. नेतृत्वले अत्यन्त ज्यादा बाटो बिराउन थालेको । सोभियत संघमा संशोधनवादी नेतृत्व हावी हुनुको प्रभावस्वरूप पार्टी नेतृत्वमा संशोधनवादी विचलन देखापरेको ।
- पार्टी नेतृत्वले क्रान्ति र आन्दोलनमा मजदूर वर्गको भूमिकालाई नकार्न थालेको ।
- मार्क्सवाद-लेनिनवादलाई अप्रासंगिक र 'म्याद नाघेको' भन्न थालेको ।
- जनवादी केन्द्रियतालाई पार्टी संगठनको सिद्धान्त ठान्न छोडेको ।

**पार्टी क्रमशः विघटनतिर :**

- सन् १९६० को दशकमा नेतृत्वमा संशोधनवादी सोच हावी भएपछि पार्टी सदस्यता संख्या र पार्टीको प्रभाव तीव्र गतिले घट्न थाल्यो । विभिन्न ट्रेड युनीयनहरूमा नेतृत्वदायी स्थिति भटाभट गुम्न थाल्यो ।
- पार्टी नेतृत्वको अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनसितको संबन्ध शत्रुतापूर्ण बन्न थाल्यो र सोभियत संघसँगको संबन्ध समेत नराम्ररी बिग्रन थाल्यो ।

**नयाँ पार्टीको जन्म :**

- डिसेम्बर १९७१ मा पार्टीका तल्लो तहका मार्क्सवादी-लेनिनवादी सोच राख्ने क्रान्तिकारी पार्टी कार्यकर्ताहरूको प्रयत्नबाट नयाँ पार्टीको जन्म- 'अष्ट्रेलियाली समाजवादी पार्टी' (असपा) का नाममा । असपाद्वारा अ.क.पा.का पहिलेको सही नीति र कार्यक्रमलाई नै 'निरन्तरता दिने' र नेतृत्वको संशोधनवादी विचारधारा र नीति नमान्ने घोषणा ।
- असपा पहिलेका अकपाका सदस्य रहेका पहिलेका थुप्रै मजदूरहरू र ट्रेड यूनीयन नेताहरूलाई आफ्नो पक्षमा तान्न समर्थ ।

**नयाँ पार्टीको विकास :**

- असपाद्वारा मजदूहरूको जीवन स्थिति ट्रेड युनीयन अधिकार, वातावरण, शान्ति, प्रजातान्त्रिक अधिकारहरू, आप्रवासीहरूको हक, महिलाको पूर्ण समानताको अधिकार सम्बन्धमा नयाँ नीतिहरूको तर्जुमा ।
- असपाद्वारा अष्ट्रेलियामा समाजवादको स्थापनाको लागि दुई चरणको संक्रमणको रणनीतिसम्बन्धी अवधारणा प्रस्तुत । 'वामपन्थी र प्रगतिशीलहरूको' संयुक्त मोर्चाको लागि आह्वान ।

**अ.क.पा.को विघटन :**

- सन् १९८९ मा पुरानो अ.क.पाका बाँकी बचेका सदस्यहरूले पार्टीलाई विघटन गर्ने र 'ब्यापक वामपन्थी' शक्तिहरूलाई संबोधन गरेर नयाँ वामपन्थी पार्टीको स्थापना गर्ने पक्षमा मतदान ।
- सन् १९९१ मा औपचारिक रूपमा अ.क.पा.को विघटन ।
- नयाँ वामपन्थी पार्टी पनि आफ्नो घोषित उद्देश्यमा असफल र चाँडै विघटनको घोषणा ।

**पार्टीको विशेष अधिवेशन :**

- सन् १९९० मा सोभयित संघ र पूर्वी यूरोपमा समाजवादको पतन संबन्धमा विचार विमर्श गर्न असपाको विशेष महाधिवेशनको आयोजना ।
- अधिवेशनद्वारा मार्क्सवाद-लेनिनवाद अझै उपयुक्त र प्रासगिक भएको र आफ्नो त्यसमा आस्था रहेको घोषणा ।

**पार्टी पुनः पुरानै नाममा :**

- अक्टोवर १९९६ मा असपाको आठौं पार्टी महाधिवेशन । पार्टीले पुनः पुरानै नाम- 'अष्ट्रेलियाली कम्युनिष्ट पार्टी' अंगीकार गर्ने निर्णय ।

**पार्टीको आगामी नवौं महाधिवेशन :**

- यही अप्रिल २००१ मा हुन लाग्दैछ । अर्थात् यही महिनामा इष्टर विदाको बेला पारेर सिड्नीमा पार्टीको नवौं महाधिवेशन हुन लाग्दैछ । ❑

श्रमिकवर्ग हो । हाम्रो क्रान्तिको केन्द्रीय भागमा श्रमिकवर्ग रहन्छन् । परन्तु श्रमिकवर्गका मित्र शक्तिहरू पनि छन् ।

मित्र शक्तिहरूको यो सूची हामी अहिले मुख्यतः कसका विरूद्ध लड्दैछौं भन्ने सवालसित सम्बन्धित छ । हाम्रो ठम्याइमा- हामी अहिले अष्ट्रेलियामा एकाधिकार पूँजीवादको शासन खत्तम गर्न संघर्षरत छौं । हामी हाम्रो क्रान्तिमा दुईवटा चरण हुने देखिरहेछौं: एउटा - एकाधिकार पूँजीवादविरोधी चरण । यो चरणमा साम्राज्यवाद वा एकाधिकार पूँजीवादको सत्तालाई चुनौती दिने काम हुनेछ । यो चरण क्रान्तिको जनवादी चरण हुनेछ । जब यो चरण पूरा हुनेछ, हामीले आधारभूत जनवादी अधिकारहरू बहाली गरेका हुनेछौं, श्रमिकवर्गको नयाँ सरकार गठन हुनेछ, एकाधिकार पूँजीवादको सत्तालाई धराशायी पारिसकेका हुनेछौं र श्रमिक जनताको आन्दोलनको तागत निर्मित हुनेछ, हामी क्रमबद्ध रूपमा अब समाजवादी एजेण्डातर्फ अघि बढ्नेछौं । यो समाजवादी चरण हुनेछ । समाजवाद निर्माण गर्नु नै हाम्रो त्यतिखेरको मुख्य ध्येय हुनेछ । हामी पूँजीवादबाट समाजवादतर्फ एक्कासी क्रान्तिकारी फड्को मारिरहेका हुनेछौं । यसले लामो समयावधि लिनेछ । हाम्रो संक्रमण टेढोमेढो हुनेछ । हामी अर्थतन्त्रको केही क्षेत्रमा अझै पूँजीवादको शक्तिविरूद्ध लडिरहेका हुनेछौं, जबकि राजनीतिक क्षेत्रमा भने हामीले राजनीतिक सत्ता आफ्नो हातमा लिइसकेका हुनेछौं । यसरी हामी समाजवाद र साम्यवादतर्फ अघि बढ्नेछौं ।

क्रान्तिको हालको पहिलो चरणमा- मध्यमवर्ग, निम्न पूंजीपतिवर्ग, साना किसानहरू, साना निजी व्यवसायकर्ताहरू र पूँजीपतिवर्गकै त्यो तप्का, जो बहुराष्ट्रिय पूँजीसित मिलीभगत गरिरहेको छैन र जो राष्ट्रिय रूपमा अष्ट्रेलियाली पूँजीवाद विकास गर्न तत्पर छ - उनीहरू हाम्रो क्रान्तिका मित्रशक्ति हुनेछन् । हामी अहिले क्रान्तिको यही पहिलो चरणमा छौं ।

यो चरणमा हामीले विभिन्न सामाजिक तप्का र शक्तिहरूलाई पनि क्रान्तिको पक्षमा ल्याउन काम गर्नुपर्छ, जस्तो कि युवाहरू, महिलाहरू, आप्रवासीहरू र आदिवासीहरूलाई । यी हाम्रो क्रान्तिका मित्रशक्ति हुन सक्छन् ।

हाम्रो क्रान्तिको यतिखेरको रणनीति अहिलेको एकाधिकार पूँजीवादको तावेदार सरकारलाई फालेर जनताको एकताको जन-सरकार स्थापना गर्नु हो । यो भन्नुको तात्पर्य हो - वर्तमान कन्जरभेटिभ र सोसल डेमोक्र्याटहरूको संयुक्त नियन्त्रणमा आधारित सरकार ढाल्नु । विगत १०० वर्षदेखि यिनै दुईवटा पार्टीले पालैपालो हाम्रो देशमा शासन गर्दै आएका छन् । परन्तु, यी दुबैले साम्राज्यवादको स्वार्थ मात्रै, बहुराष्ट्रिय कम्पनी र एकाधिकार पूँजीवादको स्वार्थ मात्रै पूरा गरिरहेछन् । यिनीहरूले बहुसंख्यक श्रमिकवर्ग र जनसमुदायको स्वार्थ रक्षा गरिरहेका छैनन् ।

हामीले हाम्रो मुलुकको आर्थिक र राजनैतिक परिस्थितिको सही समझदारी हासिल गर्न खोजिरहेछौं । हाम्रो ठम्याइमा यतिखेर हामीले व्यापक दायराको जन-आन्दोलन विकसित गर्न मरिहत्ते गर्नुपर्छ । हामीले ट्रेड युनियन आन्दोलनलाई बलवान र जुझारू पार्नु पर्दछ । बहुराष्ट्रिय कम्पनीविरोधी आन्दोलनलाई शक्तिशाली ढंगले उठाउनुपर्छ । आर्थिक र सामाजिक क्षेत्रको हरेक फाँटमा र हरेक सवालमा हामीले आन्दोलन विकसित गर्नुपर्छ ।



**संघर्षको लागि सारा नेता/कार्यकर्ता र वर्गको मन–मस्तिष्क तैयार राख्न हामी नियमित रूपमा एउटा सैद्धान्तिक जर्नल निकाल्छौं– Australian Marxist Review नामको ।**

जस्तो, जातिवादविरोधी आन्दोलन, शान्तिको लागि आन्दोलन, हाम्रो देशमा अमेरिकी मिलिटिरी बेस राख्ने सरकारी नीतिविरूद्धको आन्दोलन - यी सब आन्दोलनलाई हामीले चर्काउन कोशिस गर्नुपर्छ । जन-आन्दोलनको यो बूतामा आधारित भएर हामीले संसदमा पनि प्रतिनिधि पठाउने जमर्को गर्नुपर्छ । कम्युनिष्टहरू, ग्रीनहरू, स्वतन्त्रहरू सकेजति ज्यादा संसदमा पुग्नुपर्छ ।

तर, नयाँ सरकार एक्लो संसदीय बाटोबाट मात्रै आउन सक्दैन । हामीले सबभन्दा ज्यादा ट्रेड युनियन आन्दोलनलाई जुझारू र प्रभावकारी पार्नमा जोड दिनुपर्छ । किनकि, त्यो नै मजदूरवर्गको तागत हो । ट्रेड युनियन आन्दोलनको राजनीतिक समझदारीलाई पनि विकसित गरिनुपर्छ । संख्यात्मक रूपमा पनि यसलाई बलवान पारिनुपर्छ । मूलतः जुझारू, ट्रेड युनियन आन्दोलनको बलमा, सहायक रूपमा सबै फाँटको, सबै तप्काहरूको सशक्त जन-आन्दोलनको तागतको बलमा- हामीले जनताको एकताको जन-सरकार गठन गर्ने रणनीति अपनाएका छौं ।

जनताको एकताको जन-सरकारले नयाँ जनवादी आर्थिक प्रणाली देशमा स्थापना गर्न प्रयत्न गर्नेछ । यसले अष्ट्रेलियालाई विदेशी एकाधिकार पूंजीको दवदवाबाट मुक्त गर्नेछ, यसले श्रमिकवर्गको स्वार्थ र हितको रक्षा गर्नेछ, साना श्रमिक किसानको, साना व्यवसायीहरूको हितको रक्षा गर्नेछ, साथै सबै उत्पीडित सामाजिक शक्तिको हितको पनि ।

हाम्रो देशमा विदेशी पूँजी ठूलो पैमानामा छ । यो पूँजी क्रान्तिअघि नै बाहिर नभागोस् भन्ने कुरामा हामीले बडो होशियारीपूर्वक काम गर्नु परेको छ । यो विदेशी पूँजी अहिले सुन, हीरा, ठूलो पैमानाको खेतीजस्ता ठाउँमा बढ्ता केन्द्रित छ । यद्यपि त्यहाँ ज्यादा मजदूरहरू छैनन्, परन्तु अष्ट्रेलियाले निर्यातबाट कमाउने यिनै क्षेत्रबाट हो । यो क्षेत्रको नाफा पनि धेरैजसो विदेशमै जान्छ, जस्तो जापान, अमेरिका, बेलायतमा । परन्तु यो क्षेत्रको उत्पादनको काम तहसनहस नहोस् भन्ने कुरामा हाम्रो ध्यान जानु जरूरी छ ।

### *संघर्षका औजारहरू र रूपहरू*

अ.क.पा. संघर्षका सबै बाटाहरूलाई खुला राख्न चाहन्छ । कानूनी, गैर-कानूनी, शान्तिपूर्ण, सशस्त्र, संसदीय, गैर-संसदीय । ती सबै संघर्षका उपायहरू अपनाइनुपर्छ भन्ने हाम्रो दृष्टिकोण छ, जसले पूँजीवादविरोधी संघर्ष अग्रगामी दिशामा लैजान्छ । कतिखेर कुन खालको संघर्ष उठाउने भन्ने कुरा हाम्रो चाहनामा आधारित हुँदैन । यो तात्कालीन वस्तुगत स्थितिले पैदा गर्ने वस्तुगत आवश्यकतामा भरपर्ने कुरा हो । शत्रुले न्यायपूर्ण संघर्षमाथि कस्तो रूख अपनाउँछ - संघर्षको रूप त्यसैबाट तय हुन्छ । परन्तु हामी सबै किसिमको संघर्षका रूपप्रति खुला छौं । कम्युनिष्टहरूले खालि यो रूपको संघर्ष मात्रै अपनाउने, अर्को नअपनाउने भनेर पहिले नै किनारा लाउनु बिल्कुलै यान्त्रिक कुरा हुन्छ । हरेक प्रकारको संघर्षका रूप अपनाउन कम्युनिष्टहरू तम्तयार हुनुपर्छ ।

कम्युनिष्टहरूले अपनाउनुपर्ने संघर्षको रूप भनेको हरेक फाँटमा जन-आन्दोलनको उठान गर्नु हो । सभामा जाने, जनतासित संवाद गर्ने, जनताको आन्दोलन उठान गर्न पर्चा र साहित्यको विकास गर्ने, ऱ्याली आयोजना गर्नु, हड्ताल गर्नु, यी सबै आम संघर्षका रूपहरू हुन् । पार्टीभित्र आफैंलाई शिक्षित गर्नु, आधारभूत सवालमा सही समझदारी हासिल गर्नु, पार्टीभित्र राम्रा तत्वहरू भित्र्याउनु, विचार द्वन्द गर्नु - यी पनि संघर्षकै अर्काथरि रूपहरू हुन् ।

संघर्षको लागि सारा नेता/कार्यकर्ता र वर्गको मन-मस्तिष्क तैयार राख्न हामी नियमित रूपमा एउटा सैद्धान्तिक जर्नल निकाल्छौं- Australian Marxist Review नामको । यो उच्चतम स्तरको वैचारिक पत्रिका हो, जसले सैद्धान्तिक र वैचारिक रूपमा सारा नेता-कार्यकर्ता र जनतालाई शिक्षित पार्ने काम गर्छ । त्यसपछि हामीसित संघर्षका खबरहरूलाई आम जनताबीच पुऱ्याउन एउटा खबरपत्रिका छ - The Guardian भन्ने । जो हामी व्यापक रूपमा बिक्री वितरण गर्छौं । यो पनि संघर्षकै एउटा औजार हो । त्यसपछि ऱ्याली, जुलूस, हड्ताल वा अरू कुनै संघर्षका कार्यक्रममा हामी पर्चा प्रकाशित गर्छौं - जन समुदायमा संघर्षका मुद्दाहरू, उद्देश्य र कारणहरू स्पष्ट पार्न ।

बोल्नु, खास खास मुद्दालाई स्पष्ट भाषामा व्याख्या गर्नु, भाषण दिनु, संवाद कायम गर्नु र गैर कम्युनिष्टहरूलाई कम्युनिष्ट बनाउनुलाई पनि हामी संघर्षकै अति जरूरी औजारका रूपमा लिने गरिरहेका छौं । एउटा कम्युनिष्ट या त एउटा कारखानामा काम गर्छ, या कुनै कार्यालयमा, या फार्ममा या होटेल र विद्यालयमा । उनीहरू जहाँ जहाँ काम गर्छन् ,त्यहाँ-त्यहाँ जनतालाई तात्कालीन रूपमा समस्या वा मर्का परेको मूल मुद्दामा संघर्ष उठान गर्न, जनतालाई संगठित गर्न उनीहरूले पहल गर्नुपर्छ । यसका निम्ति उनीहरूको संझाइ-बुझाइ, बैठक, उनीहरूको व्याख्या विश्लेषण, उनीहरूको संवाद पनि हाम्रो नजरमा संघर्षका शुरूका औजारहरू नै हुन् ।

प्रत्येक कम्युनिष्ट जन-आन्दोलनप्रति इमान्दार रहनुपर्छ र आफ्नो प्रयत्नले उसले यसलाई शक्तिशाली बनाउनुपर्छ । दोस्रो, प्रत्येक

कम्युनिष्टले गैर-कम्युनिष्टहरूको समझदारी र सोच्ने दायरा फराकिलो बनाउन भूमिका खेल्नुपर्छ र उनीहरूलाई आन्दोलनमा र पार्टीमा भित्र्याउन भूमिका खेल्नुपर्छ । यो कसरी गर्ने ? आफ्नो कमिटीमा र सामूहिकतामा छलफल गर्नुपर्छ । हरेक कम्युनिष्टहरूका यी दुई अनिवार्य कामहरू हुन् भन्ने हाम्रो ठम्याइ छ ।

कम्युनिष्टहरूले त्यस्तो हरेक कार्यनिति अप्नाउनुपर्छ, जसले संघर्षलाई अगाडि लैजान्छ ।

## समाजवादसम्बन्धी हाम्रो धारणा

समाजवादसम्बन्धी हाम्रो मूलभूत अवधारणा के छ भने -

◆ वास्तविक सत्ता श्रमिकवर्ग र श्रमिक जन-समुदायको हातमा हुनुपर्छ । उनीहरू हरेक हिसावले सर्वशक्तिमान हुनुपर्छ

◆ अर्थतन्त्रका मूलभूत क्षेत्रहरू राज्यको नियन्त्रणमा हुनुपर्छ । सहकारी, सामूहिक स्वामित्व पनि र शोषण नगर्ने हदसम्म साना व्यवसायी पनि साथ साथ अस्तित्वमा रहन सक्छन् । तर अर्थतन्त्रका मुख्य क्षेत्रहरू भने राज्यकै अधीनमा हुनुपर्छ ।

◆ आदिवासी जाति जन-जातिको हक सुरक्षित हुनुपर्छ । उनीहरूलाई जमीन, सामाजिक सुरक्षा र स्वायत्तता हुनुपर्छ ।

◆ समाजवादमा जनवाद अभिन्न विशेषताका रूपमा हुनुपर्छ ।

◆ समाजवादमा पनि समाजवादका विरूद्ध नभएका र फासीवादी प्रवृत्ति नभएका सबै पार्टीहरू अस्तित्वमा रहिरहन पाउनुपर्छ । साना व्यवसायीको पार्टी, अरू सामाजिक समूहको प्रतिनिधित्व गर्ने पार्टीहरू समाजवादमा अस्तित्वमा रहिरहन सक्छन् ।

हाम्रो ठम्याइमा हामीले स्थापना गर्ने समाजवादका मूलभूत विशेषताहरू यी हुनेछन् । विस्तृत र सूक्ष्म खाका त तब मात्रै भन्न सकिनेछ, जब समाजवाद साँच्चै नै स्थापित गरिनेछ ।

सोभियत संघमा के गल्ती भयो भने- पार्टीले 'जनताको लागि' भनेर सबैथोक आफैले गर्न थाल्यो । पार्टीले जनताको सेवा गर्‍यो, यहाँसम्म कुरा ठीक छ । तर क्रान्ति त जनताले गरेको हो नि ! क्रान्ति गर्ने जनता त्यहाँको समाजवादमा सर्वशक्तिमान हुन सकेनन्, पार्टी मात्रै शक्तिशाली बन्यो । यो गल्ती त्यहाँ गरियो । त्यसैले हाम्रो धारणा छ- समाजवादमा क्रान्ति गर्ने बहुसंख्यक श्रमिक जनताले नै

> **क्रान्ति गर्ने जनता सोभियतसंघको समाजवादमा सर्वशक्तिमान हुन सकेनन्, पार्टी मात्रै शक्तिशाली बन्यो । यो गल्ती त्यहाँ गरियो ।**

राज्य र सबै थोकमाथि नियन्त्रण र आधिपत्य कायम गर्नुपर्छ, उसको नाममा पार्टीले होइन । पार्टी र राज्यलाई अलग्याइनु पर्छ । पार्टीको नेतृत्व हुनुपर्छ, तर नेतृत्व भनेको वैचारिक, सांस्कृतिक दिग्दर्शन हो, शिक्षित पार्ने काम त नियन्त्रण हो । तानाशाही होइन, नियन्त्रणहीनता होइन । समाजवादमा श्रमिक वर्ग भनेको त्यो सर्वशक्तिशाली शक्ति हुनुपर्छ, जसले आफ्नो हितको विकल्प आफै छनौट गर्छ, उसको नाममा पार्टीले छनौट गरीदिने होइन । राज्यले बाटो बिरायो भने नियन्त्रण र पार्टीले संघर्ष पनि गर्नुपर्छ, परन्तु सिंगो श्रमिक वर्गको विकल्प पार्टी बनीदिनु कदापि हुँदैन । राज्य र पार्टी छ्यासमीस् हुनु हुँदैन ।

## पार्टी यसरी चल्छ

हाम्रो २० जनाको केन्द्रीय समिति छ । सबै केन्द्रीय समिति सदस्यहरू महाधिवेशनद्वारा प्रजातान्त्रिक ढंगले चुनिन्छन् । प्रत्येक ४-४ वर्षमा महाधिवेशन हुन्छ । यस्तैगरी तल्लो तहका कमिटीहरू पनि चुनिन्छन् ।

केन्द्रिय समिति र महाधिवेशन नीति तर्जुमा गर्ने सर्वोच्च अंग हो । नीति तय हुनुअघि माथिदेखि तलसम्म छलफल गरिन्छ । केन्द्रिय समितिले नीतिको प्रस्ताव गर्छ, प्रस्तावित नीतिमाथि प्रत्येक सबै तहका पार्टी सदस्यहरूले छलफल गर्न पाउँछन् । प्रत्येक पार्टी सदस्यलाई आफैले नीति प्रस्ताव गर्ने र प्रस्तावित नीतिमाथि आलोचना वा भिन्न मत राख्न र चुन्ने-चुनिने अधिकार छ ।

हाम्रो तल्लो कमिटी भनेको पार्टी शाखा हो । पार्टी शाखाहरूले त्योभन्दा माथ्लो तहको कमिटीको लागि प्रतिनिधि चुनेर पठाउँछन् । शाखाभन्दा माथ्लो अंग भनेको राज्य हो । राज्य तहको सम्मेलन हुन्छ । सम्मेलनमा त्यो दस्तावेजबारे छलफल हुन्छ, जुन केन्द्रले छलफलको लागि जारी गरेको हुन्छ । दस्तावेजउपर पार्टी शाखाहरूले छलफल गरेर के राय पठाए, त्यो राज्यस्तरीय सम्मेलनमा विचार विमर्शको विषय बन्छ । साथै, यो सम्मेलनमा राज्यको तर्फबाट केन्द्रमा को चुनिनुपर्ने हो, त्यो पनि निर्णय हुन्छ । यसरी राज्यस्तरको सम्मेलनले केन्द्रिय दस्तावेजमा के के फेरबदल गर्नुपर्ने हो, त्यो पनि प्रस्ताव गर्छ, केन्द्रिय समितिका लागि आफ्नो उम्मेदवार पनि चुन्छ ।

महाधिवेशनले केन्द्रीय समिति चुन्छ । केन्द्रीय समितिको पहिलो बैठक- महाधिवेशनको अन्तिम रात बस्छ । त्यसले आफ्नो अध्यक्ष र महासचिवलगायत अन्य कार्यकारी पदाधिकारीहरू चुन्छ । महाधिवेशनको एक महिनापछि बस्ने केन्द्रीय समितिको कार्यकारी पदाधिकारीको बैठकले पोलिट्ब्यूरो निर्वाचित गर्छ ।

हाम्रो देश ठूलो छ, त्यसैले, पोलिट्ब्यूरोको बैठकचाहिँ हप्ताको एकचोटि मात्र बस्छ । केन्द्रीय समितिको कार्यकारी पदाधिकारीहरूको बैठक वर्षमा ७ पटक बस्छ । केन्द्रीय समितिको बैठकचाहिँ वर्षको ३ देखि ४ पटक बस्छ । शाखाहरू १५ दिनको एक पटक बस्छन् । यसरी हाम्रो पार्टीको काम कार्वाही हुनेगर्छ ।

हरेक पार्टी सदस्यलाई कुनै पनि केन्द्रीय निर्णयबारे आफ्नो आलोचना पार्टीभित्र छलफलमा राख्ने गरी लेखी पठाउने हक छ । परन्तु पार्टी केन्द्रीय समितिको निर्णयको पक्षमा पार्टीबाहिर बोल्नुचाहिं उसको कर्तव्य हो । बाहिर उसले आफ्नो भिन्न मत राख्न पाउँदैन । त्यस्तै, कुनै पनि केन्द्रीय समितिका र राज्यस्तरका सदस्यबारे आफ्नो असंतोष वा आलोचनाका चार्ज लेखीपठाउने हक पनि हरेक पार्टी सदस्यलाई छ । त्यहीं आरोपको छानवीन हुन्छ र सही ठहरे निलम्बन, निष्काशन, जिम्मेवारी हेरफेर कुनै पनि कुरा हुनसक्छ । कारवाही हुनुअघि हरकेलाई आफ्नो सफाइ राख्ने यथेस्ट समय दिइन्छ ।

पार्टी महाधिवेशन वा केन्द्रीय समितिले अन्तिम निर्णय नगरून्जेल हरेकलाई आफ्नो मत वा आलोचना राख्ने पर्याप्त अवसर दिइन्छ । परन्तु एकचोटि निर्णय भएपछि त्यो निर्णयको रक्षा र व्याख्या गर्नु हरेक पार्टी सदस्यको कर्तव्य हो । उसले पार्टीभित्र आलोचना राख्न पाउँछ, तर पार्टीबाहिर यसको विरूद्ध आवाज उठाउन पाउँदैन ।

यो प्रणाली छ हाम्रो पार्टीभित्र । यसरी चलिरहेछ हाम्रो कम्युनिष्ट पार्टी । ❑


**मूल्याङ्कन** | **आवश्यकता** | **नव युवा**

'मूल्यांकन' तथा 'नव युवा'को प्रकाशक यस अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि निम्न पदहरू खुल्ला प्रतियोगिताबाट पूर्ति गर्नुपर्ने भएकोले इच्छुक योग्य उम्मेदवारहरूले २०५८ वैशाख मसान्तभित्र आफ्नो दर्खास्त, योग्यताको प्रमाणपत्र, बायोडाटा र फोटो पोष्ट बक्स नं. ७०५० मा पठाउनु होला ।

१. पद :- डेस्क सम्पादक
योग्यता :- स्नातक उत्तीर्ण, पत्रकारितामा तालिम प्राप्त र नेपाली भाषा लेखन तथा प्रस्तुतिमा राम्रो दखल भएको ।

२. पद :- प्रुफ रिडर
योग्यता :- स्नातक उत्तीर्ण, नेपाली भाषा लेखन, प्रस्तुतिमा दक्ष तथा कम्प्युटर संचालन गर्न सक्ने ।

३. पद :- बजार प्रबन्धक
योग्यता :- स्नातक उत्तीर्ण तथा बजार व्यवस्थापनसम्बन्धी ज्ञान र अनुभव । कुनै पत्रिकाको बजार व्यवस्थापन गरिसकेका अनुभवीलाई ग्राह्यता दिइनेछ ।

४. पद :- विज्ञापन प्रबन्धक
योग्यता :- स्नातक उत्तीर्ण तथा विज्ञापनसम्बन्धी विशेष अनुभव भएको ।

५. पद :- बजार प्रबर्धक
योग्यता :- एस.एल.सी. उत्तीर्ण

*कृपया यस सम्बन्धमा थप पत्राचार तथा फोन नगर्नु होला ।*

**अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.**
पुतलीसडक, पोष्ट बक्स नं.- ७०५० काठमाडौं ।

# कभर पेजमा पुष्पलालको फोटो देखेर आलोचना गर्नेहरूप्रति

- चन्द्रदेव नेपाली -



आजभन्दा ८-१० वर्षअघि 'मूल्यांकन'मा ने.क.पा.का संस्थापक नेता क. पुष्पलालको फोटो कभर पेजमा छापिँदा र उहाँबारे विश्लेषणात्मक लेख छापिँदा केही वामपन्थी नेता-कार्यकर्ताहरूले ठूलो आलोचना गरे ।

"हुँदाहुँदा त अब तपाईंहरू पुष्पलाललाई कभरमा ल्याएर छाप्ने पनि हुनुभयो हगि ?" -उनीहरूले प्रश्न गरे । यो प्रश्नमा प्रश्नमात्र थिएन, व्यंग्य र उपेक्षाको मात्रा पनि प्रशस्तै मिलेको थियो ।

वास्तवमा, ती नेता-कार्यकर्ताहरू पुष्पलाललाई 'गद्दार' भएको आरोप लगाउने क. मोहनविक्रमका तात्कालीन बिचार प्रवृत्तिहरूबाट प्रशिक्षित मानिसहरू थिए ।

उनीहरूको दृष्टिमा 'गद्दार पुष्पलाल'लाई 'मूल्यांकन'ले महत्वसहित स्थान दिनु गलत थियो ।

यथार्थमा के थियो भने, 'मूल्यांकन'मा क. पुष्पलालबारे कुनै बढाइचढाइ गरिएको पनि थिएन, आवश्यकबाहेक अनावश्यक महत्व दिइएको पनि थिएन । विभिन्न व्यक्तिहरूका लेखहरूमार्फत् उहाँ र उहाँको योगदानको समीक्षा गरिएको थियो । उहाँका सीमा, कमजोरी र गल्तीको आलोचना पनि गरिएको थियो । उहाँका सकारात्मक योगदानहरूको प्रशंसा पनि गरिएको थियो । उहाँलाई अयथार्थमूलक ढंगले 'महान' मान्ने वा अयथार्थमूलक ढंगले नै 'तुच्छ' ठान्ने दुवैथरि 'अति'हरूबाट मुक्त भएरै गरिएको क. पुष्पलालको विवेचना त्यसमा समावेश गरिएको थियो ।

एक त ती नेता-कार्यकर्ताहरूका दिमागमा कभरमा फोटो छाप्नु भनेको प्रशंसा नै गर्नु हो भन्ने गलत र 'यान्त्रिक सोच' हावी भएको देखिन्थ्यो । यस्तो सोच अझै पनि विभिन्न वाम-खेमाहरूका 'नेता-कार्यकर्ता' हरूमा केही मात्रामा जीवितै रहेको पाइन्छ । भित्री सामग्रीहरू जति नै 'वस्तुपरक' भए पनि त्यसलाई नहेरी फोटो मात्रै हेरेर पूर्वाग्रह बनाउन उनीहरू हत्तारिने गर्छन् । सार नहेर्ने, रूपमात्र हेर्ने यो प्रवृत्ति छलफलको भिन्नै विषय हो । यसलाई यही छोडौं, यहाँ कुरा उठाउन खोजिएको विषयतिरै प्रवेश गरौं र पुष्पलालकै चर्चा गरौं ।

हालै आएर क. मोहनविक्रमहरूको पार्टी ने.क.पा. मसालले पुष्पलाललाई 'गद्दार' नभन्ने निर्णय गऱ्यो । राम्रो गऱ्यो । ढीलै भए पनि 'मसाल' ठीक ठाउँमा आयो ।

'मसाल'ले 'गद्दार' भन्न छोड्यो भन्नुको अर्थ अब उसले क. पुष्पलालका कुनै कमजोरी वा सीमा नै थिएनन् भनेर भन्यो भन्ने मलाई लाग्दैन । क.पुष्पलाललाई मूलतः नकारात्मक देख्ने प्रवृत्ति यसले त्याग्यो र यथार्थपरक ढंगले हेर्ने प्रवृत्ति अँगाल्यो । तात्कालीन समय र परिवेशको सन्दर्भको सापेक्षतामा यथार्थपरक ढंगले हेर्न थाल्ननपाई जोकोहीले पनि क. पुष्पलालमा जम्मामा सकारात्मक पक्ष नै ज्यादा भएको पाउँछ नै । होलान् उहाँका गम्भीर त्रुटीहरू पनि । तिनीहरूलाई बिर्सनु जरूरी छैन र बिर्सनु ठीक हुन्न पनि । गल्ती, त्रुटी औंल्याएर आन्दोलनमा अब ती त्रुटीहरू नदोहऱ्याउने प्रयत्न हुनुपर्छ नै ।

ठीक छ, मसालले पुष्पलालको पुनर्मूल्यांकन गऱ्यो, गर्दा उहाँलाई 'गद्दार' नै भन्नुपर्ने चाहिँ ठानेन । तर हिजो उसले गरेको मूल्यांकन र लगाएको आरोपले नेपाली वामआन्दोलनमा कति ठूलो क्षति पुग्न गयो होला भन्नेबारे एकछिन सबैले घोत्लिनु जरूरी छ भन्ने मलाई लाग्छ । बर्षौंको लामो अन्तरालभरि 'गद्दार' ठानेर पुष्पलाललाई एउटा खेमा सिंगैले उपेक्षा गऱ्यो । यसले गर्दा उहाँको विचार र कामहरूको अध्ययन र समीक्षा गर्दै तिनीहरूलाई उच्चतातर्फ डोऱ्याउने काम हुन सकेनन् । पुष्पलालको सोचसँग निकटमा रहेका मित्रहरूसँग संवाद कम हुनपुग्यो । त्यसले दुई थरिबीच आवश्यक र सम्भव हदको 'एकता'मा पनि बाधा पुऱ्यायो ।

यथार्थलाई नियालेर हेर्ने हो भने हामी हाम्रो समग्र समाजमा समयमै पर्याप्त र समग्र अध्ययन नगरीकनै व्यक्ति र बिचारहरूका बारे धारणा बनाइहाल्ने प्रवृत्ति व्याप्त भएको पाउँछौं । घरघर, गाउँगाउँ, टोलटोलकै समस्या हो यो । एउटाले अर्कोप्रति कुनै निश्चित नकारात्मक वा सकारात्मक धारणा बनाईहाल्ने, हतारो गरिहाल्ने, प्याच्च बोलीहाल्ने । अनि त्यस्तो अवस्तुवादी, हचुवा वा सतही धारणाले कसैप्रति अन्याय भैरहेको हुने, कसैप्रति चाहिँदोभन्दा ज्यादा पक्षपोषण गरिरहेको हुने हुँदोरहेछ । महिनौं, बर्षौंसम्म यस्तो 'अन्यथा' भैरहने, 'अनर्थ' भैरहने हुँदोरहेछ । यसले भौतिक र मनोवैज्ञानिक क्षति पुऱ्याइरहने हुँदोरहेछ । यही प्रवृत्तिका अंशहरू हाम्रो वामआन्दोलनमा पनि 'उल्लेखनीय मात्रा' मा विद्यमान रहेका छन् ।

❑ ५-६ वर्षजति अघिसम्म केही मित्रहरूले एमालेलाई 'प्रतिकृयावादी' भएको घोषणा गर्नुभयो ।

काठमाडौंस्थित कृषि आयोजना सेवा केन्द्रको हलमा सम्पन्न एउटा कार्यक्रममा "रोग लाग्यो भन्दैमा आफन्तलाई 'मृत' घोषित गर्नु मिल्दैन" भनेझैं एमालेमा ठूला समस्याहरू देखा परे भन्दैमा उसलाई अहिले नै 'प्रतिकृयावादी' नै भन्नु बेठीक हुन्छ भनी यो लेखकले विचार व्यक्त गर्दा एकजना चर्चित माओवादी नेताले भन्नुभएको थियो- "आफ्नो कुनै प्रिय आफन्त मरेको देख्न नचाहने अर्को आफन्तले सो व्यक्ति मरिसक्दा पनि 'तिमी मरेका छैनौ नि !" भनेर सदिच्छा देखाएर रोएझैं भयो यो कुरा त !"

त्यसैताका उहाँहरू निकटका एक साहित्यकारले एमाले निटकका साहित्यकारहरू रहेको संस्थामा बस्नैहुन्न, उनीहरूका लेख-रचना छापिने पत्रिकामा आफूले लेख रचना छाप्न दिनैहुन्न भन्ने खालका भनाइ र व्यवहारहरू प्रकट गर्नु भएर यो लेखकलगायतका व्यक्तिहरूसँग प्रतिवाद गर्नुभयो ।

तर २-३ वर्षपछि भने एमालेको नीतिमा कुनै आधारभूत अन्तर नआइकनै माओवादी निकटका मित्रहरूले एमालेबारे पहिलेभन्दा नरम नीति र व्यवहार गर्न थाल्नुभयो । एमाले वा पछि एमाले-माले निकटका साहित्यकारहरू रहेका संस्थाहरूमा सँगै बस्न पनि थाल्नुभयो । अर्थात् उहाँहरूले एमालेलाई प्रतिकृयावादी हैन, वामशक्ति वा जनवादी शक्ति मान्न थाल्नुभयो । यसरी उहाँहरू यथार्थवादी बन्नुभयो ।

उहाँहरूले यो यथार्थवादलाई त्यागेका बेलामा जुन भौतिक, वैचारिक वा मनोवैज्ञानिक घाटाहरू भए, ती पनि कम थिएनन् भन्ने मलाई लाग्छ ।


❑ यस्ता ठूला-साना थुप्रै उदाहरणहरू यहाँ उल्लेख गर्न सकिन्छन्, जसले हाम्रो आन्दोलनमा गम्भीर मामलामा पनि छिपछिपे र एकांगी विश्लेषण गरी 'गलत धारणा' बनाइएको र घाटा पुऱ्याइएको कुरालाई पुष्टी गर्छन् ।

वस्तु जस्ताको तस्तै रहँदारहँदै पनि आज हामी त्यसलाई एकदमै खराब वा एकदमै असल भन्छौं भने र भोलि एकाएक त्यसको विपरीत धारणा बनाउँछौं भने त्यसबाट हाम्रै अदूरदृष्टि वा छिपछिपेपना वा एकांगीपनाबाहेक अरू झल्काउँदैन ।

हो, अवसरवादीहरू र ठगहरूले यस्तो गर्नु स्वाभाविक छ, उनीहरूको काम नै त्यही हो । उनीहरूलाई त चिनेर बेलैमा किनारा लगाउनुबाहेक अरू विकल्प छैन । तर जो नियतमा खराब छैन, आन्दोलनमा रातदिन लागेको छ, निष्ठावान छ र प्रतिबद्ध छ, उसले पनि यसै गर्छ भने के यो एकदमै गम्भीर कुरा हैन र ? जुन आन्दोलनमा हामीले जीवन अर्पिरहेका छौं, त्यही आन्दोलनलाई घाटा हुने विश्लेषण आफूमा पालेर हामी बस्छौं र घाटा पुऱ्याइहन्छौं भने के यो हाम्रा लागि एकदमै दुःखद् पक्ष हैन ?

माथि शुरूमा उल्लेख गरिएका क. पुष्पलालको फोटो 'मूल्यांकन' को कभर पेजमा देखेर दुःखी भएका नेता-कार्यकर्ताहरूले अब तीनपल्ट सोच्नु जरूरी होला कि नहोला - कतै म अरू पनि 'अन्ततः खुसी हुनुपर्ने विषयमा' दुःखी पो भैरहेको छु कि ?' भनेर । ❑

*ठीक छ, मसालले पुष्पलालको पुनर्मूल्यांकन गऱ्यो तर हिजो उसले गरेको मूल्यांकन र लगाएको आरोपले नेपाली वामआन्दोलनमा कति ठूलो क्षति पुग्न गयो होला.....*



रक्तिमको सांस्कृतिक अभियानअन्तर्गत प्रस्तुत कार्यक्रमको एक दृश्य

# 'रक्तिम'ले ४४ जिल्लामा कार्यक्रम गऱ्यो

## दर्शकले पुलिस बनेका कलाकारको घाँटी समाए

**"दुई छाक टार्न साह्रो भो हाम्लाई मजदूरी बढाईदे
बालबच्चा पाल्न गाह्रो भो हाम्लाई बेतन बढाइदे
भनेर ताँती लाउनेलाई सरकार लाठीले ढाल्दैछ
के बताउँ खबर जनता मार्ने कुशासन चल्दैछ !
देशको बेहाल के सुनाऔं साथी यो छाती पोल्दैछ
फेरि पनि हुकुमी शासन चल्दैछ, गोली चल्दैछ !"**

मंचमा यो गीत प्रस्तुत हुँदै गर्दा गीतको भाव अनुकूल कलाकाहरूले प्रस्तुत गरेको अभिनयले यस्तो जीवन्तता दियो, कतिपय ठाउँमा त पुलीस बनेका कलाकारहरूलाई जनताले स्टेजमै गएर गाली गरे, तेह्रथुममा त दुईजना दर्शकले घाँटी नै समाए, सिन्धुलीमा साँच्चिकै पुलीस भन्ठानेर दर्शकहरू भागाभाग गर्न थाले । यस्तो अन्यत्र पनि भयो । दर्शहरूले कार्यक्रम एकदमै मन पराए ।

आयोजकहरूले सोचेभन्दा बढी नै सफल भयो- 'रक्तिम' सांस्कृतिक परिवारले गत फागुन ५ देखि चैत्र २० गते सम्म संचालन गरेको 'मेची-महाकाली सांस्कृतिक जागरण अभियान' ।

फागुन ३ गते बुटवलको दीपनगरस्थित खुल्ला मंचमा ने.क.पा. मसालका पोलिटब्यूरो सदस्य तथा सांसद चित्रबहादुर के.सी.ले उद्घाटन गर्नुभएको सो मेची-महाकाली जागरण अभियानले दुई दिनपछि ५ गते आफ्नो यात्रा पश्चिममा कंचनपुरबाट र पूर्वमा झापाबाट एकै समयमा शुरू गऱ्यो । पूर्वको टोली 'रक्तिम'का अध्यक्ष जीवन शर्माको नेतृत्वमा सक्रिय थियो, जसमा अन्य कलाकारहरूमा सचित्र के.सी., निलिमा पुन, सुमित्रा खाम्चा, डम्बर भण्डारी, मोहन सुवेदी, दलबहादुर वि.क.(बाग्लुङ्ग), चमेला वि.सि., सुमन सुवेदी, कल्पना थापा, सूर्य श्रेष्ठ, र धनमाया थापा थिए भने पश्चिमको

### रक्तिमका अध्यक्ष जीवन शर्मासँगको ताजा कुराकानी

◆ **तपाईंहरूको कार्यक्रमलाई जनताले खुबै मन पराएर साथ दिए भन्नुभयो, उदाहरण ?**

- एकदमै साथ दियो जनताले । हामीले सोचेको भन्दा धेरै बढी साथ हामीले पायौं । आधा घण्टा जति कार्यक्रम दिएर हिंड्नु पर्ला भनी हामीले ठानेका ठाउँमा दशौं हजार जनता आएर हामीले अढाई घण्टा कार्यक्रम पनि दियौं । हाम्रा कार्यक्रममा हजार-दुईहजार जनता उपस्थिति नरहेको त ठाउँ नै रहेन । बाग्लुङ्गमा १५-२० हजार, तेह्रथुम म्यांग्लुंगमा १०-१५ हजार, डडेल्धुरामा १०-१५ हजार, गुल्मी, प्युठान, पर्वत, झापा, मोरङ्गमा त्यत्तिकै जनता ओइरिए । हाम्रा सांगठनिक आधारहरू एकदमै कमजोर भएका ठाउँमा पनि असंख्य मानिसहरू जम्मा भए । लम्जुङ्गमा कार्यक्रमको सभापति समेत हामीसँग



यसरी जम्मा भए जनताहरू रक्तिमको कार्यक्रम हेर्न

जानुभएका साथीलाई बनाउनु पर्‍यो, तर त्यहाँ पनि दशौं हजार जनता उपस्थित भएको देख्दा हामी छक्कै पर्‍यौं । रोल्पामा त्यस्तै भयो । तीन दिनको बाटो हिंडेर समेत त्यहाँ मानिसहरू हाम्रो कार्यक्रममा आए । तेह्रथुममा कार्यक्रम भैरहँदा ठूलो दर्के पानी पर्‍यो, कलाकार पनि, दर्शक पनि भिजे, तर ३ घण्टासम्म कोही विचलित भएनन् । हाम्रो गाडी खोलामा फस्दा तेह्रथुमे जनताले हामी कलाकार



भनेर चिनेपछि हाम्रो गाडी धकेलीदिए, त्यतिले नपुगेर २ घण्टाको बाटो हाम्रा सामान बोकेर पर्‍याइदिए ।

**◆ कार्यक्रमको खर्च कहाँबाट जुटाउनु भयो नि ?**

- बिल्कूलै जनताको आडमा हामीले कार्यक्रम गर्‍यौं । हामीसँग पैसा थिएन । कपडा थापेर जनताबाटै पैसा उठाएर हामी हिंड्यौं । गाडीको भाडा तेल खर्च, खाना र अन्य खर्च पूरै जनताबाटै उठ्यो । बाग्लुङ्गमा एकै ठाउँमा कपडा थाप्दा दर्शकहरूले पच्चीस हजार रूपियाँ दिए भने एक हजारभन्दा कम उठेको ठाउँ नै रहेन । दर्शहरूले रू. एकदेखि सय, डेढसय सजिलै हालीदिए । सुर्खेतमा त पाँचसय रूपियाँसम्म दिनेहरू पनि पाइए । स्याङ्गजा, वालिङ्गमा त हामीले थापेको ब्यानरमा पैसा हालिदिन बृद्धा महिलाहरूसमेत लाइनमा उभिएको हामीले पायौं ।

**◆ कार्यक्रमलाई छरितो पार्न के उपायहरू अप्नाउनु भयो ?**

- मंच पाएका ठाउँमा हामीले मंच प्रयोग गर्‍यौं । नपाएका ठाउँमा स्थानीय रूपमा उपलब्ध खुला ठाउँमै कार्यक्रम गर्‍यौं । डोरीको घेरा लगाएर वा साना साना ढुंगाले घेरो लगाएर चौरमा समेत हामी कार्यक्रम शुरू गर्थ्यौं, दर्शकहरू आफैं वरिपरि आएर भुम्मिन्थे । कति ठाउँमा त सडकमै पनि कार्यक्रम भए । रोल्पाको सुलीचौरमा हामी बसेको ठाउँमा त्यत्तिकै जनता भेला भए, दुकानदारसँग टेबुल मागेर त्यहीं कार्यक्रम शुरू गर्‍यौं । ३-४ हजार जनताले कार्यक्रम हेरे ।

अर्को पक्ष के रह्यो भने, हामी कलाकारहरूले एउटैले विभिन्न भूमिका पनि निर्वाह गर्‍यौं । बजाउने, गाउने, नाच्ने, जे पर्छ, त्यो गर्ने काम कलाकार साथीहरूले गर्नुभयो । त्यसैले हाम्रो टीम सानो भएपनि हामीले धेरै कुरा गर्न सक्यौं ।

**बिल्कूलै जनताको आडमा हामीले कार्यक्रम गर्‍यौं । हामीसँग पैसा थिएन । कपडा थापेर जनताबाटै पैसा उठाएर हामी हिंड्यौं ।**

**◆ स्थानीय वामपन्थीहरूको सहयोग कत्तिको पाउनुभयो ?**

- सबै वामपन्थीहरूले हामीलाई सघाए । हामी आएको थाहा पाएपछि मंच बनाउनेदेखि लिएर, खाने-बस्ने बन्दोबस्त गर्नमा समेत उनीहरूले हामीलाई सहयोग गरे । निर्वाचित पदमा रहेका कतिपय स्थानीय जन-प्रतिनिधि वामपन्थी मित्रहरूले त गाडीमा तेल राखिदिने खालका सहयोग पनि गरे । 'रक्तिम'लाई यसरी सबैले आत्मीय व्यवहार गरेको पाउँदा हामीलाई निकै खुशी लागेको छ ।

**◆ सत्तापक्षको व्यवहार चाहिँ कस्तो रहयो ?**

- बाह्रबिसे, सिन्धुपाल्चोकमा हाम्रो कार्यक्रम सफल भएको देखेर केही कांग्रेसीहरू उफ्रे । 'सशस्त्र आमसभा' गरेको भूठो खबर सि.डि.ओ. कहाँ गरेछन् उनीहरूले । हामी फर्किरहेको बेलामा लामोसाघुँमा प्रशासनले हामीलाई रोक्यो । सांसद नवराज सुवेदी लगायत हामीले प्रतिवाद गरेपछि बल्ल छोड्यो । रोल्पा, खुग्रीमा अलि बढी अल्मल्याउन खोज्यो प्रशासनले । क. चित्र ब. के.सी. पनि हामीसँगै हुनुहुन्थ्यो । पछि अवरोध गरेन ।

**◆ यो सफलताबाट तपाईंहरूले के निष्कर्ष निकाल्नु भयो त ?**

- जनतका गीत गाउँदै हिंड्दा जनताको उच्च प्रकारको सहयोग पाइँदोरहेछ भन्ने कुरा हामीलाई यो सफलताले प्रष्टैसँग देखाइदियो । हाम्रो 'रक्तिम' परिवारलाई 'यो मसालको मोर्चा हो' भन्ने जान्दाजान्दै पनि हाम्रो संगठन नै नभएको ठाउँमा पनि यत्रो जन-समर्थन हामीले जुन पायौं, यसबाट 'रक्तिम' धेरै जनताको प्रिय भएको हामीले पायौं । मित्रहरूको पनि फराकिलो व्यवहार विकास भएको हामीले पायौं ।

यो कार्यक्रमबाट हामीले देखेको एउटा सत्य के हो भने, नेपाली जनता तीव्रतापूर्वक परिवर्तन चाहिरहेको छ । उसमा पुलीसप्रतिको आतंक पनि छाएको छ, प्रतिरोधी भावना पनि जागेको छ ।

**◆ तपाईंहरूको समीक्षा मेलाले चाहिँ के निर्क्योल गर्‍यो नि ?**

- लाखौं जनतामा पुग्न सफल भएर एउटा सांस्कृतिक आँधीजस्तै सृजना गर्न सकेतापनि रक्तिमको सांगठनिक पक्ष विस्तार भएको छैन । यो विस्तार कार्यमा बढी श्रम र शक्ति लगाउनु पर्ने निष्कर्ष हाम्रो रह्यो । अब सबै जिल्ला र ४ हजारै गाउँमा संगठन बनाउने गरी कार्यक्रम लिएर जाने आवश्यकता हामीले देख्यौं । आफ्नो कलाको खुबीलाई पनि अरू बढाउनु पर्ने जरूरत पनि हामीले देख्यौं । ❑

टोलीमा उपाध्यक्ष चिरन पुनको नेतृत्वमा कलाकारहरू तेजेन्द्र थापा, शिवध्वज पुन, दलबहादुर वि.क. (रूपन्देही), विष्णु पुन, भाषा शर्मा, देवी पुन, जमुना पुन, शुसीला थापा, मधु गरूङ्ग र दल ब. भण्डारी थिए ।

एउटा-एउटा जीप भाडामा लिएर र एक-एक सेट माइक र बाजागाजा लिएर पूर्व र पश्चिम लागेका 'रक्तिम'का यी करीव एक-एक दर्जन कलाकारहरूले चैत्र २० गते काठमाण्डौको खुला मंचमा एक भव्य समारोहमा आफ्नो यो ४५ दिने अभियानको समापन गरे । २१ गते दुवै टोलीले एकै ठाउँमा बसेर अनुभव साटासाट र कार्यक्रमको जम्मामा समीक्षा गरे ।

'रक्तिम'ले आफ्नो अभियान अन्तरगत पूर्वका २८ जिल्ला र पश्चिमका १६ जिल्ला गरी ४४ जिल्लामा कार्यक्रम गर्‍यो । बाटामा पर्ने जिल्लाहरूमा समेत कार्यक्रम गरेकालाई जोड्ने हो भने ५५



*अभियानको क्रममा आयोजित विचार गोष्ठीमा बोल्दै क. चित्रबहादुर के.सी.*

**खुला सांस्कृतिक कार्यक्रम र टिकट शो समेत गर्दै १६ स्थानमा कार्यपत्र सहितको विचार-गोष्ठी गरियो ।**

जिल्लालाई यसले संगेट्यो । करीव १० लाख जनताले 'रक्तिम'को कार्यक्रम हेरेको अनुमान आयोजकहरूले गरेका छन् । ठाउँ-ठाउँमा खुला सांस्कृतिक कार्यक्रम र टिकट शो समेत गर्दै विभिन्न जिल्लामा गरी १६ स्थानमा कार्यपत्र सहितको विचार-गोष्ठी गरिएपछि चैत्र १८ गते काठमाण्डौमा पनि एक विचार-गोष्ठी गरियो । 'विश्व साहित्यिक आन्दोलनमा गोर्कीको भूमिका' विषयमा भएको सो गोष्ठीमा क. मोहनविक्रम सिंहको कार्यपत्र प्रस्तुत थियो भने मोदनाथ प्रश्रित, खगेन्द्र संग्रौला र कृष्णसेन 'इच्छुक'ले टीप्पणी गर्नुभएको थियो ।

हरेक जिल्लामा भएका सांस्कृतिक समारोहहरूमा मसालसँग निकट राजनैतिक नेता वक्ताहरू र बुद्धिजीवीहरू चित्र ब. के.सी., नवराज सुवेदी, डिलाराम आचार्य, हरि आचार्य, केशव नेपाल, यमुना भुसाल, के.वि. गुरूङ्ग, ओम गुरूङ्ग, गिरधारीलाल न्यौपाने, हिमलाल पुरी, दीपक पाण्डे, रश्मीराज नेपाली, बोम ब. खत्री, लीलबहादुर थापामगर, सागर के.सी. नारायण योगी, परि थापा र जनकलाल शर्मा आदिले संबोधन पनि गरेका थिए ।

'रक्तिम' परिवारले जुन तयारी र आँटका साथ यो अभियान संपन्न गर्‍यो, त्यसले एकातिर दर्शक-जनतामा एउटा सकारात्मक छाप छाडेको छ भने अर्कोतिर यसले यसमा संलग्न कलाकारहरूलाई अमूल्य अनुभव र थप आँट दिएको छ । आम जनतामा सामन्तवादी संस्कृतिको ब्यापक प्रभाव बाँकी रहेको र त्यसमाथि साम्राज्यवादी संस्कृतिले नांगो आक्रमण गरिरहेको बेला यसरी जनताको घरदैलोमै कलाकारहरू पुगी वैकल्पिक कलाको प्रस्तुति गर्नु स्वयंमा एउटा महत्वपूर्ण उपलब्धी हो । 'रक्तिम'ले यो एकदमै अनुकरणीय कदम चालेको छ । 'रक्तिम' र यसलाई सघाउने 'ने.क.पा. मसाल' यसनिम्ति प्रशंसाका पात्र बनेका छन् भन्ने हामीलाई लाग्छ । ❑

*- हरिगोविन्द लुइँटेल*

# राजा दुई ठाउँमा मात्र रहन्छन् एक इंग्ल्याण्डमा, अर्को तासमा !

- निर्मल लामा -

जेल पर्ने र जेलबाट छुट्ने क्रम निकै चल्यो । कतिचोटि जेल परें, कतिचोटि छुटें, त्यो भन्न पनि गाह्रो छ । मलाई जेल परेको र छुटेको मिति पनि त्यति सम्झना हुन्न ।

तर एउटा घटना मलाई सम्झना छ । जेलभित्र मनमोहनजी, शम्भुरामजी र म गरी हामी तीनजना सँगै बसिरहेका थियौं । हामी तीनजनाबीच सल्लाह हुँदा बनारसमा कमरेड पुष्पलाललाई भेटेर पार्टी एकता गर्ने, केही सुझावहरू दिने र त्यस सम्बन्धमा शम्भुराम र मनमोहनको चिट्ठी लगिदिने काममा म जानुपर्छ भन्ने कुरो भयो । तर जाने कसरी ? जानको लागि त जेलबाट छुट्नु पर्ने भयो ।

जेलबाट छुट्नको निम्ति 'म शान्तिपूर्वक साधारण नागरिक भएर बस्छु, उपत्यका बाहिर जान्न' भनेर कागज गर्नुपर्ने हुन्थ्यो । तर म भने त्यस्तो प्रकारको कागज नगर्ने मान्छे परें । त्यस्तो कागज गरेर छुट्नको निम्ति प्रशासनले मलाई दुई-दुईचोटि भनिसकेको थियो । तर मैले सधैं अस्वीकार गर्दैआएको थिएँ ।

यसपालि भने मनमोहनजी र शम्भुरामजीले नै त्यस्तो प्रकारको कागज गरेर छुट्न मलाई अह्राए । मलाई बडो अप्ठ्यारो भयो ।

म धर्म संकटमा परें । यता पार्टी एकता गराउने राम्रो सुझाव थियो, क्रान्तिलाई फाइदा गर्ने कुरो थियो । उता 'शान्तिपूर्वक साधारण नागरिक भएर बस्छु, उपत्यका बाहिर जान्न' भनेर कागज गर्ने कुरो थियो ।

मनमोहनजी र शम्भुरामजीले मलाई कागज गरेर छुट्न कर नै गरें । र, म कागज गरेर छुटें ।

कागज गरेअनुसार 'उपत्यका बाहिर जान्नँ' भन्ने कुरो थियो । तर बाहिर त जानै पर्थ्यो । त्यसैले शुरूमा त मलाई टेष्ट नै गरेर हेर्नुपऱ्यो भन्ने लाग्यो ।

त्यहीबेला स्नातकको दोस्रो चुनाव शुरू भयो । सायद यो २०२१ सालको कुरो थियो । शम्भुराम र मनमोहनले 'तिमी त्यस चुनाव लड ! यो पार्टी निर्देशन हो' भनेर मलाई अह्राए । म आफैं उनीहरूलाई जेलमा भेट्न गएँ । मैले उनीहरूलाई 'म चुनाव लड्दिनँ' भनेर आफ्नो निर्णय सुनाएँ । उनीहरू मेरो कुरा मान्न तयार भएनन् । उनीहरूले मलाई 'तिमी लड्नै पर्छ' भने ।

शुम्भुराम र मनमोहनलाई आफूले चित्तबुझाउन नसकेकोले पछि मैले विद्यार्थीहरू पठाएँ । मोहनचन्द्र अधिकारी, जनार्दन आचार्य, हिरण्यलाल श्रेष्ठ आदिजस्ता त्यतिखेरका विद्यार्थीहरू मेरो कुरा लिएर जेलमा शुम्भुराम र मनमोहनलाई भेट्न गए । भेटघाटमा शम्भुराम र मनमोहनले उनीहरूलाई 'पार्टी आदेश हो मान्नै पर्छ' भनेर झपारे । उनीहरू निंदाउरो मुख लिएर फर्के र मलाई भने- "दाइ ! चुनाव लडी नै दिऔं न !" र, त्यसपछि मैले स्नातक चुनाव लड्ने तयारी गरें ।

शुरूमा त मैले त्यस चुनावलाई बेकारको रूपमा लिएँ । त्यसलाई मैले जसरी भएपनि आफू उम्कने एउटा उपायको रूपमा सोचें । तर चुनाव अभियानलाई अगाडि बढाउँदै लैजाँदा त त्यसले पछि एक राजनीतिक लहर नै ल्याइदियो । विकल्परहित पंचायती व्यवस्था भनिएको ठाउँमा त्यसले बहुदलको लहर ल्याइदियो ।

चुनाव अभियानमा 'म राष्ट्रिय पंचायतमा निर्वाचित भएँ भने बहुदल ल्याउन त्यहाँ प्रस्ताव राख्छु' भनेर बोल्नु पर्ने भयो । सबभन्दा पहिले त्यसबारेमा मैले पशुपति छेउ माथि चोकनेरको गौशलाको मुरली दरवारमा बोलें । त्यहाँ एउटा सभामा त्यतिखेर स्नातकबाट राष्ट्रिय पंचायतमा चुनाव लड्ने १३ जना उम्मेदवारहरूलाई बोलाइएको थियो । सबै १२ जना उम्मेदवारहरू मञ्चमा लहरै बसालिएका थिए । म चाहिं पछाडि गएर साथीहरूको घेराभित्र बस्न गएँ ।

त्यतिखेर साथीहरूले मलाई कसैबाट आक्रमण नहोस् भनेर घेराभित्र राख्ने गर्थे । म मञ्चमा देखा नपरेपछि मेरो त्यहाँ व्यापक खोजी हुन थाल्यो ।

मञ्चबाट 'लामाजी आउनु पऱ्यो' भनेर उद्घोषण हुन थाल्यो । म मञ्च त्यति मन नपराउने मान्छे हुँ । त्यसैले म मञ्चमा नगएको हुँ । मैले उठेर अंग्रेजीमा भन्न थालें- "आई एम अल राइट हेयर' र फेरि म चुप लागेर बसें । मैले बोल्दाखेरि मेरो बोली नै कस्तो कस्तो भएको थियो । उद्घोषकले दोस्रोचोटि बोलाउने आँट गरेनन् । त्यसपछि वर्णक्रमानुसार नाम बोलाएर बोल्न दिन थालियो । केहीबेरपछि मेरो पालो आयो । मैले सोनाम वाङ्दी लामाको नामबाट बोलें । बहुदल चाहिन्छ भनेर बोलें । मेरो भाषणलाई जनमानसले तालीका ताली दिएर स्वागत गऱ्यो । मैले जम्मा दश मिनेट बोलें ।

म पछि रामराजाप्रसाद सिंहको पालो आयो । उनले त उठेर के भने भने- "यो देशमा मैले कोही पनि मर्द छैन भन्ठान्याथें । तर एउटा रहेछ- निर्मल लामा । तपाईंहरूले पहिलो भोट निर्मल लामालाई दिनुहोला । र, दोस्रो भोट मलाई दिनुहोला ।" त्यति बोलेर उनी बसे ।



म जिल्ल परें । त्यसपछि मैले उनीसँग भेटें । र, हामीले सँगै मिलेर चुनाव लड्ने तयारी गऱ्यौं । रामराजाप्रसाद सिंह, म र कांग्रेसको शंकर घिमिरे मिलेर चुनाव लड्यौं ।

यूनिभर्सिटीका सारा विद्यार्थी र प्रोफेसरहरूको मिटिङ्ग राखियो । त्यसमा सबैजना उम्मेदवारहरूले बोल्ने कार्यक्रम राखियो । त्यो कार्यक्रम त्रिपुरेश्वरमा राखिएको थियो । उनीहरूले १०/१२ वटा प्रश्नहरू लेखी साइक्लो (लिथो) गरेर कार्यक्रमको एक दिनअगाडि प्रत्येक उम्मेदवारलाई बाँडिदिए । र, ती सबै प्रश्नहरूको जवाफ दश मिनेट समयभित्र दिनुपर्ने भनियो ।

> मोहनचन्द अधिकारी, जनार्दन आचार्य, हिरण्यलाल श्रेष्ठ आदिजस्ता त्यतिखेरका विद्यार्थीहरू मेरो कुरा लिएर जेलमा शुम्भुराम र मनमोहनलाई भेट्न गए ।

मैले प्रश्नहरू पढें । प्रश्न पढ्दा पढ्दै दश मिनेट समय गयो । दश मिनेटमा कसरी जवाफ दिने ? म बडो सोचमा डुबें ।

प्रश्न पढ्दा पढ्दै मलाई स्वाट्ट एउटा सोच आयो । जसले प्रश्न राम्ररी बुझ्छ, त्यसले आधा उत्तर त पहिले नै दिइसक्छ । मेरो सोचमा यो कुरो आयो । र, मेरो मनले मलाई 'सबभन्दा पहिले प्रश्न राम्ररी बुझ नबुझेसम्म दोहोऱ्याइ-तेहेऱ्याई पढ्' भन्यो । मैले ती प्रश्नहरू लगातार पढ्दै गएँ । सायद् मैले पचासौं पटक पढें हुँला ।

धेरै पटकसम्म दोहोऱ्याई-तेहेऱ्याई प्रश्नहरू पढेपछि मैले एउटा खास किसिमको 'फ्रेमवर्क' बनाएँ । प्रश्नहरू मैले बुझें जस्तो मलाई लाग्यो । तर अब दश मिनेटमा उत्तर कसरी दिने ? मैले सोच्न थालें ।

मलाई के लाग्यो भने यदि प्रश्नहरू पढ्न थालिन्छ भने पक्कै पनि मैले दश मिनेटमा उत्तर दिन सक्दिन । त्यसैले बोल्दाखेरी प्रश्नहरू नपढिकन 'यी प्रश्नहरूको उत्तर जम्माजम्मी यी हुन्' भनेर एकैचोटि उत्तर भनीनैदिने मैले सोचें ।

त्यसपछि मैले घडी हेरेर मनमनै

वास्तवमा त्यतिखेरको त्यो स्नातकको चुनावमा मैले, रामराजाप्रसाद र शंकर घिमिरेले जित्ने निश्चित थियो । स्नातकको चुनाव भनेपछि स्नातक गरेकाहरूले मात्र भोट हालेर राष्ट्रिय पंचायतमा प्रतिनिधि पठाउनु पर्ने थियो । त्यतिखेर पंचायतमा स्नातक चुनावबाट चारजना प्रतिनिधि राष्ट्रिय पंचायतमा पठाइने व्यवस्था थियो । तर हामी तीनैजनालाई जेल हालियो ।

भाषणको अभ्यास गरें । उत्तरमात्र भन्दा पनि बीस मिनेट समय लाग्यो ओ हो ! के गर्ने अब ?

मैले फेरि घडी हेरेर मनमनै अभ्यास गरें । दोस्रोपल्ट पन्ध्र मिनेट समय लाग्यो । अझै दिइएको समयभन्दा पाँच मिनेट बढी भयो ।


फेरि तेस्रोपल्ट अभ्यास गरें । आँखा चिम्लेर मनमनै भाषण गरें । भाषण सिद्धिएपछि आँखा खोलेर घडी हेरें । यसपल्ट दश मिनेट समय मात्र



मनमोहन अधिकारी



शम्भुराम श्रेष्ठ



मोहनचन्द्र



जनार्दन आचार्य



हिरण्यलाल श्रेष्ठ



हृषिकेश शाह



शैलजा आचार्य

लाग्यो ।

त्यसपछि भोलिपल्ट भाषण दिन त्रिपुरेश्वर गएँ । निर्मल अर्याल त्यतिखेर विश्वविद्यालयका विद्यार्थी नेता थिए । उनी आएर मसँग 'दाइ हाम्रो बेइज्जती नहोस् । ऋषिकेश शाह, बासुदेव ढुङ्गाना आदिहरूजस्ता पनि मैदानमा छन् ।' भने ।

'तिमीहरूको बेइज्जती हुँदैन । ढुक्क भएर बस ।' भनेर मैले उनलाई ढाडस दिई पठाएँ ।

कार्यक्रम शुरू भयो । वर्णक्रमानुसार बोलाएर भाषण दिन लगाइयो । एउटा प्रश्न पढिन्छ र त्यसको उत्तर दिइन्छ । त्यसरी गरेर तीनवटा प्रश्नको भन्दा बढीमा उत्तर कसैले पनि निर्धारित समय दश मिनेटभित्रमा दिन सकेनन् ।

मेरो पालो आयो । म मञ्चमा गएँ । प्रश्न-स्रश्न मैले केही पढिनँ । 'तपाईंहरूले गर्नुभएको प्रश्नको उत्तर म एकैचोटि दिन्छु ।' भनेर मैले सबै प्रश्नको उत्तर खरररर भनें । भाषण त मलाई कण्ठ नै थियो । मैले अलिकति पनि समय खेर नफाली आफ्नो कुरा भनें । घडी हेरें- नौ मिनेट मात्र समय गएको रहेछ ।

सबै जिल्ल परे । तालीका ताली आयो । लामो निरन्तर ताली आयो । ऋषिकेश शाह आएर मसँग हात मिलाए । उनले भने- "मैले त यी भुराभूरीहरूले के गर्लान् भनेर सोचेको थिएँ । तर मलाई त अब आपत् पऱ्यो ।"

त्यसपछि अर्को सिधैं मैदानमै प्रश्न सोध्ने कार्यक्रम राखियो । त्यसमा पनि उत्तर पाँचै मिनेटमा दिनुपर्ने भनियो । मलाई त एउटा कांग्रेसीले के सोध्यो भने- तिमी राजा मान्छौ कि मान्दैनौ ?

म अत्यन्त धर्म संकटमा परें । 'मान्छु' भनें भने भोट आउँदैन र 'मान्दिनँ' भनें भने तुरुन्त गिरफ्तार होइन्छ । अब के गर्ने ?

तर कहाँबाट कहाँबाट मनमा चट्ट एउटा विचार आयो । राजा फारूखलाई राज्यबाट खोसुवा गरी भागेर इङ्गल्याण्ड जाँदाखेरि प्रेसवालाहरूले एअरपोर्टमा सोधेको बारे लेखिएको एउटा किताब छ । त्यो किताब मैले जेलमा छँदा नै पढेको थिएँ । सायद त्यो किताब मलाई शैलजा आचार्यले दिएकी थिइन् । त्यसमा के प्रश्न सोधिएको रहेछ भने- 'राजाको भविष्य के छ ?' त्यो प्रश्नको उत्तर कसरी दिइयो भने- 'एउटा राजा इङ्गल्याण्डमा र अर्को राजा तासमा छन् ।'



रामराजाप्रसाद सिंह

त्यो कुरो सम्झना हुनासाथ मैले तुरुन्तै उत्तर दिएँ- "मलाई के सोध्नुहुन्छ, तपाईंहरू ? राजालाई नै सोध्नुहोस् न ! राजाले नै जवाफ दिन्छन् । राजा फारूखले भनेका छन्- राजा दुई ठाउँमा मात्र रहन्छ । एक, इङ्गल्याण्डमा र अर्को, तासमा । राजाको भविष्य त्यही हो ।"

त्यति भन्न मलाई पाँच मिनेट पनि लागेन । ओहो ! यति ताली आयो कि एकछिनसम्म ताली बजेको बज्यै नै रह्यो ।

पछि मैले त्यो किताब फेरि हेरें । मैले केही गलत बोलेको रहेछु । फारूखले त एउटा मात्र राजाको कुरा गऱ्या रहेछ । तासको कुरा त गऱ्या रहेनछ । मेरो दिमागमा त्यो कहाँबाट आयो ? म आफै छक्क परें ।

त्यो कार्यक्रमको भोलिपल्ट म नयाँसडकको भूगोलपार्कबाट गिरफ्तार भई नै हालें । गिरफ्तार हुँदा मसँग एउटा ब्याग थियो । त्यसमा मेरो नागरिकताको प्रमाणपत्रदेखि थुप्रै कागजपत्रहरू थिए । मैले त्यो ब्याग मेरो अगाडि रहेको एकजना साथीलाई दिएँ । त्यो साथी को हो ? भनेर मैले बिर्से । अहिलेसम्म पनि मैले सम्झन सकेको छैन । ब्यागमा महत्वपूर्ण कागजातहरू थिए ।

र, पुनः नयाँ उम्मेदवारहरूको दरखास्त आह्वान गरियो ।

हामीले जेलबाटै अदालतमा रीट हाल्यौं । मेरो, शंकर घिमिरे र रामराजाप्रसाद सिंहका गरी तीनजना हाम्रा भाइहरूलाई खोजेर एकै ठाउँमा भेला गरी उनीहरूको नाममा वकिलहरूले नै पैसा उठाई धरौटी राखेर मुद्दा दिए । मुद्दा चल्दाचल्दै स्नातक चुनाव सकियो । ऋषिकेश शाह, बासुदेव ढुङ्गाना र अन्य दुईजना गरी चारजना स्नातकको चुनाव जितेर राष्ट्रिय पंचायतमा गए । हामीलाई मुद्दाबाट हराइदिइयो ।

त्यतिखेर स्नातकको चुनावमा 'यदि म निर्वाचित भएँ भने राष्ट्रिय पंचायतमा बहुदलको प्रस्ताव राख्छु' भन्ने मेरो भनाइबाट शासकहरू तर्सेका रहेछन् । मेरो त्यस भनाइप्रति रामराजाप्रसाद र शंकर घिमिरेले पूर्ण समर्थन जनाएका थिए ।

त्यसैले हामी तीनैजनालाई निर्वाचित हुनबाट बञ्चित गराउन गिरफ्तार गरिएको थियो ।

त्यस स्नातकको चुनावमा मेरो घोषणापत्र पनि निक्लेको थियो । तर मैले त्यस घोषणापत्रमा के लेखिएको थियो भन्ने कुरा बिर्सें । किनभने त्यो घोषणापत्र मैले लेखेको थिइनँ । त्यो घोषणापत्र मनमोहन र शम्भुरामले जेलभित्रबाट लेखी त्यहाँबाट पारित गरेर बाहिर पठाएका थिए । त्यो घोषणापत्रको प्रतिलिपि अहिले पनि ठाउँ ठाउँमा पाइन्छ । म कहाँ पनि घरमा छ । ☐

*क्रमशः*

*प्रस्तुतिः तुल्सीदास महर्जन*

*स्नातकको चुनावमा 'यदि म निर्वाचित भएँ भने राष्ट्रिय पंचायतमा बहुदलको प्रस्ताव राख्छु' भन्ने मेरो भनाइबाट शासकहरू तर्सेका रहेछन् ।*

# प्रचण्डको प्रचण्ड फैसलामाथि

# एक सादा टिप्पणी- २

– खगेन्द्र संग्रौला –



*कालक्रममा माओवादी विद्रोहको नियति जे जस्तो भए पनि यी गुन्जनको ऐनामा कामरेड प्रचण्डको प्रतिबिम्बको आभास अवश्य पाइने छ । त्यसैले मैले भनेको हुँ, प्रचण्ड यस्सै महान् हुनुहुन्छ ।*

उसो त मेरो उपन्यास *जूनकीरीको संगीत*मा कामरेड प्रचण्डलाई व्यक्तिगत रूपमा अत्यन्तै अप्रिय लाग्ने अर्को एउटा सन्दर्भ पनि छ । पार्टीको सर्वोच्च नेतालाई प्रायोजित विधिले काठका खुट्टा लगाएर अग्लो बनाई अति मानवको दर्जामा उकास्ने र बाँकी मानिसहरूलाई लिलिपुट मानवमा पतीत गराउने सामन्ती संस्कृतिमाथि उपन्यासमा टिप्पणी गरिएको छ । साथै एक पटक पार्टीको सर्वोच्च सत्तामा आसीन भएपछि यही कृत्रिम उचाइको सहाराले नेतालाई आजन्म निर्विकल्प बनाउने नोकरशाही-तानाशाहीमाथि पनि प्रकारान्तरले कटाक्ष गरिएको छ । निकट भविष्यमा प्रचण्डपथको नाममा नेपाली वामपन्थी आन्दोलनमा संस्थागत रूपबाट व्यक्तिपूजाको प्रारम्भ होला भन्ने कुराको पूर्वानुमान गरेर मैले उपन्यासमा यस्तो पूर्वघोषणा गरेको चाहिं होइन । त्यसैले प्रचण्डपथ गर्भमै रहेको बखतमा त्यसको जन्मविरूद्ध षड्यन्त्र गरेको आरोप ममाथि नलगाइएला भन्ने मेरो आशा छ । आफू एक साधारण मानिस भएकाले त्यस्तो पूर्वानुमान गर्नसक्ने अन्तर्दृष्टि र दूरदृष्टि ममा छँदैछैन भन्न मलाई कुनै संकोच लाग्दैन ।


कामरेड प्रचण्ड आफ्ना वास्तविक योग्यता र कर्महरूको आधारमा यस्तै महान् हुनुहुन्छ । त्यस महानतामा नक्कली रङ र मिथ्या उचाइ थप्न उहाँले सौन्दर्यशास्त्री वा साहित्य समीक्षक भएको "कलाविहीन नाटक" गर्नु जरूरी छैन भन्ने म ठान्दछु । गत आधा दशकमा माओवादी विद्रोहले नेपाली समाजमा जे जति सकारात्मक संवेदना र चेतनाको निर्माण तथा संचार गरेको छ, माओवादी पार्टीका औपचारिक प्रमुखको हैसियतले प्रचण्ड त्यसको श्रेयको निकै ठूलो भागका अधिकारी स्वतः हुनुहुन्छ । यस भूतलको नेपाल नामक भूखण्डमा राज्यसत्ताको उत्पत्ति भएदेखियता सदैव शोषक वर्गको बन्दुकधारी सिपाहीले शोषित वर्गको नागरिकको ज्यान लिएको थियो । तर इतिहासमा पहिलो पटक शोषित वर्गको नागरिकले विधिवत् रूपले फौजी बर्दी लगाएर शोषणकारी राज्यव्यवस्थातर्फ बन्दुक सोझ्यायो र शोषक वर्गछेउ "तेरो उत्पीडनकारी शासन निर्विकल्प र शाश्वत होइन" भन्ने सूचना जारी गरिदियो । यसले कानूनी राजको माला जप्दै सर्वत्र गैह्रकानूनी बेथितिको खेती गरिरहेका साना र ठूला दरबारका स्वामीहरूछेउ "तिमीहरूको भूठ र लुटको स्वर्ग अजम्मरी होइन" भन्ने सूचना जारी गरिदियो । यसले आम निर्वाचनको नाटक मञ्चन गरी जनप्रतिनिधिको पगरी गुथेर जनहित विरूद्ध तस्कर, माफिया र देशघातीको प्रतिनिधित्व गर्ने इतिहासका चरम् व्यक्तिवादी र भोगवादी खलपात्रहरूलाई "तिमीहरूले खुट्टा टेकेको रङ्गमञ्चको धरातल त्यति बलियो छैन" भन्ने सूचना जारी गरिदियो । यसले देशका सुगम बस्तीहरूका मात्र होइन, सुदूर र विकट भेगका अँध्यारा बस्तीहरूमा बसोबास गर्ने नेपलीहरूका कानमा समेत पनि "तिमीहरू सधैं शोषक शासकका कमारा बन्न अभिशप्त छैनौ" भन्ने सन्देश सम्प्रेषण गरिदियो । यसले मनु बाजेहरूले निर्माण गरेको नारीद्वेषी नीतिशास्त्रको भेदभाव र दमनकारी भण्डामुनि पुरूषका चरणका दासी बनाइएका महिलाहरूलाई दासत्वका साङ्ला तोड्नका निमित्त बन्दुक बोकेर मैदानमा उत्रिन प्रेरित गऱ्यो । माओवादी विद्रोहको विधि, प्रक्रिया र आचारनीतिमा अनेकौं विसङ्गति र विकृति हुँदाहुँदै पनि यस विद्रोहले माथि भनिएका सूचना र सन्देशहरू ठूलो स्वरमा जारी गरेको कुरा तथ्य हो । कालक्रममा माओवादी विद्रोहको नियति जे जस्तो भए पनि यी सूचना र सन्देशहरूको गुन्जन नेपाली जनमानसमा धेरैपछिसम्म अवश्य सुनिने छ, र यी गुन्जनको ऐनामा कामरेड प्रचण्डको प्रतिबिम्बको आभास अवश्य पाइने छ । त्यसैले मैले भनेको हुँ, प्रचण्ड यस्सै महान् हुनुहुन्छ । तर प्रचण्डको व्यक्तित्वमा "विचार संश्लेषण", "निर्देशक विचार" र "प्रचण्डपथ" जस्ता नक्कली सिङ-जुराहरू जोडेर उहाँको महानताको वास्तविकतामाथि आशंका जन्माइदिने "कलाविहीन नाटक" अरूहरूले होइन, प्रचण्ड प्रमुख रहनुभएको पार्टी स्वयंले गरेको छ ।

मलाई थाहा छ, *जूनकीरीको संगीत* जीवन र कलाका विलक्षण विशिष्टताहरूले विपुल भएको उपन्यास होइन । यो दलित जीवनको कोरा वर्णन र स्थूल चित्रणले पाता भरिएको एक अपरिष्कृत दस्तावेज हो । मागेजति चन्दा दिने एनजीओ र आइएनजीओहरूलाई पञ्चखत माफी दिने नीति र संस्कृतिप्रति माओवादी पार्टी प्रतिबद्ध भएको तथ्यबारे मैले धेरै कुरा भनिरहनु परोइन, तथ्यहरू आफैं बोल्छन् । तर मेरो उपन्यासमा एनजीओले दलित समुदायको जागृति र सांस्कृतिक सुधारका पक्षमा गरेका कार्यहरूको सराहना मात्र गरिएको छैन, पृष्ठभूमिबाट आउने पैसामा अन्तर्निहित दर्शन र स्वार्थले स्वाभाविक र अनिवार्य रूपबाट जन्माउने र फिंजाउने विकृतिहरूको आलोचना पनि गरिएको छ । अपवादमूलक एनजीओका कतिपय सकारात्मक कार्यहरूको सराहना गर्दा त्यसलाई नै आम एनजीओको प्रतिनिधिमूलक बिम्ब ठान्ने भ्रम पाठकहरूमा सम्प्रेषित हुनसक्ने खतरा अवश्य छ । मेरो उपन्यासमा यथार्थको यथार्थवादी काइदाले प्रतिबिम्बन गर्ने विधिमा भएको यो गम्भीर त्रुटी हो भन्ने कुराप्रति म सजग भएको छु । मेरो उपन्यास र म स्वयंको अविरल निन्दा र भर्त्सना गरी अत्यन्तै सहिष्णुतायुक्त र मैत्रीपूर्ण शैलीमा मलाई डलरपन्थको अनुगामीका रूपमा चित्रित गरेर मेरो उपन्यासका सीमा र खोटहरू देखन सघाउनुहुने प्रचण्ड र चैतन्यप्रति यस अर्थमा म औधी कृतकृत्य छु ।

*कलम*कै अर्को अङ्कमा प्रकाशित *जूनकीरीको संगीत* सम्बन्धी चैतन्यको समीक्षाको शीर्षक छ – जूनकीरीको संगीतमा *लाम्खुट्टेका स्वर र शब्दहरू* । चैतन्यको यस समीक्षालाई प्रचण्डको फैसलामा लगाइएको औंठाको बफादारीपूर्ण छाप भनिदिए हुन्छ । मीठो-मसिनो नपाउन्जेलसम्म रूखोसुखो खाएरै भए पनि भौतिक र मानसिक रूपले जीवन निर्वाह गर्दै मीठो-मसिनो प्राप्त गर्ने संघर्षमा लागिपर्नु जीजीविषप्रेमी मानिसको




*मलाई थाहा छ, जूनकीरीको संगीत जीवन र कलाका विलक्षण विशिष्टताहरूले विपुल भएको उपन्यास होइन*



*प्रचण्डका शब्दहरूलाई नै सापटी लिएर चैतन्यले अझ प्रखर रूपमा भन्नुभएछ – संग्रौलाको वैचारिक प्रतिबद्धताको नाटक पनि अब केवल पाखण्ड साबित भएको छ*

स्वभाव हो । नेपाली समाजको नारकीय पींधमा रहेका दलितहरूका लागि *जूनकीरीको संगीत* यस्तै रूखोसुखो मानसिक भोजन हो । प्रतिभासम्पन्न, समर्पित र क्रान्तिकारी साधकहरूका यथार्थवादी कलमहरूबाट मिठो-मसिनोको सुगन्ध र स्वाद आउने उच्चकोटीका कलाकृतिहरूको रचना हुनुअघि यस्ता रूखासुखा भोजनको पनि केही न केही महत्व रहन्छ भन्ने मलाई लाग्छ । उच्चकोटीको कलाकृति जन्मेपछि यस्ता निम्नकोटीका कलाकृतिहरू स्वतः पाखा लाग्छन् । तर चैतन्यको समीक्षाले भने शीर्षकदेखिनै उपन्यासमाथि प्रदूषणको वर्षा गरेको छ । यो समीक्षा माओवादी पार्टीले आफ्ना कार्यकर्ताहरू र दलितहरूमाझ *जूनकीरीको संगीत* नपढ्नू भनी जारी गरेको परिपत्र सरह हो र यस्ता समीक्षाहरूले कृतिभित्रका उपयोगी पक्षहरूलाई समेत पूरापूर निषेध गर्न र लेखकको व्यक्तित्वलाई प्रदूषित तुल्याउनमा प्रभावकारी भूमिका निर्वाह गर्दछन् । वर्तमानमा उपलब्ध वैचारिक-सांस्कृतिक सामग्रीहरूलाई यसरी सोलोडोलो रूपमा नकार्ने र निषेध गर्ने प्रवृत्तिले मार्क्सवादलाई समृद्धिको दर्शन होइन, दरिद्रताको दर्शन बनाउने छ । सर्वाङ्ग सुन्दरको आग्रह गर्ने क्रममा अर्द्ध-सुन्दर वस्तुहरूलाई यसरी प्रदूषित र निषिद्ध गर्ने प्रवृत्तिले त्यस्ता सुन्दर चीजहरूको अस्तित्वको मात्र रक्षा गर्दछ, जसमा "हे, हे प्राण्डजी, हे बाबुराम, लिइयौ मेरो लाल सलाम" भनी स्तुतिगान गरिएको हुन्छ । भजनपन्थलाई स्थापित गर्न सबै प्रकारका आलोचनात्मक प्रवृत्तिहरूलाई मार्नैपर्छ । अनि यसरी मात्र प्रचण्डपथजस्तो चरम् व्यक्तिपूजक प्रवृत्तिलाई आलोचनामुक्त भक्तिमार्ग बनाउन सकिन्छ ।

हालै भैरहवामा आयोजित प्रगतिशील लेखक संघको एउटा कार्यक्रममा प्रगतिवादी कथाका समकालिक प्रवृत्तिहरूको चर्चा गर्दा एकजना अति सहिष्णु, औधी मिलनसार, अत्यन्तै लोकप्रिय, चौपट्टै त्यागी, हुनसम्म निष्कलङ्क, उद्युमै मृदुभाषी, धुमधाम गुणग्राही, बेजोड विवादमुक्त, घनघोर एकतावादी, ज्यादै दूरदर्शी, सांस्कृतिक रूपान्तरणको भट्टीमा खारिएर सर्वाङ्ग पुनःसंस्कारित भई अब्बल सर्वहारा बौद्धिकमा ढलान हुनुभएका "जनसमरको नवीन यथार्थ"को सौन्दर्यशास्त्रका प्रातःस्मरणीय भनिन लायकका आधिकारिक एवं निर्विकल्प प्रवक्ताले मलाई बडो कृपापूर्वक "साम्राज्यवादको एजेन्ट" भन्ने अलङ्कारले विभूषित गरिदिनुभएछ । प्रलेसको ध्वजामुनि रहनुभएका सबै वाम घटकका प्रतिनिधि लेखकहरूको त्यस अलङ्कारप्रति आम सहमति भएको हो–होइन त्यो त मलाई थाहा छैन तर त्यसमा विमति भने कसैले प्रकट गरेको थाहा पाएइन । यसलाई मैले माओवादी प्रचण्ड र चैतन्यका भिन्न मतप्रति चरम् असहिष्णुता राख्ने र भिन्न मत राख्नेहरू उभिएको जमिनलाई खाली गरेर त्यसमा आफ्नो एकल र प्रतिस्पर्धारहित डबलीको निर्माण गर्ने उद्घोषणहरूको दिग्विजयका रूपमा बुझ्न खोजेको छु ।

प्रचण्डका शब्दहरूलाई नै सापटी लिएर चैतन्यले अझ प्रखर रूपमा भन्नुभएछ – संग्रौलाको वैचारिक प्रतिबद्धताको नाटक पनि अब केवल पाखण्ड साबित भएको छ । साँचो कुरा के हो भने मैले कुनै अधिकारीछेउ दरखास्त हालेर वैचारिक प्रतिबद्धताको प्रमाणपत्र कहिल्यै लिएको छैन, त्यसैले मैले आलोचनात्मक प्रवृत्ति अँगालेबापत त्यताबाट मेरो वैचारिक प्रतिबद्धताको प्रमाणपत्र खोसिएला कि भन्ने डर पनि मलाई छैन । मलाई लाग्छ, जसको उचाइ काठका खुट्टा जोडेर निर्माण गरिएको होइन, उसले खुट्टा भाँचिएर म होचो होउँला कि भनेर डराउनु पर्दैन ।

अन्तमा मलाई कामरेड प्रचण्डछेउ एउटा प्रश्न निवेदन गर्न मन छ । प्रचण्डपथ र डलरपथको बीचमा यी दुई पथहरूसँग असहमत हुने मानिसहरू उभिन पाउने ठाउँ कतै हुन्छ ? ❑ (समाप्त)


धरान नगरवासी तथा सम्पूर्ण देशवासीहरूमा

नव वर्ष २०५८ सालको हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछौं ।

| उप-प्रमुख | प्रमुख |
| --- | --- |
| कृष्णनारायण पालिखे | मनोजकुमार मेयाङ्गवो |

तथा

धरान नगरपालिका परिवार

२०५८ साल नयाँ वर्षको सुखद् उपलक्ष्यमा समस्त ग्राहकवर्ग तथा शुभेच्छुकहरूमा उत्तरोत्तर प्रगति, सुख, शान्ति, एवं समृद्धिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

नेपाल अरब बैंक लिमिटेड

Nabil Bank Nepal Arab Bank Limited

YOUR BANK AT YOUR SERVICE

"NABIL House", Kamaladi
P.O. Box: 3729, Kathmandu, Nepal.
Tel.: 429546-47, Fax: 00977-1-429548, Telex: 2431 NABIL H NP,
e-mail: nabil@nabil.com.np
Web Page:http://www.travel.nepal-com/nabilbank

# आइन्स्टाइनको सामान्य सापेक्षतावादको सिद्धान्त र द्वन्द्ववाद

- प्रज्ञानरत्न




अल्वर्ट आइन्स्टाइनको सामान्य सापेक्षतावादको सिद्धान्त भौतिक विज्ञानको क्षेत्रमा बीसौं शताब्दीको सबैभन्दा ठूलो वैज्ञानिक उपलब्धी मानिन्छ । उनले यो सिद्धान्त सन् १९१६ मा विश्व जनसमुदायसमक्ष प्रस्तुत गरेका थिए । उनको यो सिद्धान्तले भौतिक विज्ञान र ब्रम्हाण्ड विज्ञानको बुझाइमा एउटा ठूलो हेरफेर ल्याएको थियो ।

सामान्य सापेक्षतावादको यो सिद्धान्तबाट द्वन्दवादले संगेट्नुपर्ने, संस्लेषण गर्नुपर्ने र सिक्नुपर्ने कुराहरू के के छन् ?

यसअघिसम्म भौतिक विज्ञानमा स्थानको तीनवटा आयाम हुन्छ भन्ने धारणा हावी थियो, उँचाइ, लम्बाइ र चौडाइ अर्थात् तल-माथि, दायाँ-बायाँ र अगाडि-पछाडि । आइन्स्टाइनको यो सिद्धान्तले बिल्कुलै नयाँ एउटा अवधारणा वैज्ञानिक जगतमा ल्याएको छ । त्यो के भने- स्थानको आयाम तीनवटा होइन, चारवटा हुन्छ र, चौथो आयाम हो- समय । ब्रम्हाण्डका सारा घटनाहरू स्थान-समयको चारवटा आयाममा घट्ने गर्छन् । पदार्थको गतिको प्रक्रियामा समयलाई स्थानबाट अलग्याउनै सकिन्न । स्थान र समय अत्यन्त अन्तरसम्बन्धित गतिशील वस्तुगत यथार्थमा आधारित अवधारणाहरू हुन् । गतिशील पदार्थको स्थानको कुरासँगसँगै समयको कुरा आइहाल्छ ।

आइन्स्टाइनले यो नयाँ वैज्ञानिक अवधारणा रूसी गणितशास्त्री हर्मन् मिन्कोवस्कीबाट लिएका थिए । मिन्कोवस्कीले विश्वमै पहिलोपटक सन् १९०७ मा यो अवधारणा गणितको सहाराबाट निकालेर पेश गरेका थिए । उनैले स्थानको तीनवटा आयाममा समयको चौथो आयाम थपेर 'स्थान-समयको निरन्तर सिलसिला'को अवधारणा अगाडि ल्याएका थिए ।

द्वन्दवादले पदार्थलाई हमेशा गतिमा हेर्नुपर्छ भन्ने सोच प्रस्तुत गरेको छ । गतिशील पदार्थ समय र स्थानबाहेक अन्यत्र गतिशील नै हुँदैन भन्ने धारणा यसले अघि सारेको छ । यो धारणा प्रकृति विज्ञानकै पछिल्लो निष्कर्षको आधारमा प्रस्तुत गरिएको थियो र यो वैज्ञानिक थियो । तर आइन्स्टाइनले विकास गरेको पछिल्लो सापेक्षतावादको सिद्धान्तअनुसार पदार्थहरू समय र स्थानमा गतिशील हुने मात्र होइनन्, समय आफै पनि वस्तुको गतिसापेक्ष र स्थानसापेक्ष कुरा हो । स्थान आफै पनि वस्तुको गतिसँग सम्बन्धित सापेक्ष कुरा हो ।

अन्य दर्शकको आँखाले हेर्दा वस्तु जति छिटो गतिमा चल्दछ, त्यसले लिने स्थान उति कम हुन्छ र समय उति ढिलो गतिमा चल्दछ भन्ने धारणा आइन्स्टाइनले विशेष सापेक्षतावादको सिद्धान्तमार्फत् सन् १९०५ मै ल्याइसकेका थिए । यही अवधारणामुताविक पनि स्थान र समय अत्यन्त अन्तरसम्बन्धित सापेक्ष कुरा हुन् भन्ने सोच आइसकेको थियो । परन्तु आइन्स्टाइनको सामान्य सापेक्षतावादको सिद्धान्तले थप नयाँ अवधारणा विश्व जनसमुदायसामु ल्यायो । त्यो अवधारणा के हो भने ठूला पिण्डवाल वस्तुहरूको सामुन्ने स्थान, समय दुवै बाँगिने गर्दछन् । सबै कणहरूले र, प्रकाशले पनि, हमेशा छोटो बाटो वा रूट पक्रन्छ र जहाँ समय, स्थान बाँगिन्छ, यी रूटहरू पनि बाँगिने गर्छन् । आइन्स्टाइनका अनुसार, पिण्डहरूले बाँगिएको समय र स्थान पैदा गर्छन् । आइन्स्टाइनको निष्कर्ष यस्तो रह्यो- "पदार्थले स्थानलाई कसरी बाँगिने त्यो बताउने गर्छ र स्थानले पदार्थलाई कसरी चल्ने त्यो बनाउने गर्छ ।"

हामीलाई आइन्स्टाइनका यी कुराहरू सुन्दा ज्यादै अनौठो लाग्छ । समय र स्थान पनि बाँगिने रे ? के भनेको यो ? हाम्रो दिल दिमागमा प्रश्न उठ्छ । शुरूमा त वैज्ञानिकहरूलाई समेत आइन्स्टाइनको यो सिद्धान्तले चकित पारेको थियो । पत्याइनसक्नुको कुरो भएको थियो यो । परन्तु सन् १९१९ मा यो सिद्धान्तलाई अवलोकनद्वारा परीक्षण गरेर हेरियो । पूर्ण सूर्यग्रहण अर्थात् खग्रास ग्रहण भएको समय पारेर बेलायती ब्रम्हाण्डशास्त्री आर्थर एडिंगटनले गिनी खाडीको प्रिन्साश्य भन्ने स्थानमा र ब्राजिलमा यो सिद्धान्तको सत्यतालाई परीक्षण गरी हेरे । सूर्य त एउटा विशाल पिण्ड, त्यो पिण्डको नजिक पर्दा अर्को ताराको प्रकाशको गतिको स्थान र समय बाँगिन्छ कि बाँगिदैन, त्यो पूर्ण ग्रहणको समयमा अवलोकनद्वारा परिक्षण गरेर हेरियो । अवलोकनमा यो बिल्कुलै आइन्स्टाइनले भनेझैं बाँगिएको प्रमाणित भयो । सूर्यभन्दा टाढाको वा सूर्य पछाडिको अर्को ताराको प्रकाश पृथ्वीमा सिधा आउनुपर्नेमा बाटोमा सूर्यको पिण्डको कारणले आकर्षित भएर प्रकाश नै बाँगिएर आएको पूर्ण ग्रहणको समयमा प्रष्टै देखियो । वैज्ञानिक जगतमा यो नयाँ तथ्यको उद्घाटनले ठूलो तहल्का मच्चायो । प्रकाश सधैं सिधा बाटो मात्र हिँड्छ भनेर विश्वास राख्नेहरूमाथि यो अवलोकनले ठूलो प्रश्नचिन्ह खडा गऱ्यो- प्रकाश त आखिर बाँगो बाटो पनि हिंड्दोरहेछ ।

यो वैज्ञानिक तथ्यको उद्घाटनले स्थान र समयलाई पिण्डसँग सम्बन्धित सापेक्ष कुराको रूपमा समेत देखायो । पिण्ड विशाल भयो भने समय र स्थानसमेत बाँगिने गर्छ भनेर यसले प्रष्ट देखायो ।

आइन्स्टाइनले सामान्य सापेक्षतावादको सिद्धान्तमार्फत् के नयाँ वैज्ञानिक अवधारणा पनि जनसमक्ष ल्याए भने गुरूत्वाकर्षण भनेको पिण्डको सापेक्षतामा, स्थान र समयको बाँगोपन हो । जसरी ठूलो रबरको पातामा विशाल वस्तु राखियो भने त्यसको सतह थेप्चिएर बाँगिन्छ, ठीक त्यस्तै, ताराजस्तो ठूलो पिण्डवाल वस्तुले पनि स्थान र समयलाई थेप्च्याउँछ अर्थात् स्थान र समय बाँगिन्छ । पिण्डले स्थान र समयमा जुन बाँगोपन पैदा गर्छ, त्यो नै वास्तवमा गुरूत्वाकर्षण हो ।

आइन्स्टाइनको यो नयाँ पत्तो-

**हामीलाई आइन्स्टाइनका यी कुराहरू सुन्दा ज्यादै अनौठो लाग्छ । समय र स्थान पनि बांगिने रे ? के भनेको यो ?**

लगाइले विश्वमा गुरूत्वाकर्षणसम्बन्धी समझदारीमै ठूलो हेरफेर ल्याएको छ । स्थान र समयसम्बन्धी बुझाइमै यसले क्रान्ति ल्याइदिएको छ ।

हामी यसअघि कुनै पनि वस्तु स्थान र समयमा गतिशील हुने कुरामात्र बुझिरहेका थियौँ । अब कुरा त्यतिमात्र रहेन । अब स्थान र समय आफैं वस्तु वा पिण्डसित घनिष्ठ रूपले अर्न्तसम्बन्धित, त्यसको साइजसित समेत घनिष्ठ रूपले अन्तरसम्बन्धित कुराका रूपमा बुझ्नुपर्ने भयो । पहिलेको वस्तु स्थान र समयमा गतिशील हुने कुरा र अहिलेको स्थान र समय आफै वस्तुअनुसार र वस्तुको गतिअनुसार फरक-फरक हुने कुरा बिल्कुलै भिन्नै र नयाँ अवधारणा हुन् । द्वन्दवादमा हामीले यो नयाँ अवधारणा थप्नु र संश्लेषण गर्नु परेको छ ।

अब द्वन्दवादमा के कुरा थप्नु जरूरी भएको छ भने स्थान र समय कुनै निरपेक्ष र स्थिर मनगढन्त अवधारणा होइन, यो वस्तुसापेक्ष र वस्तुको गतिसापेक्ष वस्तुगत यथार्थमा आधारित अवधारणा हो ।

हामीले यसअघिसम्म स्थानको तीनवटा आयाम हुने कुरा मात्र बुझिरहेका थियौँ । हामीले पढेको शास्त्रीय द्वन्दवादमा यही कुरा थियो । परन्तु अब स्थानको चौथो आयाम पनि थपिएको छ- समयको आयाम । समय पनि स्थानकै एउटा आयाम हो भन्ने नयाँ धारणा अब थपिएको छ । पिण्डको गति र स्थानअनुसार समय फरक-फरक हुने गर्छ भन्ने वैज्ञानिक तथ्यमा यो नयाँ धारणा खडा भएको छ र यो बारम्बारको प्रयोगद्वारा सही प्रमाणित भएको नयाँ धारणाका रूपमा आएको छ । तसर्थ, द्वन्दवादले यो नयाँ धारणालाई पनि संगेट्नु वा संश्लेषण गर्नुपर्छ भन्ने मलाई लाग्छ ।

हामी यसअघि 'स्थान र समय' भनेर अगल अलग रूपमा स्थान र समयलाई बुझिरहेका थियौँ । अब त्यो शब्दावलीमा केही सच्याउनुपर्ने खण्ड आएको छ । अब स्थान र समय होइन- "स्थान-समय" भनेर शब्दावलीको प्रयोग गर्नुपर्ने खण्ड आएको छ । यस्तो किन गर्नुपरेको छ भने, यी दुइटा अलग भएर पनि यति अन्तर्सम्बन्धित अवधारणाका रूपमा देखिएका छन्, एउटाविना अर्कोको अस्तित्वको कल्पना नै गर्न सकिंदैन । गति भनेको पदार्थ आफै र पदार्थले स्थान निरन्तर रूपमा बदलिरहनु हो । हो, गति भनेको यही क्रममा समय निरन्तर रूपमा ब्यतीत हुनु हो । यी दुवै घटना हमेशा एकसाथ घटिरहेका हुन्छन् । तसर्थ, यी दुईलाई कहिल्यै अलग्याएर हेर्नै सकिंदैन । यही हुनाले - 'स्थान र समय' होइन- 'स्थान-समय' भन्ने शब्दावली प्रयोगमा ल्याउनु जरूरी छ । ❑


स्वादिलो र पौष्टिकताले भरिपूर्ण
शत प्रतिशत शुद्ध गहुँको आँटा र मैदा




KMM
काठमाडौं मैदा मिल्स प्रा.लि.
बालाजु औद्योगिक क्षेत्र, काठमाडौं
फोन नं.: ३५०२२१, ३५०३८५

सम्पूर्ण देशवासीहरूमा
नव वर्ष २०५८ सालको
हार्दिक मंगलमय शुभ-कामना
व्यक्त गर्दछौं ।
IDM
औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड परिवार,
बालाजु, काठमाण्डौ

हेटौंडा नगरवासी तथा सम्पूर्ण
देशवासीहरुमा
नव वर्ष २०५८ सालको
हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।
उप-प्रमुख
हरि ब. महत
प्रमुख
डोरमणी पौडेल
तथा
हेटौंडा नगरपालिका परिवार

मोरङ्ग जिल्लावासी तथा सम्पूर्ण
देशवासीहरुमा
नव वर्ष २०५८ सालको
हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।
सभापति
खड्ग बहादुर बस्नेत
तथा
मोरङ्ग जिल्ला विकास समिति परिवार

◀ अन्तर्क्रिया

# नाशवान पूँजीवादका विशेषताहरू के हुन् ?

## मूल्यांकनले आयोजना गरेको प्रत्यक्ष अन्तर्क्रियामा कसले के भने ?

- ◆ झलनाथ खनाल
- ◆ टंक कार्की
- ◆ माधवकुमार नेपाल
- ◆ हरि रोका

***मूल्यांकनको अंक ७९,८०,८१ मा प्रकाशित डा. चैतन्य मिश्रको लेखमाथि भएको विचार अन्तर्क्रियाको पहिलो अंश***

### झलनाथ खनाल

अहिलेको विश्वलाई मूलतः पूँजीवादी विश्व भन्ने निष्कर्षलाई मान्ने हो भने पनि सामन्तवादको लोप हुँदैछ भन्ने कुरा यसैले बताइसक्यो । त्यसैले सामन्तवाद पनि लोप हुँदैछ भन्ने कुरा यो निष्कर्षबाट निस्कँदैन भन्ने डाक्टरसाहेवको भनाइसँग सहमत हुन सकिएन । अर्को कुरा, "यो पूँजीवादी प्रणालीको रूपमा केन्द्रमा रहेको मुलुक र छेउछाउका क्षेत्रहरूबीच आपसी खिचातानी र मतभेद पनि प्रशस्त छ । यस्तो मतभेद चर्कँदै जाने धेरै सम्भावनाहरू छन् र यस्तो मतभेद फराकिलो र गहिरो हुँदैजाँदा सिंगो पूँजीवाद मासिन जाने सम्भावना पनि जीवित छ ।" यो बाक्यांशले पनि भ्रम उत्पन्न गर्नसक्छ कि भन्ने मलाई लाग्यो ।

पूँजीवादभित्रकै आधारभूत अन्तरविरोध भनेको यसले सृजना गरेको नयाँ ढाँचाभित्रको उत्पादक शक्ति र उत्पादनसम्बन्धबीचको अन्तरविरोध हो । यो अन्तरविरोधको विकास अनेक चरणहरूमा हुँदैआएको छ । र, त्यो अन्तरविरोधकै एक उपज हो- साम्राज्यवादका बीचको अन्तरविरोध । त्यसकारणले त्यो अन्तरविरोधकै कारणले पूँजीवादको नाश हुँदैन । एकपटक एउटा युद्ध हुन सक्छ । केही साम्राज्यवादीहरू नाश हुन सक्छन्, संकट बढ्न सक्छ, तर पूँजीवाद रहिरहन्छ । त्यसकारणले भित्री अन्तरविरोधहरू, आधारभूत अन्तरविरोधहरूलाई केलाएर त्यसको नाश हुने वास्तविक कारण के हो, त्यो कारणलाई अलि बढी उजागर गर्नुपर्छ भन्ने मलाई लाग्छ ।

दोस्रो चरणमा पूँजीवादको ऐतिहासिकता भन्ने व्याख्यामा पूँजीवादको उदयलाई मोटामोटी चारसय वर्ष पुरानो भनेर डा. मिश्रले मान्नुभएको छ । तर पूँजीकै बारेमा सबभन्दा धेरै ब्याख्या गर्ने कार्ल मार्क्सले चौधौं, पन्ध्रौं शताब्दीबाट पूँजीवादको उदय हुनथालेको र सोह्रौं शताब्दीबाट यो विकसित भएको मान्नुभएको छ । यसबाट पूँजीवादको उदय भएको चारसय होइन, पाँचसय वर्ष भयो भन्ने देखिन्छ ।

तर हाम्रो देश, भारत र चीनमा पूँजीवादका शुरूका टुसाहरू कहिले र कसरी निक्लिए ? यस बारेमा गहन अध्ययन गरेर निकालिएका निष्कर्षहरू बाहिर आएका छैनन् । मलाई लाग्छ, ती चीजहरू अगाडि आए भने सुगौली सन्धिभन्दा अगाडि नै नेपालमा सरल सहकारिताको रूपमा पूँजीवादको छिटफुट रूपमा विकास भएको हुनसक्छ । तर त्यसले फड्को मार्न नपाउँदै हाम्रो मुलुक अरूको कब्जा र नियन्त्रणमा पुगिहाल्यो । भारतमा त यसको विकासक्रम नेपालमाभन्दा अगाडि नै भएको देखिन्छ ।

डाक्टर साहेवले पूँजीवादअन्तर्गत पनि दास बेचविखनको कुरा गर्नुभएको छ । दासप्रथा अघिल्लै चरणको एउटा युगको रूपमा विश्वव्यापी तवरले थियो । र, मान्छे र उसको बुद्धिलाई मालको रूपमा प्रयोग गरेर पूँजीवादको विकास भयो । खास गरेर अफ्रिकाका हब्सीहरूलाई अमेरिका र यूरोपमा बेचविखन गरेर विकराल दृष्य नै सृजना गरियो । दासप्रथाको नै अवशेष हो, यसलाई पूँजीवादकै संरचना अन्तरंगको अंश हो भन्न मिल्दैन कि भन्ने मलाई लाग्छ । त्यो खालि दासप्रथाको अवशेषलाई पूँजीवादमा उपयोग गरेको मात्रै हो जस्तो लाग्छ ।

जतिबेला पूँजीवादको जन्म भयो, त्यतिबेला पूँजीवादी सरल सहकारिताको रूपमा यसको जन्म भयो । त्यतिबेला अहिलेजस्तो जटिल श्रम विभाजन भएको थिएन । एउटा पूँजीपतिले धेरै मजदूरहरूलाई एक ठाउँमा राखेर निश्चित माल उत्पादन गराउने प्रक्रियाको रूपमा यसको जन्म भएको थियो । यो प्रक्रिया निकै लामो अवधिसम्म रह्यो । खासगरी सोह्रौं शताब्दीको अन्त्यसम्म नै यो प्रक्रिया रह्यो । पूँजीवादको पहिलो काल थियो यो ।

पूँजीवादको दोस्रो काल भनेको, मार्क्सकै विश्लेषणअनुसार भन्ने हो भने पनि, श्रम विभाजनमा आधारित बृहत हस्त निर्माण उद्योगको काल हो । त्यतिबेला यन्त्र निर्माण भएको थिएन । प्रथम कालमा एउटा माल तयार गर्ने काम एउटै व्यक्तिले गर्नेगर्थ्यो भने यो कालमा आएर एउटै माल उत्पादन गर्न पनि श्रम विभाजन हुनथाल्यो । यो काल सोह्रौंदेखि अठारौं शताब्दीको अन्त्यसम्म रह्यो ।

पूँजीवादको तेस्रो चरण भनेको यन्त्रहरूको विकासको चरण हो । उन्नाइसौं र बिसौं शताब्दीको पूँजीवाद आधुनिक यन्त्रमाथि आधारित उद्योगहरूको कालको पूँजीवाद हो । यो काल आइसकेपछि मात्रै वास्तवमा आधुनिक र अन्तर्राष्ट्रिय पूँजीपतिवर्ग र सर्वहारावर्गको उदय भयो । र, पूँजीवादको विकासले पनि अर्को चरण लिन थाल्यो । पूँजीवादको प्रारम्भमा उसले जुन प्रगतिशीलता विकास गरेको थियो, त्यसलाई पछि त्यसले गुमाउँदै गयो । अहिले यो बिसौं शताब्दीको करिव करिव मध्य भागदेखि बुद्धि-उद्योगको कालमा पूँजीवाद प्रवेश गरेको छ । एक्काइसौं शताब्दी यसको चरम विकासको अवस्था हुनसक्दछ । यसले कस्ता कस्ता परिणाम ल्याउँछ भन्नेबारेमा प्रारम्भिक बहस छलफल हुनथालेको छ । तर यसले ल्याउन सक्ने समग्र परिणामहरूका बारेमा अझै उचित बहस, छलफल भएको छैन ।

चित्र बिचित्रका परिवर्तनहरू यसले ल्याउँछ । पूँजीवादलाई नितान्त एउटा अर्को नयाँ चरणमा यसले उठाउँछ र उठ्दैछ । हामी त्यो उठिरहेको चरणमा छौं । यो चरण भनेको विश्व-व्यापी पूँजीवादको चरण हो । यो विश्वव्यापी साम्राज्यवादको चरण हो । लेनिनले विश्लेषण गर्नुभएको पूँजीवादभन्दा यो पूँजीवादअगाडि बढेर आएको छ र यो नितान्त नयाँ श्रम विभाजनमाथि आधारित छ । यो नयाँ श्रम विभाजनमाथि आधारित पूँजीवादको अन्तरविरोधका बारेमा विश्वभरिकै कम्युनिष्टहरूले गम्भीरतापूर्वक बहस गर्नुपर्छ भन्ने मलाई लाग्छ ।

योभन्दा अर्को चरण पनि आउँछ कि आउँदैन भनेर बहस गर्न पनि सकिन्छ । तर मलाई लाग्छ, कि यो बुद्धि-उद्योगको

चरण आइसकेपछि पूँजीवादको समाप्ती हुनु पर्दछ । किनभने यसले धेरै चीजहरूलाई सामूहिकीकरण गर्दैलाने स्थिति ल्याएको छ र यो चरण आएपछि संसारमा एकातिर पहिलेको बित्तीय पूँजी केन्द्रिकरणको प्रक्रियाभन्दा सैयौं गुणा बढी केन्द्रिकरण हुँदै गएको छ । विगत ५/१० वर्षको बीचमा नै विश्वका बहुराष्ट्रिय कर्पोरेसनहरूमा यति धेरै मात्रामा पूँजीको केन्द्रिकरण भयो कि राष्ट्र-राष्ट्रको तुलना गर्दाखेरि १२ वटा विश्वका ठूला बहुराष्ट्रिय कम्पनीहरूमा विश्वका ११२ वटा मुलुकहरूको बार्षिक आयभन्दा बढी पूँजी केन्द्रित हुन आएको छ । यो भयावह केन्द्रिकरणको अवस्था भनेको बुद्धि-उद्योगको चमत्कार हो । यो चमत्कार अरू बढ्ता बिस्तार हुँदैछ । ऐतिहासिकताको विश्लेषण गर्दा यसलाई पनि ल्याउनुपर्छ भन्ने मलाई लागेको छ ।

यो ऐतिहासिकताकै सन्दर्भमा आउँदा पूँजीवादको उदयकालमा यसले खेलेको जुन प्रगतिशील भूमिका हो, यस लेखमा यो चीज बिल्कुलै परेन । यो कुरा पनि यसमा आउनुपर्छ । कहाँबाट कसरी यो प्रतिक्रियावादी स्वरूपमा बदलियो त ? त्यो प्रतिक्रियावादी स्वरूपमा बदलिसकेपछि स्वभाविक रूपले त्यसले आफ्ना निषेध गर्ने तत्व सृजना गर्छ । र, कुनै पनि वस्तुले आफूलाई निषेध गर्ने आधार आफैले तयार गर्छ । पूँजीवादले पनि आफूलाई निषेध गर्ने आधार आफैंले तयार गर्दैछ । यो विश्वव्यापी पूँजीवादको अवस्था भनेको पूँजीवादले आफूलाई सम्पूर्ण रूपले समाप्त गर्ने अवस्था हुनुपर्छ भन्ने मलाई लाग्छ । त्यो चीजको यथोचित व्याख्या डा. मिश्रको लेखमा आएन ।

अर्को कुरा, सन् १९६० देखि यता र विगत ३० वर्षको अवधिमा एकातिर पूँजीवादले पनि राज्यले संचालन गर्ने केन्द्रिकरणको एउटा अभ्यास गर्‍यो । अहिले आएर फेरि खुला बजारमाथि आधारित अर्थतन्त्र हुनुपर्दछ भन्ने खालका कुराहरू उनीहरू गरिरहेका छन् । यी कुराहरूको भित्र पनि मुख्य रूपले विज्ञान प्रविधिमा आएको परिवर्तन र उत्पादन प्रणालीमा आएको पछिल्लो श्रम विभाजनले खेलेको भूमिका नै निर्णायक छ । यो निर्णायक कुरालाई विश्लेषण नगरीकन बाहिर आएको उनीहरूको नीति रणनीतिमा आएको परिवर्तनलाई बुझ्न सकिन्न भन्ने मलाई लाग्छ । त्यसको विश्लेषणको गहिराइमा यो लेख पुगेको छैन ।

विशिष्ट स्थितिमा पूँजीवाद भनेर अलिकति नेपालतिर फर्कन खोजेको हो कि जस्तो मलाई लाग्यो । विश्वपूँजीवादको नयाँ स्वरूप र धरातलको व्याख्या गर्दै नेपालको हालको पूँजीवादको स्वरूप के हो भन्ने सन्दर्भमा लेखले राम्ररी विश्लेषण गर्न अलि कन्जुस्याइ गरेकोजस्तो मलाई लागेको छ । किनभने नेपालको सन्दर्भमा पूँजीवाद कहिलेदेखि उदय भयो ? यो विकास हुँदै कस्तो अवस्थाहरू पार गर्दै आएको छ ? सामान्यतया पूँजीवादको विकासका ५ वटा अवस्थाहरूले आ-आफ्नै संरचना सृजना गरेका छन् र औपनिवेशिक साम्राज्य सृजना गर्ने पनि यन्त्र उद्योगको कारणले हो भने त अहिलेको अवस्थामा भौतिक रूपले उपनिवेश सृर्जना गर्नुपर्ने आवश्यकता नै रहेन । यो बुद्धि-उद्योगको चरणमा अरू नै माध्यमद्वारा पूरै विश्वलाई आफ्नो नियन्त्रणमा ल्याउन सकिने नयाँ तौरतरिकाहरू विकास भएका छन् । ती तौरतरिकाहरू सांगोपांगो रूपले प्रस्तुत गर्नुपर्ने जरूरत छ । यो परिप्रेक्षमा नेपालको पूँजीवाद जहाँबाट थालनी भएको छ, विकास हुँदै आएको छ, यहाँको सामन्तवादलाई त्यसले कसरी चिर्दै लगिरहेको छ ? यो कुराको यथोचित व्याख्या गरिनुपर्दछ ।

डाक्टर साहेबको एउटा अर्को कुरामा पनि म सहमत हुन सकिनँ । त्यो के कुरा हो भने ५० वर्षउताको नेपाललाई अर्द्धउपनिवेश र अर्द्धसामन्तीभन्दा ठीक



क. झलनाथ खनाल

होला । तर अहिले यसबारेमा विश्लेषण नै नगरिकन उहाँले चारवटा आरोप लगाउनु भयो । यी आरोपहरूमा दृष्टिकोणको अभाव, लगनशीलताको अभाव, (सायद उहाँले नेताहरू अध्ययन गर्दैनन् भन्न खोज्नुभएको होला ।) चाहनाको अभाव, तथा पूँजीवादको खतरा मान्यताहरू बोकेर हिँडिरहने आग्रहको कुराहरू हुन् ।

यसमा मेरो चुनौती के हो भने ५० वर्षअघि नेपाल अर्द्धसामन्ती र अर्द्धऔपनिवेशिक देश थियो भनेर कुन तथ्य, कुन संरचना र कुन विश्लेषणमा आधारित भएर भन्न सकियो ? त्यतिबेलाभन्दा अहिले के के कुरामा फरक आयो र के के आधारमा अहिलेको नेपाल अर्द्धसामन्ती र अर्धऔपनिवेसिक भएन भनियो ? सन्दर्भमा अझै राम्ररी सविस्तार आउनु पर्‍यो । यसमा त त्यति राम्ररी विश्लेषण आएकै छैन ।

अर्को कुरा, राष्ट्रिय पूँजीपतिको अवधारणामाथि पनि लेखकले चुनौती खडा गर्नुभएको रहेछ । चुनौती खडा गर्ने बिन्दु आयो कि आएको छैन ? यसमा गहिरो विश्लेषण गर्नु जरूरी छ । किनभने ज्ञानमा आधारित अर्थतन्त्रको विकासमा र विश्वव्यापीकरणको युगको पूँजीवादमा अब सीमाहीन अर्थतन्त्रको कुरा त ब्यापक बन्न

*मेरो चुनौती के हो भने ५० वर्षअघि नेपाल अर्द्धसामन्ती र अर्द्धऔपनिवेशिक देश थियो भनेर कुन तथ्य, कुन संरचना र कुन विश्लेषणमा आधारित भएर भन्न सकियो ? - क. झलनाथ खनाल*

थालेकै छ र राष्ट्र-राज्यको र बहुराष्ट्र-राज्यको भूमिका पनि गौण हुन थालेकै छ । यी चीजहरूको पनि हामीले विश्लेषण गर्नुपर्छ । यसभित्र विश्वव्यापीकरणका दुईवटा पाटाहरूको व्याख्या हुनु जरूरी छ । एउटा, सामान्य विकासको क्रममा विश्वग्राम बन्ने सम्भावनाको पाटो अथवा एउटा अन्तरराष्ट्रिय समुदाय बन्ने सम्भावनाको पाटो, जस्तो कि कार्ल मार्क्सले र यु.जे. पोत्तरले 'मानवको अन्तरराष्ट्रिय जाति हुनेछ' भनेर भनेजस्तै । त्यो अन्तरराष्ट्रिय जाति बन्ने प्रक्रियामा हुने विश्वव्यापीकरण र अहिलेको यो अन्तर्राष्ट्रिय बित्तीय पूँजीको विश्वव्यापीकरणको बीचमा अन्तर छ । यो अन्तर हुँदाहुँदै पनि विश्व र राष्ट्रहरूबीचको सम्बन्ध, विश्वअर्थतन्त्र र राष्ट्रिय विकासबीचको अन्तरसम्बन्धलाई हामीले बिर्सनु हुँदैन । र, यसरी हेरियो भने राष्ट्रिय अर्थतन्त्र र राष्ट्रिय पूँजीवाद भन्ने चीज अझै लामो समयसम्म रहन्छ, यो तेस्रो विश्वमा ।

त्यसैले राष्ट्रिय पूँजीपतिको अवधारणा असान्दर्भिक भइसकेको छैन, जस्तो कि. डा. मिश्रले भन्नुभएको छ ।


## टंक कार्की

मार्क्सवादी विज्ञानमा जति पनि व्याख्यान छन्, तिनलाई पार्टीको पोजिसनको आधारमा आधिकारिकता प्रदान गरेर आएका मान्छेहरू हौं हामीहरू । कम्युनिष्ट पार्टीको सांगठनिक संयन्त्रभन्दा बाहिर रहेर पनि यो व्याख्या गर्ने जुन जमर्को डा. मिश्रबाट भएको छ, त्यसबाट मलाई ज्यादै खुसी लागेको छ । हामीकहाँ कम्युनिष्टहरूको ढाँचागत पोजिसनमा आधिकारिक व्याख्या खोज्नुपर्छ भन्ने सोच धेरैजसोको छ । त्यसलाई भंग गर्ने खालको सोच भएका एकजना चैतन्य मिश्र मात्र नभएर धेरै निक्लनुपर्छ । तब मात्र हाम्रा सैद्धान्तिक विवादहरूलाई ठीक ठाउँमा ल्याउन सकिन्छ भन्ने मलाई लाग्छ । २०४२ सालताका होला - "Development and Underdevelopment-A Socialogical Perspective" लेखदेखि मैले डक्टरसाहेबको फलो गरेको हुँ । त्यतिबेलादेखि डक्टरसाहेबको कतिपय विचार र मान्यताबाट आफ्ना बैचारिक सोच विचारहरूलाई विकास गर्ने काम भएको छ ।

यो पेपर पनि मैले सकेसम्म गहिरिएर अध्ययन गरेको छु । यसमा कतिपय कुराहरू राम्रा छन् । र, केही केही चाहिँ आग्रहहरू पनि उहाँले पाल्नुभएको छ कि भन्ने मलाई लाग्छ । हाम्रो सन्दर्भमा पूँजीवादको सामान्य

## ◀ अन्तर्क्रिया

विकासको बाटोलाई विश्लेषण गरेर यसका के के विशेषताहरूमा परिवर्तनहरू आए ? अहिले हाम्रो देशको के के सन्दर्भमा परिवर्तन भएका छन् ? त्यसले हामीलाई नयाँ नीति र रणनीति तर्जुमा गर्नतिर दिग्दर्शन गर्नुपर्छ भन्ने आग्रह त छ नै यसमा । साथसाथै यसमा गत ५०/६० वर्षभित्र नेपालको आर्थिक, सामाजिक र राजनैतिक क्षेत्रमा जे-जति परिवर्तन भएको छ, त्यो परिवर्तनले हाम्रो त्यो पूर्व-मान्यताअनुसार हाम्रो समाज अब अर्द्धसामन्ती, अर्द्धऔपनिवेशिक रहेन भन्ने कोणबाट नयाँ ढंगले हेरौं र हाम्रो देशमा पूँजीवादका नयाँ रूपहरू कसरी आइरहेका छन् भन्ने व्याख्या विश्लेषणबाट उहाँले यो लेख शुरू गर्नु भएको छ । तर यो लेखमा त्यही विषयमा केन्द्रित भएर सबैले स्पष्ट बुझ्ने गरी पर्याप्त व्याख्या विश्लेषण गर्नसक्नु भएन कि ?



*क. टंक कार्की*

खास गरेर नेपालको शहर बजारमा केही झिलीमिली, केही उद्योगधन्दाहरू, मोटरहरू देखेर कसैलाई नेपालमा सामन्तवाद खत्तम भयो भन्ने पनि लागेको छ । आखिर सामन्तवाद के हो त ? सामन्तवाद साँच्चै समाप्त भइसकेको हो त ? यसलाई अर्द्धसामन्ती, अर्ध-औपनिवेशिक भनेर यान्त्रिक व्याख्या विश्लेषण पनि गर्नु भएन । र, त्यो ५०-५० प्रतिशत अर्द्ध-सामन्ती हो, $(a+b)^2 = a^2+2ab+b^2$ भन्ने ढंगले पनि व्याख्या गर्नु भएन । अर्द्ध-सामन्ती भन्ने तर त्योभित्रको विषयबस्तु केही पनि नभन्ने, खालि शब्दावली र नारा मात्र भन्ने, यो पनि गर्नु भएन । यो बीचमा हो के त ?

सामन्तवादबारेमा मैले आजसम्म पढेका साहित्यहरूले सामन्तवादलाई दुईवटा विशेषताका आधारमा हेरिनुपर्छ भनेका छन् । एक, सानो पैमानाको खेतीका आधारमा । अर्को, स्वतन्त्र कालिगढीका आधारमा । मार्क्सकै शब्दमा भन्ने हो भने पनि उहाँले के भन्नुभएको छ भने, सानो स्तरको खेती मात्र भनेर हुँदैन, त्यो कत्रो छ, हेर्नुपर्छ र आत्मनिर्भर खेती प्रणालीको साइज कत्रो छ, त्यो पनि हेर्नुपर्छ । यी दुईवटा कुराको आधारमा समाजको विश्लेषण गर्नु पर्दछ ।

> *सामन्तवादबारेमा मैले आजसम्म पढेका साहित्यहरूले सामन्तवादलाई दुईवटा विशेषताका आधारमा हेरिनुपर्छ भनेका छन् । एक, सानो पैमानाको खेतीका आधारमा । अर्को, स्वतन्त्र कालिगढीका आधारमा । - क. टंक कार्की*

हाम्रो समाज पनि यी दुईवटा विशेषताबाट मुक्त भयो भने हामी सामन्तवादबाट मुक्त भएका हुन्छौं । नेपाली समाजमा यदि यी विशेषताहरूको अन्त्य भएको हो भने अब नेपालमा पूँजीवादी उत्पादन प्रणाली आइसक्यो भनेर मान्नु पर्‍यो । यदि अहिले पनि हाम्रो समाजमा यी विशेषताहरू मूलभूत रूपमा हावी छन्, र एउटा खास साइजमा छ भने यसलाई अर्द्धसामन्ती भनेर केही पनि बिग्रेको छैन । त्यो २००६ सालमा ६०/७० प्रतिशत थियो भने, आज ४० मा आएको होला अथवा ३५ मा आएको होला । तर नेपाली समाज अर्द्धसामन्ती विशेषताबाट भिन्न छ भन्ने मलाई लाग्दैन ।

अर्को, नेपाल अर्द्ध-औपनिवेशिक हो कि होइन भन्ने सवाल छ । यस सम्बन्धमा आजको विश्वको जुन पूँजीवाद हो, त्यो हामीकहाँ आउँदा नेपालको अर्द्धउपनिवेश स्थितिमाथि नै घोडा चढेर आउने हो । आजको युगमा त्यो प्रत्यक्ष उपनिवेश कायम गर्ने बाटोबाट त आउँदैन । त्यो त अब अप्रत्यक्ष रूपमा विश्वव्यापीकरण भन्दै देश-देशमा पूँजीवादी-साम्राज्यवादी शोषण कायम गर्नतिर नै लागिरहेछ । यो अर्थमा नै नेपाललाई अर्द्धउपनिवेश भनिएकोजस्तो लाग्छ । र, यो अवधारणा गलत छैन ।

अर्कोकुरा, हामीकहाँ एउटा के पनि गलत अवधारणा छ भने केही मार्क्सवादीहरूमा सबै देशमा क्रमबद्ध रूपमा पहिले आदिम साम्यवाद, त्यसपछि दास युग, त्यसपछि सामन्तवाद, त्यसपछि पूँजीवाद, समाजवाद र साम्यवाद आउँछ भन्ने धारणा मजबूत छ । तर यथार्थमा सर्वदा र सबै ठाउँमा यस्तो हुँदैन । सबै ठाउँमा दासयुगपछि मात्र सामन्तवाद आउने भन्ने कुरा हुँदैन । जस्तो, रोम तथा युनानमा सामन्तवाद आएपछि मात्र दासयुग आएको उनीहरूको इतिहास छ ।


लेनिनको समयको पूँजीवादमा भन्दा अहिले नयाँ जोडदारसाथ आइराखेको एउटा विशेषता हो- लेनिनको पालामा जस्तो बित्तीय पूँजीको भूमिका अहिले विश्वमा छैन । राष्ट्रमा आधारित थियो, लेनिनको पालाको बित्तीय पूँजी, अहिले बित्तीय पूँजीको भूमिका विश्वव्यापी भएको छ । चरित्रमा आएको यो हेफेरमा पनि ध्यान जानु जरूरी छ । अरू मलाई ठीकै लागेको छ ।

### - क. माधव नेपाल

डा. चैतन्यले अहिले जुन बहसको लागि आधारपत्र प्रस्तुत गर्नुभएको छ र त्यो क्रमबद्ध रूपमा आएको छ, हाम्रो देश र विश्वको सही समझदारीका लागि यस्तो बहसको आवश्यकता छ । बदलिँदो विश्वमा समाजवाद, पूँजीवाद र सामन्तवादको बारेमा सही बुझाइका लागि पनि यस्तो बहसको आवश्यकता छ ।

तर यो कार्यपत्र हेर्दा मलाई के लाग्यो भने यसमा विचारको स्वच्छन्द उडान छ । एउटा विषयवस्तुमा बाँधिएर एक लेखमा एउटा निर्दिष्ट उद्देश्य हाँसिल गर्नका लागि लेख्ने काम गरिएको भए राम्रो हुन्थ्यो कि जस्तो मलाई लागेको छ । जस्तो, पूँजीवादको स्वरूपमा आएको हेरफेरबारे केन्द्रित भएर लेखे पनि हुन्थ्यो । नेपाल अर्द्ध-सामन्ती किन होइन भन्ने बारेमा केन्द्रित भएर लेखे पनि हुन्थ्यो । तर यो तीनपटक गरी आएको लेखमा विषयवस्तु छितरियो । एउटै लेखमा धेरै कुरा उठाइयो, तर कुनैको पनि पर्याप्त व्याख्या विश्लेषण भएन । यस्तो नगरिनु पर्थ्यो भन्ने मलाई लागेको छ ।

विश्वलाई ऐतिहासिक हिसावले पनि व्याख्या विश्लेषण गर्नु पर्दछ । दासयुग,



*क. माधवकुमार नेपाल*

सामन्तवाद, पूँजीवाद, समाजवाद तथा साम्यवादका विशेषताहरूको बारेमा मार्क्स, ऐंगेल्स, लेनिन तथा माओजस्ता मार्क्सवादी नेताहरूले थुप्रै रचनाहरू लेख्नुभएको छ । यसका साथै थुप्रै मार्क्सवादी बुद्धिजीवीहरूले पनि यसबारेमा थुप्रै कुराहरू लेखिसकेका छन् । त्यसैलाई आधार बनाएर अबको परिवर्तित परिस्थितिमा पुरानो धारणा बेठीक छ भने पनि के के कुरामा के कारणले बेठीक छ, अधुरो छ भने के के कुरामा अधुरो छ ? नयाँ कुराहरू र विशेषताहरू विकसित भएका छन् भने के के भएका छन् भन्ने कुराबारे विषयवस्तु केन्द्रित भएर लेख्दा उपयुक्त हुन्थ्यो ।

पूँजीवादकै विषयमा डा. चैतन्यको लेख कतिपय कुरामा परम्परागत सोचबाट अलि टाढा जान खोजेको छ । यो ठीक पनि हो । हामी त्यही पुरानै लीगमा आँखा चिम्लेर बसिराख्न सक्दैनौं । अहिले पूँजीवादले जसरी विकास गरेको छ र स्वरूप बदलेको छ, त्यसलाई यथार्थवादी र वस्तुवादी ढंगले नै हेर्नु पर्दछ र विश्लेषण गर्नु पर्दछ । पूँजीवादलाई परम्परागत रूपमा मार्क्सवादले विश्लेषण गरेको हिसावले हेर्ने हो भने पूँजीवाद त अहिले विनाश भइसक्नु पर्ने हो । तर अहिले फर्केर हेर्दा त्यो विनाशको अवस्थामा त छैन । तसर्थ, डा. चैतन्यको

## बदलिँदो विश्वमा समाजवाद, पूँजीवाद र सामन्तवादको बारेमा सही बुझाइका लागि पनि यस्तो बहसको आवश्यकता छ – क. माधवकुमार नेपाल

लेखले ठीकै निष्कर्ष निकालेको छ, त्यो के भने- वर्तमानमा पूँजीवाद अघि लम्कने क्रममा लगनशील र सफल छ । यो लेखाइले हाम्रो परम्परागत सोचलाई चुनौती दिएको छ । र, विगतमा जुन विश्लेषण गरिएको थियो, त्यो विश्लेषणमा केही अधुरोपन र त्रुटी थिए भन्ने देखाएको छ । यो मलाई त ठीकै लागेको छ ।

अर्कोकुरा, हामीले यसमा निकाल्न खोजेको निष्कर्ष के त ? पूँजीवादको पतन हुन्छ भन्ने कुरा खालि सुगालेझैं रटेर हुँदैन । अहिलेको तीतो यथार्थ के हो भने पूँजीवादले आफूभित्रका अन्तरविरोधहरू समाधान गरिरहेको छ, उसले आफैंभित्रका ठूला ठूला संकटहरूलाई बारंबार टारिरहेको छ, संकटको कारण राम्ररी विश्लेषण गर्ने गरेको छ । तर अहिले पूँजीवादको तुलनामा समाजवाद चाहिं असफल देखिएको छ । त्यसले आफूभित्रका संकट र कमीकमजोरीहरूलाई ठीक ढंगले गहीरोमा केलाउन सकेको छैन । अहिले पूँजीवादले जसरी अनेकौं संकट झेल्दै पार गर्दै आफ्नो अस्तित्वलाई टिकाउन र लम्ब्याउन सकिरहेको छ, त्यसलाई समाजवादले पनि सिक्नसके राम्रो हुन्थ्यो । यो कुरा डा. चैतन्यको लेखमा तुलनात्मक अध्ययनको हिसावले आउन सकेको भए त्यो अझै राम्रो हुन सक्थ्यो । यसबाट अहिले विद्यमान जडसूत्रवादमाथि एउटा गतिलो चुनौती हुने थियो ।

डा. चैतन्यको लेखमा नेपाल अर्द्धसामन्ती र अर्द्धऔपनिवेशिक देश होइन भन्ने सन्दर्भमा खालि शब्दावली मात्र आएको छ, व्याख्या विश्लेषण आएको छैन । त्यस सम्बन्धमा पर्याप्त व्याख्या विश्लेषणसहितको छुट्टै कार्यपत्र आएको भए राम्रो हुन्थ्यो । र, त्यसलाई अब बहसकै विषय पनि बनाउनु पर्दछ भन्ने मलाई लाग्छ । तर अहिलेसम्म ऐतिहासिक परिप्रेक्ष्यबाट भिन्नै ढंगले यसको व्याख्या विश्लेषण हुन सकिरहेको छैन । यो धारणालाई तथ्यको जगमा उभिएर चुनौती दिनु पर्दछ । मार्क्सले, मार्क्सवादी नेताहरूले या इतिहासकारहरूले ऐतिहासिक परिप्रेक्षमा उभिएर विश्लेषण गरेका छन् । कार्ल मार्क्सले समेत हेगेल, फायरबाखदेखि लिएर पूँजीवादी विद्वानहरूका कुरालाई आधार मानेर त्यसको विश्लेषण गर्नुभएको छ । र, चुनौती दिनुभएको छ । र, उनीहरूका ठीक कुरालाई ठीक भन्नुभएको छ र बेठीकलाई बेठीक भन्नुभएको छ । हामीले मार्क्सलाई पनि विकास क्रममा आउनुभएको एउटा महान व्यक्तिको रूपमा लिएर उहाँको लेखाइयता स्थितिमा कुनै हेरफेर आएको छ भने त्यसलाई अगाडि सारेर नयाँ विश्लेषण गर्नुपर्ने आवश्यकता पर्छ ।

लेखले पूँजीवादले विभिन्न चरण र उपचरण पार गरेर आफ्नो स्वरूप बदल्दै आएको छ भन्ने कुरा ठीकै भनेको छ । अब नेपालको सन्दर्भमा हामी उत्पादनको विकासको कुन चरणमा छौं त ? हामी पूँजीवादी उत्पादनको चरणमा प्रवेश गरेका छौं कि अर्द्ध-सामन्ती अवस्थामा नै छौं ? यो बेग्लै बहसको बिषय बन्न सक्दछ । यस कार्यपत्रले नेपाली समाज अहिले उत्पादनको विकासको कुन चरणमा छ भन्ने कुरा राम्ररी स्पष्ट पार्न सकेको छैन । पूँजीवादको आर्थिक विकासको एउटा पक्षलाई मात्र यसमा विश्लेषण गरिएको छ । तर पूँजीवादको अर्को पक्षलाई यसले विश्लेषण गरेको छैन । पूँजीवादका कतिपय राम्रा कुराहरू पनि छन् । ती सकारात्मक कुराहरू के के हुन्, जसलाई समाजवादले पनि ग्रहण गर्न सक्नुपर्दछ ? पूँजीवादले पनि विगतमा समाजवादकै कतिपय असल कुरालाई ग्रहण गरेर आफ्नो आयुलाई लम्ब्याउने र समृद्ध पार्ने काम गरेको छ । ठीक त्यस्तै, समाजलाई अघि बढाउनको लागि पूँजीवादमा भएका राजनैतिक, सांस्कृतिक तथा आर्थिक क्षेत्रमा भएका असल कुराहरूलाई पनि समाजवादले लिनु पर्दछ । यसबारे पनि विश्लेषण आउन सक्यो भने राम्रो हुन्छ भन्ने मलाई लाग्छ । जे भए पनि डा. चैतन्यको प्रयास राम्रो छ, ठीक छ । यस्ता सवालमा बहस प्रारम्भ गर्नु पर्दछ भन्ने मलाई लाग्छ ।

### क. हरि रोका–

चैतन्य सरको आधारभूत कुराहरूसँग म सहमत छु । तर सरसँग पनि एउटा सानो आग्रह के छ भने यूरोपलाई केन्द्र मानेर लेखिएका जति पनि किताबहरू छन्, त्यसको अध्ययनमा हामी जाऔं । त्यो त ठीक छ, तर त्योभन्दा बाहिर एशियालाई, अफ्रो-एशियालाई केन्द्र मानेर लेखिएका किताबहरू पनि आएका छन् । जस्तो, लगर हेड, गुण्डर फ्रायन्क, जेस्टुनजस्ता मान्छेहरूले नयाँ ढंगले लेखेका छन् । ती पुस्तकहरू पढ्दा सरले लेख्नुभएको नयाँ कुरालाई बुझ्न सकिन्छ जस्तो लाग्छ ।

हामीकहाँ पूँजीवाद छ कि सामन्तवाद छ भन्ने कुरा त पछिल्लो चरणको कुरा हो । तर अहिले विश्वव्यापी पूँजीवाद वा विश्वव्यापीकरणको कुरा आउँदा बित्तीय पूँजीको विश्वव्यापी रूप र त्यसले खेलेको भूमिकाबारे बिस्तारसाथ व्याख्या विश्लेषण यो लेखमा भएको छैन । त्यो हुनुपर्थ्यो । लेनिनले बित्तीय पूँजीको बारेमा जुन व्याख्या गर्नुभएको थियो, त्यो एकदमै सानो मात्रामा र एउटा निश्चित क्षेत्रमा मात्र सीमित थियो । त्यो ब्यापारिक पूँजीवादको अन्तिम चरणमा आइपुग्दाखेरिको अवधारणा थियो । ब्यापारिक पूँजीवादबाट अगाडि हामफालिसकेपछि बित्तीय पूँजीवादको जुन बृहद रूप आयो, त्यसले समाजमा र उत्पादनमा जुन परिवर्तनहरू ल्यायो र त्यसलाई बदल्नको लागि पनि कति ठूला परिवर्तनहरू आए भन्ने कुरालाई बुझ्न अलि बढी व्याख्या जरूरी हुन्थ्यो । तर यहाँ सरले व्याख्या गर्न अलि कन्जुस्याँ गर्नुभयो कि जस्तो लाग्यो ।

अर्को प्रसंग, पूँजीवाद नाशवान हो कि होइन ? वा यो राम्रो छ कि छैन ? यो नाशवान हुनुपर्ने हो कि होइन ? यी कुरा बुझ्नको लागि पूँजीवादले आफूलाई स्थितिअनुसार परिवर्तन गर्दै लगेको र परिवर्तित परिस्थितिमा आफूलाई ढाल्दै लगिरहेको छ भन्ने कुरा स्पष्ट हुनु जरूरी छ । एउटा चरम संकटको चरण आउँछ र पूँजीवाद अन्त्य हुने स्थितिमा पुग्छ, परन्तु त्यसलाई पनि उनीहरूले नयाँ ढंगले व्यवस्थापन गरिरहेका छन् । जस्तो, सन्



क. हरि रोका

१९९४ मा मेक्सिको संकट आयो । त्यस संकटलाई पूँजीवादीहरूले नयाँ ढंगले हल गर्ने व्यवस्था गरे । सन् १९९८ मा पूर्वी एशिया तथा दक्षिण पूर्वी एशियामा गम्भीर संकट आयो । रूसमा पूँजीवाद शुरू भएपछि चर्को संकट आयो । परन्तु ती संकटहरूलाई उनीहरूले नयाँ ढंगले व्यवस्था गरे । यो नयाँ ढंगले उनीहरूले गरेको संकटको व्यवस्थापनलाई समाजवादीहरूले बुझ्नै सकिरहेका छैनन् । यो कुरालाई पनि अलिकति खुलस्त गर्नुपर्छजस्तो मलाई लाग्छ ।

हामीले अहिलेसम्म मार्क्सवाद, खास गरेर मार्क्सले लेखेका कुराहरू वा माओत्सेतुङले गर्नुभएको व्याख्याको आधारबाट नेपाल अर्धसामन्ती वा अर्द्धऔपनिवेशिक भनेर व्याख्या गर्ने गर्छौं । तर हाम्रो उत्पादन प्रणाली र हामीकहाँ भएको परिवर्तनलाई हामीले गहिरो ढंगले बुझ्नु जरूरी छ र त्यसलाई अझ मूर्त रूपमा अगाडि ल्याउनु जरूरी छ भन्ने मलाई लाग्छ । ❑

*अर्को प्रसंग, पूँजीवाद नाशवान हो कि होइन ? वा यो राम्रो छ कि छैन ? यो नाशवान हुनुपर्ने हो कि होइन ? – क. हरि रोका*

# लाउडा खरिदमा भएका वास्तविक बदमाशीहरू

लीलामणि पोखरेल





नेपाल अहिले लाउडामय भएको छ । लाउडा खरिदमा भएको भ्रष्टाचारमा प्रधानमन्त्रीको संलग्नताको आरोपमा उनको राजीनामा माग्दै नेपालको इतिहासमा पहिलोपटक संसदमा हिउँदे अधिवेशन प्रतिपक्षको संयुक्त विरोधको कारण ५७ दिन अवरूद्ध भएर बिना कुनै निर्णय टुंगिएको छ । लाउडा काण्डले संबन्धित मन्त्रीको कुर्सी नै उडेको छ । आर.एन.ए.सी.का प्रमुखको जागीर नै ढलेको छ । यही काण्डमा प्रधानमन्त्री स्वयम् मुछिएका कारण प्रतिपक्षमात्र होइन, कांग्रेसभित्रकै ५० जनाभन्दा ज्यादा सांसदहरूले समेत प्र.म. कोइरालाप्रति विश्वास नरहेको आशय दर्शाएर उनको राजीनामा मागेका हुन् । यो काण्डले गिरिजाप्रसाद कोइरालाको सार्वजनिक छवि र नैतिक बल यति गिराएको छ कि, उनी यसअघि आफ्नै पार्टीमा यति निरीह, कमजोर र लाचार कहिल्यै भएका थिएनन् । अहिले संसदका चार प्रमुख प्रतिपक्षी पार्टीहरूले उनको प्रमुख आतिथ्यमा हुने सबै कार्यक्रमको सार्वजनिक बहिष्कार गर्ने घोषणा गरेका छन् । माओवादीले उनी प्र.म. हुन्जेल वार्ता नै नगर्ने जनाएको छ ।

आखिर हो के लाउडा काण्ड ? कसरी भएको छ यसमा नांगो भ्रष्टाचार ? किन लाउडा काण्डमा प्रधानमन्त्री कोइरालाको संलग्नताबारे साराजसो प्रतिपक्ष एक भएका छन् ? के छ यसको सबूद ? यो लेख यिनै प्रश्नमा सार्वजनिक स्पष्टताको निम्ति लेख्न लागिँदैछ ।

## *लाउडा के हो ?*

पूर्वी यूरोपको एउटा देश अष्ट्रियाको एकजना 'कार रेसिङ्गका शौकीन व्यक्ति निकी लाउडाको पहल-कदमीमा प्राइभेट सेक्टरमा स्थापित हवाई जहाज सञ्चालन गर्ने संस्था 'लाउडा एयर' हो ।' यो संस्थाले यूरोप, अमेरिका, अफ्रिका र एशियाका केही मुलुकहरूमा हवाई सेवा संचालन गर्दै आएको छ ।

## *आर.एन.ए.सी. एक नजरमा*

शाही नेपाल वायुसेवा निगम (RNAC) श्री ५ को सरकारको पूर्ण स्वामित्वमा स्थापित संस्थान हो । यसले आन्तरिक र अन्तर्राष्ट्रिय उडान गर्दै आएको छ । सन् १९५८ मा स्थापित यो संस्थासँग स्थापना कालमा एउटा 'डकोटा' नामक विमानमात्र थियो । हाल योसँग जम्माजम्मी दशवटा विमान छन् । त्यसमध्ये अमेरिकाको बोइङ् कम्पनीद्वारा निर्मित एउटा १८० सीट क्षमता भएको 'B-757-200' यसको आफ्नो पूर्ण स्वामित्वमा छ । अर्को, एउटा सोही कम्पनीकै 'B-757-200' किस्ताबन्दी (Lease Purchased) खरिदमा अन्तिम किस्ता भुक्तानी गरी आर.एन.ए.सी.को स्वामित्वमा आउन तयार रहेको छ । र, गत साल सेप्टेम्बर २६, २००० मा एक वर्षको लागि भाडामा लिई संचालन गरेको चाइना साउथ वेष्टको 'B-757-200' पनि ऊसित छ । अनि एभ्रो तथा ट्विनअटर विमानहरू छन् । अन्तर्राष्ट्रिय उडानका लागि बोइङ्गहरू प्रयोग हुने गर्छन् भने आन्तरिक उडानमा एभ्रो र ट्विनअटर प्रयोग हुने गर्छन् । स्मरणीय छ, शानेवानिकै स्थापना वर्ष सन् १९५८ मा थाइलैण्डको 'थाई विमान सेवा' पनि स्थापना भएको थियो । परन्तु थाई विमान सेवाअन्तर्गत अहिले ६० वटाभन्दा बढी विमानहरू रहेका छन् । तीमध्ये अधिकांश ठूला जहाज रहेका छन् र तिनले संसारका सबै भागमा उडान सेवा प्रदान गर्दै आएका छन् । यो विश्वमै ख्यातिप्राप्त विमान सेवा भइसकेको छ ।

**आखिर हो के लाउडा काण्ड ? कसरी भएको छ यसमा नांगो भ्रष्टाचार ? किन लाउडा काण्डमा प्रधानमन्त्री कोइरालाको संलग्नताबारे साराजसो प्रतिपक्ष एक भएका छन् ? के छ यसको सबूद ?**

## *विवाद कहाँबाट शुरू ?*


शानेवानिको मातहतमा चालिरहेका तीनवटा ठूला जेट विमानले दिइरहेको अन्तर्राष्ट्रिय सेवा र त्यसका अतिरिक्त ठूलो आकार भएको वायु यान (Wide Body Air Craft) बाट संचालन गर्ने भन्ने उद्देश्यले 'B-767-300'-ER बोइङ्ग भाडामा लिन शानेवानिका तत्कालीन कार्यकारी अध्यक्ष हरिभक्त श्रेष्ठले शिल्ड अफरको आधारमा गत २७ सेप्टेम्बर २००० (११ असोज २०५७) मा अष्ट्रियाको भियनामा गएर एउटा सम्झौता पत्रमा सही गरे । गजब के भयो भने, सम्झौता गरेर आइसकेपछि मात्र त्यस सम्झौताबारेको जानकारी सार्वजनिक भयो । यसअघि त्यसबारे त्यस प्रकारको जहाज ल्याइँदैछ भन्ने जानकारी नै थिएन । दशैंको फूलपातीको ठीक अगाडि सम्झौता गरियो । त्यसपछि विजया दशैंको लामो विदामा सरकारी कार्यालयसमेत बन्द भए । गत दशैंपछि उक्त विमान भाडामा ल्याउने प्रक्रियामा नियम विपरीत सम्झौता भएको आशंका संसदको सार्वजनिक लेखा समितिलाई भयो । तसर्थ, समितिले उक्त भाडा प्रकरणकाबारे शानेवानिसँग सम्झौतासम्बन्धी सम्पूर्ण दस्तावेज झिकाई छानवीन प्रक्रियाको थालनी गऱ्यो । पर्यटन मन्त्रालयका सचिव र शानेवानिका आधिकारीहरूसँग बुझ्ने क्रममा थुप्रै शंकास्पद अनियमितता भएको

खुल्न थालेपछि लाउडा प्रकरणसम्बन्धी विवाद शुरू भयो ।

## के यो विमान नल्याई नहुने थियो ?

शानेवानिले बाह्य उडान सेवा प्रदान गर्न तीनवटा जहाज प्रयोग गर्दै आएको थियो । तीनवटा विमानले बाह्य सेवामा मासिक १०२१ उडान घण्टा पूरा गरेको रेकर्डबाट देखिएको छ । गत नोभेम्बर महिनामा यी विमानहरू ९६१.४५ उडान घण्टा उडेका थिए । व्यवसाय व्यवस्थापन सुधार्दा तीनवटा जहाजले मात्र पनि १०३० घण्टा ४५ मिनेट उडान घण्टा सजिलैसँग उड्न सक्ने देखिन्छ । तीनवटा विमानको सीट संख्या प्रतिमहिना ५२,६७२ रहेको छ । र, त्यसमध्ये ३८,५५० मात्र अर्थात् केवल ७३ प्रतिशत उपयोग भएको देखिन्छ । लाउडा एयरको विमान बी-७६७-३०० ल्याएपछि गत डिसेम्बर महिनामा सीट संख्या बृद्धि भएर ६३,५७६ पुग्यो, तर कूल सीटको उपभोग भने जम्मा ३,५१४ मात्र भयो । यसको मतलब सीटको उपभोग केवल ५५ प्रतिशतमात्र भयो र त्यो तीनवटा विमानको उपभोगभन्दा घट्न गयो । गत महिनाको भन्दा ३,४१५ सीटको उपभोग घट्न गयो । सीट उपभोग घट्नेबित्तिकै घाटा बढ्न जान्छ । त्यसैगरी उडान घण्टामा तीनवटा विमानले उडेको उडान घण्टा ९६१.४५ घण्टाबाट ४ वटामा जाँदा १०१७.४० घण्टा हुन गयो । यसरी ४ वटा जहाज उड्दा साविकभन्दा थप जम्मा ५५.५५ घण्टा हुन आयो । यसको स्थिति तालिका १ ले अझ प्रष्ट पार्छ

तालिका १ ले के प्रष्ट देखाउँछ भने व्यवस्थापन र व्यवसायिकताको विकास गरी उडान स्थानको विस्तार (Fleet Expansion) नगरी वायुयान मात्र थप्नुले निगमले नाफा कमाउन सक्दैन । उल्टो, यो ज्यादा घाटामा मात्र जान्छ । वायुयान थप्दा सीट क्षमताको बृद्धि भए पनि उडान सेवा दिने स्थानको बृद्धि, वायुयानको सीट खपत गराउने व्यवसायिक क्षमताको विकास र समयमा कुनै विकास भएन, परन्तु थप जहाजका कारणले खर्चमा उल्लेखनीय बृद्धि हुन पुग्यो । उपलब्ध तीनवटै जहाजबाट मात्रै पर्याप्त र ज्यादाभन्दा ज्यादा उडान सेवा प्रदान गर्ने उपाय गरी व्यवस्थापकीय सुधार भएको भए शानेवानिले भैरहेको भन्दा धेरै सेवाबाट ज्यादा मुनाफा कमाउन सक्दथ्यो । र, लाउडा जहाज भाडामा लिनुअगाडि शानेवानिसित रहेका तीनवटा जहाजको कूल सीट क्षमता नै पर्याप्य मात्रामा उपभोग भइरहेको थिएन । त्यतिबेला कुल सीट क्षमतामध्ये ७३ प्रतिशत सीटको मात्र उपभोग भइरहेको थियो । तसर्थ चौथो जहाजको कुनै आवश्यकता नै थिएन । त्यो त केवल विमान भाडामा लिने र त्यसवापत मोटो कमिशन खाने दाउ मात्र थियो । यसबाट निगम दुब्लाउने र त्यस कार्यमा संलग्न हाकीमहरू चाहिं मोटाउने कुरा मात्र हुन सक्दथ्यो, नभन्दै त्यही भयो । जुन विमान चाहिँ उपलब्ध भएको छ, त्यो विमान पनि लाउडा एयरलाइन्सको आफ्नै नभएर हंगकंगको "THE PACESETTER LEASING LIMITED PARTNERSHIP" को विमान सब लिजरमा दिइएको थियो ।



लिलामणि पोखरेल,
सांसद, संजमो नेपाल/प्रतिनिधि सभा सार्वजनिक लेखा समितिका सदस्य

## विमान भाडामा ल्याउनुको रहस्य

लाउडा विमानको भाडा प्रक्रिया शुरू हुनुभन्दा अगाडि शा.ने.वा.नि.ले आन्तरिक उडानका निम्ति भनेर ३ करोड ४० लाख डलर बराबरका दुईवटा विमान खरिद गर्नेबारे सम्झौता गरिसकेको थियो । त्यसबारे सार्वजनिक लेखा समितिले छानवीन गर्दा श्री ५ को सरकारको 'आर्थिक प्रशासन नियमावली २०५६' मुताविक टेण्डर प्रक्रिया नगरेको भेटियो । तर 'शानेवानिको आर्थिक प्रशासन नियमावली २०४२'मा व्यवस्था भएमुताबिक नयाँ विमान खरिद गर्दा उत्पादकसँग सोझै मोलतोल-बातचीत गरेर खरिद गर्न सक्ने प्रावधानको प्रयोग गरी खरिद गर्ने निर्णय गरेर सम्झौता पनि गरिसकेको भेटियो । श्री ५ को सरकारको नियमावली र शानेवानिको नियमावलीबीच देखापरेको यो विरोधाभाषका कारण श्री ५ को सरकारको पूर्ण स्वामित्वमा रहेको संस्थानले खरिद गर्दा श्री ५ को सरकारको आर्थिक प्रशासन नियमावली अनुकूल पनि हुनुपर्ने भनी लेखा समितिले निर्णय गर्‍यो । यही निर्णयका कारण सम्झौता भइसके तापनि तत्काल विमान खरिद गर्ने सम्भावना रहेन । त्यसको खरिद प्रक्रिया ढिलो हुनेभयो । त्यसैले उक्त कार्य कार्यान्वयनमा आएन ।

त्यसको लगत्तैपछि शानेवानिले अमेरिकी बोइङ्ग कम्पनीको ठूलो आकारको अर्को विमान खरिद गर्ने योजना बनायो र सम्पर्क स्थापित गर्न थाल्यो । त्यसबारे पनि समितिमा अनियमितता भएको आशंका पैदा भई शानेवानिका अधिकारीहरूसँग लेखा समितिले जानकारी लिने क्रम थाल्यो । कम्पनीले उक्त विमानको मूल्य १११ मिलियन डलर (११ करोड १० लाख डलर) रहेको सार्वजनिक गरेकोमा त्यसमा शानेवानिले ११ करोड डलर तिर्ने सोच बनाएको रहेछ । उक्त कुरा शानेवानि व्यवस्थापनबाट थाहा लाग्यो । तर, संयोगवश गत वर्ष मात्रै सोही कम्पनीको त्यही मोडेलको जहाज सिंगापुर एयरलाइन्सले भने ७ करोड २० लाख डलरमा खरिद गरेको तथ्य पत्तो लाग्यो । यसरी उक्त विमान खरिद गर्न खोजेको रहस्यको पर्दाफास भयो । विमान खरिदको क्रममा झण्डै ४ करोड डलरको घोटाला गर्न थालेको रहस्य पर्दाफास भएपछि महंगोमा जहाज खरिद गर्ने र कमिशन कुम्ल्याउने षड्यन्त्रमा पानी फेरियो ।

यी सबै प्रयत्नमा असफल भएपछि हवाई माफियाको ग्याङमा सामेल भएका शानेवानिका अधिकारीहरू र सरकारले माफियातन्त्रमार्फत् विमान लिने अर्को चोरबाटो रोज्यो । त्यो थियो - एउटा समयावधिको निम्ति विमान भाडामा लिने र त्यसबाट ठूलो धनराशि हात पार्ने, त्यसका लागि एकपटक भाडामा लिएपछि त्यसैको म्याद थप्दै जाने वा पुनः सम्झौता गर्ने र लगातार ठूलो धनराशिको कमिशन लिइरहने । त्यही जुक्तिअनुसार चूपचाप लाउडा एयरसँग विमान भाडामा लिने सम्झौता भएको देखिन्छ । संस्था डुबाउने, तर व्यक्ति र सरकारी उच्च ओहोदामा रहेका व्यक्ति र गुट मालामाल बन्ने नियत अन्तर्गत नै यो भाडा प्रकरणको काण्ड हुन पुगेको देखिन्छ ।

लाउडा विमान भाडामा ल्याउने सम्झौता हुँदा ए.एम.आइ. आधार अर्थात् (Aircraft

तालिका- १

### गत नोभेम्बर महिनाको विमानको कार्य तालिका

| वायु यान | उडान संख्या | उड्नु पर्ने घण्टा | उडेको घण्टा | वायुयानको सीट संख्या | उपयोगमा आएको सीट | सीटको उपयोग% |
|---|---|---|---|---|---|---|
| A.B.757-200 | ४७ | ३५४.०५ | ३२९.४५ | १९५८२ | १५२७१ | ७८ |
| B.B.-757-200 | ३४ | ३६५.२५ | ३४३.३५ | १४८५० | १०३४६ | ७० |
| CSWA | ४७.५ | ३०९.५५ | २८८.२५ | १८२४० | १२८८८ | ७१ |
| Total | १२८.५ | १०२९.२५ | ९६१.४५ | ५२६७२ | ३८५५० | ७३ |

### डिसेम्बर महिनाको विमानको कार्य तालिका

| | वायुयान | उडान संख्या | उड्नुपर्ने घण्टा | उडेको घण्टा | बायु यानको सीट संख्या | उपयोगमा आएको सीट | सीटको उपयोग५ |
|---|---|---|---|---|---|---|---|
| A. | B.757-200 | ३७ | ३१६.०० | २९४.४५ | १५७४४ | ८४९१ | ५४ |
| B. | B.757-200 | ३४ | २८७.७५ | २६७.५५ | १४२१२ | ८६६९ | ६१ |
| | CSWA | ३५.५ | २४७.३० | २२२.२५ | १३८२६ | ८६५० | ६३ |
| | LAU | ३५ | २४८.३० | २३२.३५ | १९७९४ | १३३० | ४७ |
| | Total | १४१.५ | १०९९.१५ | १०१७.४० | ६३५७६ | ३५१४० | ५६ |
| | Remarks | +१२.५ | +६९.५० | +५५.५५ | +१०९०४ | -३४१५ | -१७ |

# ◀ खोज



# कसरी प्रधानमन्त्री लाउडा काण्डमा संलग्न छन् ?

मुताबिक हुनेगरी चारपटक टेण्डर गर्दा पनि निगमलाई भाडामा विमान उपलब्ध हुन नसकेकोले प्रत्यक्ष वार्ताद्वारा लाउडा एयरसँग विमा भाडामा लिनेगरी निगमको लाउडा एयरसँग २७ सेप्टेम्बर २००० मा भएको संभौताअनुरुप बोइङ्ग ७६७-३०० इ.आर. विमान १ डिसेम्बर २००० देखि १८ मैनाका लागि AMI Basis मा भाडामा ल्याउने विषयमा निगमले विदेशी विनिमयको सिफरिस माग गरेको हुँदा माग बमोजिम स्वीकृति दिने ।" भन्ने पर्यटन मन्त्रालयको मिति २०५७/६/१६ को प्रकरण ५ 'क' मा प्रस्तुत प्रस्तावउपर मन्त्रीपरिषदको निर्णय हुँदा -

"प्रस्तावको प्रकरण ५ निर्णय हुनुपर्ने व्यहोराको खण्ड 'क' का हकमा प्रस्ताव लेखिए बमोजिम गर्ने ।"

मन्त्री परिषदबाट यो निर्णय गरिएको हो भन्ने कुराको आधिकारिकताको लागि सो व्यहोरामा मन्त्रीपरिषदको सचिवालयका मुख्य सचिव तीर्थमान शाक्यको दस्तखत देखिन्छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

विषय :- विमान भाडामा लिने कार्यविधि सम्बन्धमा ।

श्री शाही नेपाल वायुसेवा निगम,
नयाँ सडक, काठमाडौं ।

तहाँ निगमको प.सं. वि.प्र.१९६८२ मिति २०५६।८।२४ को पत्र प्राप्त भयो । सो सम्बन्धमा उल्लेखित पत्र साथ प्राप्त कागजातहरूबाट अध्ययन गर्दा विमान भाडामा लिने सम्बन्धमा निगमको नियमावलीमा स्पष्ट कार्यविधि तोकिएको देखिन नआएकोले सो सम्बन्धमा निश्चित कार्यविधि तयार गर्न र Negotiation बाट विमान भाडामा लिने परिपाटीको अन्त्य गर्न सुझाव दिने भन्ने मिति २०५६।११।१८ मा निर्णय भएकोले तदनुरूप गर्न गराउन हुन अनुरोध गर्दै लाउडा एयरलाइन्ससँग विमान भाडामा लिने विषयमा अनियमितता भएको भन्नेसमेत व्यहोराको उजुरी उपर आयोगबाट सम्भावित अनुसन्धान कारबाही तामेलीमा रहेको व्यहोरासमेत जानकारी गराएको छु ।

बोधार्थ तथा कार्यार्थ :

श्री पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,
सिंहदरबार :- उल्लेखित विषयमा आवश्यक अनुगमन गर्नु गराउनु भनी यस आयोगको पठाउने भन्नेसमेत निर्णय भएको हुँदा तदनुरूप हुन ।

( कुमार बहादुर खड्का )
शाखा अधिकृत

Board Secretary
Pls put up in the board

# तथ्य र सबूदहरू

**१.** प्रधानमन्त्री लाउडा काण्डमा आफै संलग्न हुनुहुन्छ भन्ने कुराको पहिलो र प्रमुख आधार शाही नेपाल वायुसेवा निगमलाई विदेशी विनियमयको सटही सुविधा दिनेबारेको मन्त्री परिषदको २०५७ असोज १७ गतेको निर्णय हो । यही निर्णयमार्फत् शानेवानि-लाउडा संभौता र लाउडा एयरलाई एक महिनाको अग्रिम भाडा र एक महिनाको भाडा बराबर अमेरिकी डलरमा दिनका लागि शानेवानिले गरेको अनियमित र गैरकानूनी प्रयत्नलाई श्री ५ को सरकारले बैधता प्रदान गरेको थियो । ग्लोबल टेण्डर नगरी मौखिक वार्ताको भरमा यस्तो संभौता नगर्न अख्तियार दुरपयोग अनुसन्धान आयोगले श्री ५ को सरकारलाई स्पष्ट निर्देशन दिएको थियो । मन्त्री परिषदले सो निर्देशनको उल्लंघन गर्दै यसप्रकार लाउडा विमान भाडासम्बन्धी संभौतालाई वैधता र स्वीकृति प्रदान गरेको थियो:

"विमान भाडामा लिने सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट लेखी आएको विषयलाई कार्यान्वयन गर्ने सिलसिलामा श्री ५ को सरकारको मिति २०५७/१/५ को निर्णय

श्री ५ को सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

मिति : २०५७।४।३०

गोप्य
अत्यन्त जरुरी

श्री कार्यकारी अध्यक्ष ज्यू,
शाही नेपाल वायु सेवा निगम
कान्तिपथ, काठमाडौं ।

विषय - शा.ने.वा.नि.को लागि आवश्यक तेस्रो विमान वार्ताद्वारा भाडामा लिने सम्बन्धमा ।

उपर्युक्त विषयमा वार्ताद्वारा विमान भाडामा लिने निगम संचालक समितिको ०५७।४।२० को निर्णयानुसार प्रकृया अगाडि बढाउने जानकारी बारेको त्यहाँको पु.सं.इसिएम।३३।६२७१०५७ मिति ०५७।४।२४ को पत्र प्राप्त भै व्यहोरा अवगत भयो।

शाही नेपाल वायु सेवा निगमले विमान भाडामा लिने जस्तो कार्य गर्न स्वीकृति नै लिने गरेकोमा यस पटक निगम संचालक समितिले वार्ताद्वारा लिने निर्णयको जानकारी मात्र दिने प्रयास गरेको पाइयो । यसरी सार्वजनिक चासोमा बराबर आई रहने विमान खरिद तथा भाडा जस्ता कुराहरु वार्ताद्वारा लिनु कुनै हालतमा पनि उपयुक्त प्रकृया होईन ।

अतः शाही नेपाल वायु सेवा निगमलाई अनिवार्य रुपमा आर्थिक ऐन नियममा भएको आधारहरु पुर्याई मात्र (सार्वजनिक सूचना जारी गरी टेण्डर मार्फत मात्र) जहाज भाडामा लिने व्यवस्था गर्न स्पष्ट निर्देशन दिने भनि मिति ०५७।४।२७ मा निर्णय (मा. मन्त्री स्तर) भएको हुँदा निर्णयानुसार गर्नु गराउनु हुन जानकारी गराएको छु ।

( यज्ञ प्रसाद गौतम)
सह-सचिव (प्रा.)

स्मरणीय छ, संविधानअनुसार नेपालको मन्त्रीपरिषद प्रधानमन्त्रीप्रति उत्तरदायी छ । तसर्थ, मन्त्रीपरिषदले गरेको अनियमित कामको मूल उत्तरदायी प्रधानमन्त्री नै हुन्छ ।

"२. मन्त्रीपरिषदले लाउडा एयरको विमान भाडामा लिने सम्बन्धमा शानेवानि र लाउडा एयरबीच भएको संभौतालाई विदेशी विनिमयको सटही सुविधामार्फत् स्वीकृति र बैधता दिनुअघि अख्तियार दुरपयोग अनुसन्धान आयोगले विमान भाडा लिने सम्बन्धमा श्री ५ को सरकारलाई अत्यन्त स्पष्ट शब्दमा कार्य विधिसम्बन्धी निर्देशन दिएको थियो । यो निर्देशन अ.दु.अ.आ.ले मन्त्रीपरिषद सचिवालयलाई, मन्त्रीपरिषद सचिवालयले, नागरिक उड्ययन मन्त्रालयलाई र मन्त्रालयले शानेवानिलाई लेखीपठाएको थियो ।

"एभियोजेनेक्स कम्पनी विमान छ छ ठघठ भाडामा लिंदा अनियमतिता भयो भन्ने सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.सं. ४/विविध/२०५६/५७ च.नं. मु.च.नं. १०१७ मिति २०५६/५/२५ को पत्रबाट श्रीमान मुख्य सचिवज्यूलाई लेखी

गएकोमा मन्त्रीपरिषद सचिवालयको प.सं.स.शा. २३४/०५६ मिति २०५६/६/१० को पत्रद्वारा 'उक्त आयोगबाट लेखी आएको निर्णय बमोजिम हुन' यस मन्त्रलायमा लेखी आएको हुनाले 'वायुयान भाडामा लिने' सम्बन्धमा उक्त आएको निर्णयको 'सान्दर्भिक अंश' पर्यटन मन्त्रालयले लेखी पठाएको व्यहोरा ।

विमान भाडामा लिने सम्बन्धमा अ.दु.अ.आ.अ.को अर्को निर्णयको सान्दर्भिक अंश :

"२ शाही नेपाल वायुसेवा निगमबाट विमान भाडामा लिंदा हालसम्म निगमले अबलम्बन गर्ने गरेको प्रक्रियामा एकरुपता नभई अधिकारको दुरुपयोग हुने सम्भावना समेत रहिरहेकोले निगमको विमान भाडा लिनेसम्बन्धी निर्णयहरु विवादास्पद र चर्चित भैरहेको देखिन्छ । तसर्थ निम्न कार्यप्रणाली र श्री ५ को सरकारको आवश्यक देखी तोकिएका अन्य आधारको समेत पूर्ण पालना हुनुपर्ने देखिन्छ ।

अ) कस्तो र कुन विमान के कति अवधिका लागि निगमलाई आवश्यक पर्ने हो भन्ने तथ्यबारे निगमको लक्षित कार्ययोजनाको आधारमा पूर्व जानकारी हुने नै हुँदा ग्लोबल टेण्डरको आधारमा प्रि-क्वालीफाइड गरी छानिएका कम्पनीहरुबाट कम्तिमा ३५ दिनको म्याद दिई प्रस्ताव माग गर्नुपर्ने ।

आ) ग्लोबल टेण्डरका सम्पूर्ण आवश्यक सर्त र प्रक्रिया स्पष्ट खुलाई माग गर्ने ढाँचा समेत सञ्चालक समितिबाट पहिले नै स्वीकृत गराई मात्र प्रस्ताव आव्हान गर्ने ।

इ) .....प्राप्त प्रस्तावहरुको मूल्यांकन गर्नु अगावै आधार सर्त तयार गरी......मात्र मूल्यांकन प्रतिवेदन पेश गर्ने व्यवस्था गर्ने ।

ई) मूल्यांकन समितको प्रतिवेदनको आधारमा......... स्वीकृत भएपछि मात्र विमान भाडामा लिने व्यवस्था गर्ने ।


यस व्यवस्थाबाट निगमको कार्यप्रणालीमा सुधार आउने, पारदर्शिता कायम हुने र निगमको हकहितको संरक्षणसमेत हुने भएकोले........" भन्ने व्यवहोराको मन्त्रीपरिषदबाट आएको पत्र पर्यटन मन्त्रालयका तात्कालिन नि. सचिव हरिभक्त श्रेष्ठले शानेवानिका तात्कालिक कार्यकारी अध्यक्षलाई लेखेको पत्रको प्रतिकूल विमान भाडामा लिने प्रक्रियाको स्वीकृति मन्त्रीपरिषदले नै दिएको देखिन्छ ।

यो निर्देशनबाट याहा हुन्छ : श्री ५ को सरकारलाई र शानेवानिलाई विदेशी विमान भाडामा लिंदा कुन कानूनी कार्यविधि र प्रक्रिया अपनाइनु पर्छ र कुन अपनाइनु हुन्न भन्ने सम्बन्धमा स्पष्ट जानकारी थियो । यसबारे संवैधानिक निकायको चेतावनीसहितको आदेश समेत थियो । र शानेवानिका हाकिमहरुले यो आदेशको जानाजान र बल मिच्याइपूर्वक उलंघन गरेर लाउडा एयरसम्बन्धी सम्झौता गरेको देखिन्छ । र, मंत्रीपरिषदले यसलाई वैधाता प्रदान गरेको देखिन्छ ।

३. अ.दु.अ.आ.ले निगमलाई वार्ताद्वारा विमान भाडामा नलिनका निम्तिसमेत स्पष्ट निर्देशन दिएको देखिन्छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.सं. ०५६/४७ अनुगमन १४९ च.नं. ५४५४ मिति ०५६/११/२०/६ को शा.अ. कुमारबहादुर खड्काद्वारा हस्ताक्षरित पत्रमा निगमले ०५६/८/२ मा आयोगलाई लेखेको पत्रको व्यहोरा र अन्य कागजात अध्ययनपछि निकालेको निष्कर्षमा "विमान भाडामा लिने सम्बन्धमा निगमको विनिमयमा स्पष्ट कार्यविधि तोकिएको देखिन नआएकोले सो सम्बन्धमा चिश्चित कार्यविधि तय गर्न र Negotiation बाट विमान भाडामा लिने परिपाटीको अन्त्य गर्न सुझाव दिने भन्ने मिति ०५६/११/१८ मा निर्णय" यो कुराको ज्वलन्त सबुद हो । श्री ५ को सरकार र शानेवानिले अख्तिारको यो निर्देशनको समेत उल्लंघन गरेर वार्ताका भरमा लाउडा एयरको विमान भाडामा लिने कार्य गरेको देखिन्छ ।

४. श्री ५ को सरकारको "आर्थिक प्रशासनसम्बन्धी नियमावली २०५६" को दफा ५८ मा "खरिद वा अन्य कार्य गर्ने व्यवस्था" गरेको सोही दफाको उपदफा १ (घ) मा एक पटकमा "पचास लाख रुपियाँ भन्दा माथि जतिसुकै रकमको भएपनि बोलपत्र वा घटाघटबाट" कारोबार गर्नुपर्ने भनेकोमा लाउडा




विमानसम्बन्धमा सो नगरी वार्ताबाट ल्याउने निर्णय गरेकोमा बेरीत कामको मन्त्रीपरिषदले अनुमोदन गरेको छ ।

५. मन्त्रीपरिषदले शानेवानिलाई विना ग्लोबल टेण्डर वार्ताको आधारमा लाउडा एयरसँग भएको विमान भाडासम्बन्धी सम्झौतालाई जसरी वैधता प्रदान गर्‍यो, त्यो नागरिक उड्यन मन्त्रालय आफैले २०५७ श्रावण २७ गते गरेको मन्त्रीस्तरीय निर्णयको समेत विपरीत देखिन्छ । त्यसको सबुद संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालयको श्रावण ३०, २०५७ को च. नं. ५/२०५७/५८ को "शानेवानिका लागि तेस्रो विमान भाडामा लिने सम्बन्धमा" शानेवानिका कार्यकारी अध्यक्षका नाममा जारी भएको अति जरुरी पत्र हो । त्यो पत्रमा लेखिएको छ :

"शाही नेपाल वायु सेवा निगमले विमान भाडामा लिनेजस्ता कार्य गर्न स्वीकृति नै लिने गरेकोमा यसपटक निगम संचालक समितिले वार्ताद्वारा लिने गरेको जानकारी मात्र दिने प्रयास गरेको पाइयो । यसरी सार्वजनिक चासोमा बराबर आइरहने विमान खरिद तथा भाडाजस्ता कुराहरु वार्ताद्वारा लिनु कुनै हालतमा पनि उपयुक्त प्रक्रिया होइन । अतः शाही नेपाल वायुसेवा निगमलाई अनिवार्य रुपमा आर्थिक ऐन नियममा भएको आधारहरु पुऱ्याई मात्र (सार्वजनिक सूचना जारी गरी टेण्डरमार्फत् मात्र) जहाज भाडामा लिने व्यवस्था गर्न स्पष्ट निर्देशन दिने...." भन्ने मिति ०५७/४/२७ को मन्त्रीस्तरको निर्णयको विपरित मन्त्रिपरिषदबाट शानेवानिको लाउडा विमानसम्बन्धी सम्झौतालाई वैधता प्रदान गरेको देखिएको छ ।

६. बुँदा नं.१ मा उल्लेख गरिएको वाक्यांशमा "चारपटक टेण्डर गर्दा पनि निगमलाई भाडामा विमान उपलब्ध हुन नसकेको" भन्ने पर्यटन तथा नागरिक उड्यन मन्त्रालयको टिप्पणी छ । परन्तु ४ पटक टेण्डर गरिसकेको लाउडा विमान भाडामा लिने सम्बन्धमा होइन । यस अर्थमा यो टिप्पणी असत्य छ । China South West Air lines को भाडामा ल्याइएको विमानको सम्झौता अवधि २७ सेप्टेम्बर २००० मा सकिने भएकोले उक्त जहाजको सट्टामा अर्को जहाज भाडामा लिन मात्रै पटक पटक टेण्डर आह्वान गरिएको थियो । सो प्राप्त नभएको स्थितिमा CSWA सँग नै पुनः १ वर्षका लागि २६ सेप्टेम्बर २००० मा वार्ताद्वारा सम्झौता सम्पन्न भयो । चौथो जहाज, लाउडा एयरको जहाजका लागि वास्तवमा टेण्डरनै आह्वान गरिएको थिएन । ग्लोवल टेण्डर नै नगरिएको जहाज वार्ताबाट ल्याउन स्वीकृति दिने काम मन्त्रीपरिषदबाट भयो, त्यो सरासर नियम विपरित थियो । किनकि China Souht West Airlines को विमान विनाटेण्डर वार्ताबाट अघिल्लो पटक ३ महिनाका लागि ल्याइएकोमा शानेवानिका तात्कालिक कार्यकारी अध्यक्षलाई आर्थिक नियम र निर्देशन विपरित काम गरेको भनी कार्यकारी अध्यक्ष पदबाट हटाइएको थियो । ☐

*ग्लोवल टेण्डर नै नगरिएको जहाज वार्ताबाट ल्याउन स्वीकृति दिने काम मन्त्रीपरिषदबाट भयो, त्यो सरासर नियम विपरित थियो ।*

Maintainance, Insurance) को आधार उल्लेख गरिएको छ । अर्थात् विमान मर्मत र जीवन-विमा लाउडाले व्यहोर्ने तथा अन्य सबै प्रत्यक्ष अप्रत्यक्ष आर्थिक दायित्व शानेवानिले व्यहोर्ने गरी सम्झौता भएको छ । यसरी तय भएको भाडादर प्रतिउडान घण्टा ३३५० डलर कायम गरिएको छ । तर Crao Team Set लगायत अन्य प्रत्यक्ष अप्रत्यक्ष दायित्व मूल्यांकन गर्दा यो खर्च प्रतिउडान घण्टा झण्डै ५००० डलर पर्न आउँछ भन्ने कुरा शानेवानिकै कर्मचारीहरूले सार्वजनिक गरेका छन् । यही प्रकारको भित्र लुकेको खर्चभित्र नै करोडौंको कमिशन रहेको छ भन्ने उनीहरूको समेत दावी छ ।

## *विमान थप्दा हुने नाफाको झूठो विवरण*

लाउडा एयरको B ७६७-३०० ER भाडामा ल्याउँदा शानेवानिका हाकिमहरूबाट प्रस्तुत शानेवानिलाई हुने भनिएको नाफाको अनुमानित विवरण यस प्रकार छ :

"निगमको नियमित उडान तालिका अनुसार, चारवटै विमानको समुचित सदुपयोग गरी चौथो विमान (B 767) बाट हप्ताको सातवटा- दिल्ली, एकवटा- यूरोप तथा दुईवटा जापान उडानहरू संचालन गरिने र ती उडानहरू संचालनबाट प्रक्षेपित आम्दानीबाट खर्च कटाई प्रतिहप्ता करिब ५६ हजार अमेरिकी डलर नाफा हुनगई १८ महिनाको अवधिमा करिब ४४ लाख १८ हजार अमेरिकी डलर (३२ करोड ७ लाख ५३ हजार) नाफा हुने देखिन्छ भने दिल्ली र युरोपको उडान यथावत गरी जापानको उडान सिधा संचालन गरेमा प्रतिहप्ता करिब १ लाख २७ हजार अमेरिकी डलर नाफा भई १८ महिनाको अवधिमा करिब ९९ लाख ६० हजार अमेरिकी डलर करिव (रू. ७४ करोड १० लाख ५८ हजार) मुनाफा हुने देखिन्छ ।"

परन्तु यो विवरण विल्कूलै झूठा थियो भन्ने कुरा तालिका २ ले प्रष्टै देखाउँछ । यो लाउडा विमान भाडामा लिनुअघि र लिएपछिको विवरण हो । (हेर्नुहोस्, तालिका २)

तालिका २ को विवरणले के देखाउँछ भने शानेवानिसित कार्तिक २०५७ मा तीनवटा जहाज मात्र हुँदा निगमलाई रू. ५ करोड ३० लाखभन्दा ज्यादा नाफा भइरहेको थियो । परन्तु जब लाउडा विमान भाडामा लिइयो र जहाज थपेर ४ वटा पुग्यो, मंसिर २०५७ मा निगमको नाफा बढेन, यो उल्टो रू. ७ करोड १९ लाख रूपैयाँ घाटामा गयो । २०५७ पौषमा पुग्दा त निगमको विमान घाटा १६ करोड ३३ लाख रूपैयाँ पुग्यो ।




*गत चैत्र २८ गते काठमाण्डौको भोटाहिटी, रत्नपार्कमा संयुक्त जुलुस प्रदर्शन गर्दै एमाले, संजमो, राजमो लगायतका वाम नेताहरू (फोटो : एबीसी फोटोज्)*

यो घाटा कुन जहाजको कारणले भयो त ? त्यो थाहा पाउन तालिका ३ को विवरण हेर्नु आवश्यक छ । (हेर्नुहोस्, तालिका ३)

तालिका ३ को विवरणले देखाएको तथ्य के हो भने निगमको आफ्नै दुईवटा विमानबाट ०५७ मंसिरसम्ममा निगमलाई झण्डै २ करोड रूपैयाँको नाफा भइरहेको थियो । तर २०५७ पुषमा यसैबाट उसलाई झण्डै ८९ लाख रूपैयाँ घाटा भयो । परन्तु यो घाटाको थैली त्यति ठूलो थिएन । सबैभन्दा ज्यादा घाटा भाडामा ल्याएको लाउडा विमानले नै गरायो । यसले गत मंसिरमा मात्र २ करोड ८२ लाख रूपैयाँ घाटा गरायो । पुषमा त अझ लाउडाको विमानगत घाटा ६ करोड २३ लाख रूपैयाँ पुग्यो । दोस्रो दर्जाको घाटा चाइना साउथवेष्टको भाडाको विमानले गरायो । त्यसले २०५७ मंसिरमा २ करोड ८० लाख रूपैयाँ घाटा पैदा गर्‍यो, पुष २०५७ मा रू. २ करोड ६९ लाख घाटा ।

यी तथ्यहरूले के देखाउँछन् भने लाउडाको जहाज भाडामा ल्याएपछि निगमलाई मासिक करिब ४ करोड रू. नाफा हुन्छ (१८ महिनामा ७४ करोड १० लाखका हिसावले) भनेर शानेबानिका हाकिमहरूले र सम्बन्धित मन्त्रीले सरकारलाई पेश गरेको विवरण कति झूठा र बकवासपूर्ण रहेछन् ।

माथिको शानेवानिका उच्च पदस्थ हाकिमहरूको झूठो, बकवासपूर्ण विवरण र माथिको नाफा नोक्सानको तीन महिनाको यथार्थ हिसावको आधारमा कार्तिकदेखि पुषसम्मको विवरणअनुसार मात्र पनि निगमलाई कूल १५ करोड ४४ लाख ९५ हजार ६८१ रूपियाँ घाटा भैसकेको छ । त्यसमा पनि लाउडा एयरको भाडाको विमान B-767-300 EF ले मात्रै ९ करोड ६ लाख ४४ हजार २७४ रूपियाँ घाटा पुऱ्याएको देखिएको छ । मासिक ४ करोड ११ लाख ६९ हजार ८८८ रूपियाँ नाफा हुने कल्पना बाँकेको, तर मंसिर १६ देखि पुष मसान्तसम्म डेढ महिनामै मासिक ६ करोड ३ लाखका दरले निगमले घाटा व्यहोर्नु परेको यथार्थ तस्वीर हाम्रो सामु छ । यसबाट विमान कुन नियतले ल्याइएको रहेछ भन्ने कुरा प्रष्ट पार्दैन र ?

## *विमान भाडामा ल्याउने कानूनी व्यवस्था*

एकातिर श्री ५ को सरकारको सम्पूर्ण लगानीमा स्थापित शानेवानिलाई अलग्गै स्वायत्त संस्थाको रूपमा कायम गरी संचालनका लागि 'शानेवानि आर्थिक प्रशासन नियमावली, २०४२' श्री ५ को सरकारले नै जारी गरेको छ । अर्कोतिर प्राइभेट सेक्टरबाहेक आर्थिक प्रशासन सम्बन्धमा मुलुकको सिङ्गो व्यवस्थापन नियन्त्रण र अनुगमन आदिका लागि 'आर्थिक प्रशासनसम्बन्धी नियमावली २०५६' पनि सरकारले नै जारी गरेको छ । राज्यले दायित्व व्यहोर्नुपर्ने स्थिति जहाँ-जहाँ हुन्छ, स्वाभाविक रूपले त्यहाँ आर्थिक प्रशासन नियमावली २०५६ सक्रिय हुन्छ ।

शानिवानिको आन्तरिक आर्थिक कारोबार गर्ने प्रक्रिया व्यवस्थित गर्न बनेको शानेवानि आर्थिक प्रशासन नियमावलीमा विमान भाडामा ल्याई संचालन गर्ने सम्बन्धमा कुनैपनि प्रकारको व्यवस्था गरेको देखिन्न । तर पनि आजसम्म शानेवानिले १९ औं पटक विमान भाडामा लिइसकेको देखिन्छ । परन्तु गजबको कुरा के हो भने सम्बन्धित निकायले २०४२ सालमा निर्माण गरेको नियमावलीमा आजसम्म विमान भाडामा लिनेसम्बन्धी व्यवस्था गर्न आवश्यक ठानेको छैन । नियमावलीमा विमान भाडामा ल्याउँदा अपनाउनु र पालन गर्नुपर्ने आर्थिक प्रशासनसम्बन्धी प्रक्रिया र त्यसको पारदर्शितावारे

तालिका- २

### शानेवानिको ०५७ कार्तिकदेखि ०५७ पुषसम्मको विमानगत नाफा नोक्सान विवरण :

| विवरण | २०५७ कार्तिक (तीनवटा जहाज) | २०५७ मार्ग (चारवटा जहाज) | २०५६ पौष (चारवटा जहाज) |
|---|---|---|---|
| १) कूल आम्दानी | रू. ५४,९८,९३,४१६/- | ४७,३६,१३,५८७/- | ४४,३१,८८,१९९/- |
| २) कूल खर्च | रू. ४९,६८,७८,४६६/- | ५४,५५,२०,९९४/- | ६०,६४,८५,७१४/- |
| ३) कूल नाफा/नोक्सान | रू. +५,३०,१४,९५०/- | -७,१९,०७,४०७/- | -१६,३२,९७,५१५/- |

*स्रोत : शाही नेपाल वायुसेवा निगम*

तालिका- ३

## तीन महिनाको विमानगत नाफा नोक्सान विवरण :

| ०५७ कार्तिक | ०५७ मार्ग | ०५७ पौष |
|---|---|---|
| १) निगमको आफ्नै ७५७ | | |
| दुई विमानको आम्दानी रू. | २८,०४,७३,९५६/- | १५,९१०३,३८३/- |
| खर्च रू. | २६,१०,१४,०२६/- | १६,७९,६९,७४९/- |
| नाफा/नोक्सानी रू. | +१,९४,५९,९३३/- | -८८,७६,३६६/- |
| २) भाडामा ल्याइएको लाउडा ७६७-३०० | | |
| विमानको आम्दानी रू. | ४,४९,४०,९७६/- | १३,४६,९५,९२९/- |
| खर्च रू. | ६,३१,९९,३३१/- | १९,७०,८१,८४८/- |
| नाफा/नोक्सानी रू. | -२,८२,५८,३५५/- | -६,२३,८५,९१९/- |
| ३) भाडाको China Spouth West को ७५७ विमान | | |
| आम्दानी रू. | १०,०३,९६,३८६/- | ११,३४,३९,७४१/- |
| खर्च रू. | १२,८४,०४,७५४/- | १४,०४,०६,४१४/- |
| नाफा/नोक्सानी रू. | -२,८०,०८,२६८/- | -२,६९,६६,६७३/- |

*स्रोत : नेपाल एयर लाइन्स पाइलट एशोसिएशन (NAPA)*
*शानेवानि कर्मचारी युनियनको माघ, १७,२०५७ मा वितरित प्रेस सम्मेलन विज्ञप्ति*

व्यवस्था नहुनु नै आफैमा शंकास्पद कुरा हो । र, नियमावलीमा व्यवस्था नभए पनि श्री ५ को सरकारको निर्देशनमा १९ औं पटकसम्म विमान भाडामा ल्याई संचालन भैआएको छ र प्रायः हरेकपटक अनियमितताको प्रश्न उठ्नुका साथै यो विवादित पनि बनेको छ ।

श्री ५ को सरकारको आर्थिक प्रशासन ऐनको परिच्छेद ७ दफा ५८ को "खरिद वा अन्य कार्य गर्ने" भन्ने व्यवस्थामा सोही दफको (१) (घ) अनुसार एकैपटकमा कारोवार गर्नुपर्दा "पचास लाख रूपियाँभन्दा माथि जतिसुकै रकम भए पनि बोलपत्र वा घटाघट" बाट आर्थिक कारोबार गर्नुपर्ने बाध्यात्मक व्यवस्था कायम गरिएको छ ।

### *ऐन नियम पालना भए-भएनन् ?*

शानेवानिले अन्तरराष्ट्रिय उडानका लागि प्रयोग गर्दै आइरहेका विमानहरूमध्ये भाडामा ल्याएको चाइना साउट वेष्ट एयरलाइन्सको B-757-200 विमान करारमा लिएको अवधि २७ सेप्टेम्बर २००० मा समाप्त हुँदै थियो । निगमले अन्तरराष्ट्रिय उडानमा तयार पारेको योजना र व्यवसायलाई निरन्तरता दिन उक्त विमानभन्दा ठूलो जहाजको आवश्यकता रहेको भनी अन्तरराष्ट्रिय विज्ञापन गरेको थियो । विज्ञापन २०५६/१०/९, २०५६/१०/१८, ०५६/११/२९ र ०५७/४/१२ मा आह्वान गरिएको थियो । तर मापदण्डअनुसारका विमान, शर्त र समय नमिलेको कारण देखाई सम्झौता हुन सकेन । पछि ०५७/४/२३ को बोर्डको बैठकको निर्णयअनुसार १३ अगस्त २००० मा सीलबन्दी प्रस्तावको सूचना दिइयो । त्यसमा ६ वटा प्रस्तावहरू आइपुगे । परन्तु त्यसमा लाउडा एयर समावेश छैन । यतिसम्म कि लाउडा कुनै पनि प्रकारको छनौट प्रक्रियामा समावेश भएको छैन । परन्तु असोज २, २०५७ मा शानेवानिको बोर्डले निर्णय गरी निगमका कार्यकारी अध्यक्ष, हरिभक्त श्रेष्ठको नेतृत्वमा अष्ट्रियाको भियना पुगेको टोलीले लाउडा एयर व्यवस्थापनसँग भेटी विना सीलटेण्डर २७ सेप्टेम्बर २००० मा (असोल ११, २०५६ मा) दुई पक्ष मात्र बसी वार्ता गरी १८ महिनाको लागि 'B 767-300 ER' विमान वेटलीज र ए. एम. आइ. आधारमा लिने सम्झौतामा हस्ताक्षर गऱ्यो । सम्झौताअनुसार उक्त विमान १ डिसेम्बर २००० (मंसिर १६ गते ०५७) मा नेपाल आइपुग्यो । यसरी बोलपत्र र घटाघटको प्रक्रियाद्वारा खुला प्रतिस्पर्धा गर्नुपर्ने श्री ५ को सरकारको 'आर्थिक प्रशासनसम्बन्धी नियमावली २०५६' को बाध्यात्मक प्रावधान हुँदाहुँदै भाडामा विमान लिने व्यवस्था नै नभएको "शानेवानि आर्थिक प्रशासन नियमावली, २०४२" को विपरीत गएर शानेवानिको बोर्डबाट निर्णय गरेर सम्झौता र विमान भित्र्याउने काम भयो । त्यसमाथि थप, निगमले असोज २९, २०५६ मा विमान मौखिक वार्ताबाट लीजमा लिन पर्यटन तथा नागरिक उड्यन मन्त्रालयको स्वीकृति माग गरेकोमा 'यस्तो प्रक्रिया निगमको हितमा समेत नरहेको, विमान फर्काइएको, उडान अवरूद्ध भएका र गुनासाहरूसमेत व्यापक भएकाले विधिसम्मत ढंगले गर्नु' भन्ने सहसचिव रमेशमान जोशी ( पर्यटन मन्त्रालय) को पत्रसमेत पठाइएको देखिन्छ ।

विमान लीजमा लिन वार्ता भएकोमा अनियमितता भएको भन्ने कुरा सार्वजनिक भएपछि संसदको सार्वजनिक लेखा समितिले छानबीनको प्रक्रिया अगाडि बढायो । त्यसबेला समितिले विमान भाडामा ल्याउनेसम्बन्धी थप कार्यहरू अगाडि नबढाउन भनी ०५७ मार्ग ५ गते र मार्ग १४ गते श्री ५ को सरकारमार्फत् शानेवानिलाई निर्देशन जारी गरेको थियो । तर विमान ल्याउने सम्बन्धमा समितिले थप कारवाही अगाडि नबढाउनु भनेका, निर्णय, आदेश र निर्देशनलाई उलंघन गरी गत मंसिर १६ गते (१ डिसेम्बर २००० मा) लाउडा एयरको विमान B 767-300 ER नेपालमा अवतरण भै छाड्यो ।

यस सम्बन्धमा यसअघि निगमले एभियोजेनेक्स कम्पनीको विमान बी-७३७ भाडामा लिंदा त्यसमा अनियमितता भएको ठहऱ्याई अख्तियार दुरूपयोग अनुसन्धान आयोगले २०५६ सालमा श्री ५ को सरकारलाई दिएको निर्देशन एकदमै ध्यान दिनयोग्य छ । लाउडा काण्ड हुनुभन्दा एक सालभन्दा ज्यादाअघि भाद्र २५, २०५६ मै यो निर्देशन श्री ५ को सरकारको मन्त्री परिषद्का मुख्य सचिवका नाममा जारी भइसकेको देखिन्छ । चलानी नं. १०१७ को यो निर्देशनमा दुई अर्थ नलाग्ने भाषामा

***विमान लीजमा लिन वार्ता भएकोमा अनियमितता भएको भन्ने कुरा सार्वजनिक भएपछि संसदको सार्वजनिक लेखा समितिले छानबीनको प्रक्रिया अगाडि बढायो***

*एमालेद्वारा आयोजित विरोध सभालाई सम्बोधन गर्दै एमालेका महासचिव क. माधवकुमार नेपाल/सभामा लाउडा विमानको पुतला पनि देखिन्छ । (फोटो : एबीसी फोटोज्)*



स्पष्ट भनिएको छ- "निगमबाट विमान भाडामा लिने.... प्रक्रियामा एकरूपता नभएको, .... अख्तियार दुरूपयोग हुने संभावना रहिरहेको, निर्णयहरू विवादास्पद र चर्चित भइरहेको" 'सन्दर्भमा' ग्लोबल टेण्डरको आधारमा प्रि-क्वालिफाइड गरी छानिएका कम्पनीहरूबाट कम्तीमा ३५ दिनको म्याद दिई प्रस्ताव माग गर्नुपर्ने", "ग्लोबल टेण्डरका सम्पूर्ण आवश्यक शर्त र प्रक्रिया स्पष्ट खुलाई माग गर्ने ढाँचासमेत संचालक समितिबाट पहिले नै स्वीकृत गराई मात्र प्रस्ताव आह्वान गर्ने ।" यो अख्तियारले जारी गरेको निर्देशनलाई श्री ५ को सरकार मन्त्री परिषद्ले अनुमोदन गरेको छ । यही अनुरूप श्री ५ को सरकारका मुख्य सचिव तीर्थमान शाक्यका नामबाट पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देशन-पत्र जारी भएको छ, जसको मिति असोज १०, २०५६ र चलानी नं. २३४/०५६ छ । यो पत्र त्यहाँबाट - शानेवानिका तत्कालीन कार्यकारी अध्यक्षलाई लेखीपठाएको देखिन्छ । अनौठो संयोग कस्तो परेको देखिन्छ भने, यो पत्र पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले शानेवानिका तत्कालीन कार्यकारी अध्यक्षलाई लेख्दा -मंत्रालयको वास्तविक सहसचिव र त्यतिबेला निमित्त सचिव भई कार्यरत हरिभक्त श्रेष्ठको नामबाट (असोज १८, २०५६) लेखिएको छ ।

यिनै हरिभक्त श्रेष्ठ एक वर्षपछि गएर स्वयम् श्री ५ को सरकारको निर्णयअनुसार शानेवानिका कार्यकारी अध्यक्ष बन्न पुगेका छन् र उनैले अख्तियारको श्री ५ को सरकारको र आफैंले जारी गरेको उपरोक्त सुस्पष्ट निर्देशनविपरीत लाउडा एयरसित ग्लोबल टेण्डर नै आह्वान नगरी र आवश्यक नियम नै नपुऱ्याइ केवल वार्ताबाट विमान भाडामा लिने सम्झौता गरेका छन् । उनैको नेतृत्वमा शानेवानिको संचालक समितिले असोज २, २०५७ मा त्यसरी अदुअआ र सरकार स्वयम्को निर्देशन र नियम सम्झौता गर्ने निर्णयसमेत गरेको देखिन्छ ।

यति मात्र होइन, अख्तियारले आफ्नो निर्णयको अनुगमन पनि गरेको छ । अनुगमनको सिलसिलामा फागुन २० गते, २०५६ मा अदुअआले शानेवानि निगमलाई पत्रसमेत लेखेको छ । च.नं. ५४५४/०५६/५७ को त्यो पत्रमा "विमान भाडामा लिने सम्बन्धमा निगमको विनियममा स्पष्ट कार्यविधि देखिन नआएकोले सो सम्बन्धमा निशिचत कार्यविधि तय गर्न र निगोशियशनबाट विमान भाडामा लिने परिपाटीको अन्त्य गर्न सुझाव दिने" भन्ने अदुअआको मिति फागुन १८, २०५६ को निर्णयमा स्पष्ट उल्लेख छ ।

## शानेवानि घाटामा गएको पुष्टि

शानेवानिलाई पहिले भएकै ठूलो ३ वटा जहाजहरू बढी भइरहेको थियो । त्यस्तो अवस्थामा लाउडा एयर भाडामा ल्याउनु भनेको निगमलाई घाटामा लैजानुबाहेक अर्को कुनै फाइदा थिएन । त्यसैको फलस्वरूप लाउडा विमान भाडामा ल्याउनुअघि नाफामा गइरहेको निगम लाउडा विमान थपिएपछि ठूलो घाटामा जान थालेको छ । त्यसको ज्वलन्त उदाहरण चैत्र ३० गते 'नेपाल समाचार पत्र'मा प्रकाशित समाचारले पुष्टि गर्छ :

देशको एकमात्र राष्ट्रिय ध्वजावाहक शाही नेपाल वायुसेवा निगम केही समययतादेखि गम्भीर आर्थिक संकटमा परेको छ ।

निगम आर्थिक संकटमा परेपछि तत्कालका लागि शानेवानिसँग बाँकी रहेको एउटा विमान धितो राखी रहम निकाल्ने बारेमा बैंकहरूसँग कुराकानी प्रारम्भ गरिएको छ ।

शानेवानिसूत्रका अनुसार निगम आर्थिक संकटमा परेकै कारण गत महिना कर्मचारीलाई तलब खुवाउन ढिला भएको थियो र अहिले पनि त्यही स्थिति छ । तत्कालको समस्या समाधानका लागि धितो राख्न बाँकी रहेको एउटा विमान धितो राख्नेबारेमा कुराकानी भएको र धितो राखिएमा अमेरिकी डलर २ करोड ५० लाखसम्म ऋण प्राप्त हुने कुरा पनि उक्त सूत्रले बतायो ।

शानेवानिले चार महिनाअगाडिदेखि चाइना साउथ वेस्ट एयरलाइन्सको विमानको भाडा तिर्न सकेको छैन भने लाउडा एयरलाइन्सको विमान भाडा पनि ढेड महिनादेखि बुझाउन बाँकी रहेको कुरा शानेवानिका कार्यकारी अध्यक्ष राजेशराज दलीले बताउनुभएको छ ।

शानेवानिको अहिले १ अर्ब २५ करोड रूपियाँ ऋण रहेको तथा निगमका दुईवटा बोइङ्ग ७५७ विमानमध्ये एउटा विमान र अन्य सम्पत्तिसमेत धितोमा राखिसकिएको निगमसूत्रबाट बुझिएको छ । ❑

### *अन्य अनियमितताहरू*

शानेवानि र लाउडा एयरबीच सम्झौता गर्दा आधारभूत आर्थिक नियमहरूको पालना भएको देखिँदैन । सम्झौतामा एक महिनाको भाडा बराबरको रकम लाउडा एयरलाई निगमले अमेरिकी डलरमा अग्रिम भुक्तानी दिने व्यवस्थाबारे केही उल्लेख छैन । साथै, शानेवानिले बैंक ग्यारेन्टी दिने भन्ने व्यवस्था पनि सम्झौतामा छैन ।. परन्तु व्यवहारमा शानेवानिले लाउडा एयरलाई बैंक ग्यारेन्टी दिएको देखिन्छ । र, एक महिनाको भाडा रकम र बैंक ग्यारेन्टीवापत एक महिनाको भाडा बरोबर कूल २० लाख १० हजार डलर अग्रिम भुक्तानी पनि दिएको देखिन्छ ।

यस सम्बन्धमा विदेशी मुद्राको सटही सुविधा प्राप्त गर्न निगमले सम्बन्धित मन्त्रालय, पर्यटन तथा नागरिक उड्यन मन्त्रालयमा फाइल पठाएको देखिएको छ । मंत्रालयले आफ्नो सिफारीससहित मन्त्री परिषद्मा यो प्रस्ताव पेश गरेको देखिएको छ । मन्त्री परिषद्ले यो प्रस्तावलाई स्वीकृत गर्दै सटही सुविधा प्रदान गर्ने निर्णय गरेको छ । मन्त्री परिषद्ले यस सम्बन्धमा २०५७ असोज १७ मा निर्णय गरेको व्यहोरा मुख्य सचिव तीर्थमान शाक्यले मिति २०५७ असोज १७ मा पर्यटन तथा नागरिक उड्डयन मंत्रालयको नाममा पत्र लेख्दा उल्लेख गरेको पाइएको छ । लाउडा एयरसम्बन्धी अत्यन्त अनियमित, गैर-कानूनी र अख्तियार दुरूपयोग र श्री ५ को सरकार स्वयम्को निर्देशन र चेतावनी विपरीत गएर निगमले गरेको सम्झौतामुताबिक भाडामा विमान ल्याउन निगमलाई सटही सुविधा दिने निर्णय गर्दा मन्त्री परिषद्ले केवल सटही सुविधा मात्र प्रदान गरेको छैन, त्यसरी सटही सुविधा चाहिनुको कारण निगमको सम्पूर्ण अनियमित र गैर-कानूनी प्रक्रियालाई नै वैधता प्रदान गरेको देखिन्छ । अहिलेको प्रधानमन्त्रीको राजीनामाको मूल मुद्दा यही तथ्यमा आधारित देखिन्छ । किनकि, मन्त्री परिषद्ले कसैलाई पनि अकारण विदेशी मुद्राको सटही सुविधा प्रदान गर्दैन, गर्न मिल्दैन । वैध र जायज कारण देखेमा मात्र यसले सटही सुविधा प्रदान गर्छ र गर्नुपर्छ । निगमको माग बमोजिम सटही सुविधा दिँदा यसले केवल सटही सुविधा मात्र प्रदान गरेन, सटही सुविधा माग्नुको कारण निगमको गैर-कानूनी र गैर-नियमित लाउडा एयरसितको सम्झौतालाई समेत यसले जायज र वैध ठहऱ्याएको छ । नेपालको वर्तमान संविधानअनुसार, मन्त्री परिषद् प्रधानमन्त्रीप्रति जवाफदेही छ ।

**मन्त्री परिषद्ले केवल सटही सुविधा मात्र प्रदान गरेको छैन, त्यसरी सटही सुविधा चाहिनुको कारण निगमको सम्पूर्ण अनियमित र गैर-कानूनी प्रक्रियालाई नै वैधता प्रदान गरेको देखिन्छ । अहिलेको प्रधानमन्त्रीको राजीनामाको मूल मुद्दा यही तथ्यमा आधारित देखिन्छ ।**

*एमालेद्वारा आयोजित विरोध जुलुसको एक दृष्य (फोटो : एबीसी फोटोज्)*



तसर्थ, यो मुद्दामा प्रमुख उत्तरदायित्व प्रधानमन्त्रीको रहेको छ ।

यस्तो अनियमित कार्य श्री ५ को सरकारको पूर्ण स्वामित्वमा रहेको शानेवानिको एक्लो आँटले सम्भव छैन । यो सबै कानून नियम, विनियम, निर्देशन मिच्ने काम सरकारको उपल्लो तहमा भएका व्यक्तिबाट मात्र सम्भव छ । त्यही काम गिरिजाको प्रत्यक्ष अप्रत्यक्ष संलग्नतामा भएको छ ।

## लेखा समितिको छानबीन

संसदको सार्वजनिक लेखा समितिले लाउडा विमान भाडासम्बन्धी सम्झौता सम्बन्धमा आफ्नो आवश्यक छानवीन प्रक्रिया पूरा गरी ०५७ साल पुष १२ गते आफ्नो निर्णय यस प्रकार निकालेको छ- "लाउडा विमान भाडा प्रक्रिया निगमको हित विपरीत, बदनियतपूर्ण र दुराशययुक्त भएकोले निर्णय प्रक्रियामा संलग्न सम्पूर्ण व्यक्ति, पदाधिकारीलाई हदैसम्मको कारवाही गर्न श्री ५ को सरकारलाई सिफारिस गरेको छ ।" र, "भ्रष्टाचारबारे सम्बन्धित निकायको पनि ध्यान आकर्षित गरेको छ ।"


लेखा समितिमा पर्यटन तथा नागरिक उड्डयन मन्त्री तारिणीदत्त चटौतले बयान दिंदा- "बाध्य भएर अख्तियार, मन्त्री परिषद् र लेखा समितिको निर्देशन मान्न नसकेको" बताएका छन् । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले समितिमा बयान दिंदा पनि पर्यटन तथा नागरिक उड्डयन मन्त्रीकै बयानलाई सकारेको देखिएको छ । प्रश्न उठ्छ - अख्तियार दुरूपयोग निवारण आयोग, मन्त्री परिषद् र सार्वजनिक लेखा समितिको निर्देशन नमान्न बाध्य हुनुपर्ने स्थिति उहाँहरूलाई कसरी पर्‍यो ? उहाँहरूको त्यो बाध्यताको असली रहस्य के हो ?

> *प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले समितिमा बयान दिंदा पनि पर्यटन तथा नागरिक उड्डयन मन्त्रीकै बयानलाई सकारेको देखिएको छ*


लाउडा विमान भाडासम्बन्धी सम्झौता गर्न सम्बन्धित मन्त्रालयलाई वास्तवमा कुनै बाध्यता थिएन । किनभने हामीले माथि नै विभिन्न तथ्य तथ्याङ्कहरूमा देखिसक्यौं - शानेवानिलाई आफूसँग भएको ३ वटा ठूला विमान नै ज्यादा भइरहेका थिए, त्यसकै सम्पूर्ण सीटहरूको उपभोग भइरहेको थिएन, तसर्थ लाउडा एयरको चौंथो विमानको उसलाई कुनै जरूरत नै थिएन । हामीले माथि तथ्याङ्कहरूमार्फत् देखिसक्यौं- लाउडा विमान भाडामा ल्याउनुअघि नाफामा गइरहेको निगम लाउडा विमान थपिएपछि त्यही विमानको कारणले ९ करोड घाटामा गएको छ । तसर्थ प्रश्न उठ्छ - निगमलाई नाफामा लानको लागि पटक्कै आवश्यक नभएको लाउडा विमान किन निगम घाटामा डुब्ने शर्तमा पनि भाडामा ल्याउन सम्बन्धित मन्त्रालयलाई 'बाध्यता' पर्‍यो ? देशको हित र निगमको हित - यी दुवै कोणबाट यो बाध्यताको रहस्य कहीं कतै प्रमाणित हुन सकेको देखिँदैन । यथार्थमा, यो बाध्यता देश र निगम दुवै घाटामा जाने शर्तमा पनि शानेवानिका हाकिमहरू, सम्बन्धित नागरिक उड्डयन मन्त्रीको र प्रधानमन्त्रीको कमिशनको स्वार्थको बाध्यता सिवाय अरू केही देखिन्न । अन्यथा निगमको निम्ति जरूरत नै नभएको विमान जबर्जस्ती भाडामा ल्याउनको निम्ति यति चर्को मरिमेटाइ किन ?

यस विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले छानवीन प्रक्रिया थाल्नेबित्तिकै प्रमाण नष्ट गर्ने सम्भावना देखाई शानेवानिका कार्यकारी अध्यक्ष हरिभक्त श्रेष्ठलाई तुरून्त निलम्बन गर्ने सिफारिश अख्तियारले गर्‍यो । सिफारिश बमोजिम उनी निलम्बित पनि भए । पछि नागरिक उड्डयन मन्त्री तारिणीदत्त चटौतलाई अख्तियारले बयान लिन थाल्यो । उनले पनि नैतिकताको आधारमा राजीनामा दिए । परन्तु नाजायज, अवैध र अनियमित सम्झौता कार्यान्वयनमा ल्याउनको लागि सटही सुविधा दिएर उक्त सम्झौतालाई जायज र वैध ठहर्‍याउन प्रमुख भूमिका खेल्ने मन्त्री परिषद्का नायक भने अहिले पनि सिंहदरवारकै कुर्सीमा विराजमान छन् । के उनले चाहिं प्रमाण नष्ट गर्ने सम्भावना छैन ? के उनले चाहिं त्यो अनियमितताको नैतिक उत्तरदायित्व लिनु पर्दैन ?

निगमको हितमा आवश्यक नै नदेखिएको, प्रचलित कानूनको विपरीत भएको, अख्तियार दुरूपयोग निवारण आयोगको आदेश विपरीत भएको र सार्वजनिक लेखा समितिको निर्देशन विपरीत भएको लाउडा विमान भाडासम्बन्धी सम्झौता प्रधानमन्त्रीले चाहे रोक्न सक्थे । उनले सटही सुविधा नदिएरै त्यो कुरा रोक्न सक्थे । आफ्नै मन्त्री परिषद्को पहिलेको आदेश विपरीत भएको भनेर समेत उनले यसलाई रोक्न सक्थे । तर उनले यसलाई किन रोकेनन् ? किन उल्टो उनले यसलाई अनुमोदन गरेर गैर-कानूनी कामलाई वैधता प्रदान गरे ? -प्रधानमन्त्रीको मुख्य संलग्नता यहीं देखिन्छ । ❑

# ◀ किताब




## महिला आन्दोलनको इतिहास बोकेको पुस्तक

भर्खरै मात्र बजारमा एउटा महत्वपूर्ण पुस्तक देखा परेको छ । यो पुस्तक यसकारणले महत्वपूर्ण छ कि यसले नेपालका विभिन्न क्षेत्रमा भएका आन्दोलनहरूमा महिलाहरूले खेलेको भूमिकाको इतिहासलाई उजागर गरेको छ । इतिहास भन्नेबित्तिकै राजा महाराजाको जीवनी र उनीहरूले गरेका कामको वर्णनको रूपमा बुझ्ने प्रवृत्ति अझै व्यापक रहेको वर्तमान स्थितिमा नेपाली जनताको जीवन र संघर्षहरूबारे लेखिएका पुस्तकहरू कम मात्रामा छन् । अझ महिलाहरूको जीवन र संघर्षबारे लेखिएको इतिहास त झनै विरलै मात्रै पाइन्छ । यस्तो स्थितिमा महिलाहरूले गरेको संघर्षको इतिहासलाई केलाएर एउटा पुस्तक प्रकाशित भएको छ- 'नेपाली श्रमिक आन्दोलनमा महिलाहरूको भूमिका (अध्ययन प्रतिवेदन)' । यो पुस्तक तयार गर्नुभएको छ- विन्दा पाण्डेले र यसको प्रकाशक रहेको छ- नेपाल ट्रेड युनियन महासंघ ।

यस पुस्तकमा वि.सं. १९७४ देखि २०४७ सालसम्म भएका आन्दोलनहरूमा महिला सहभागिताको उल्लेख गरिएको छ । यसले श्रम क्षेत्रमा महिला सहभागिता, प्रजातान्त्रिक आन्दोलनमा महिला सहभागिता, नेपाली श्रमिक आन्दोलनमा महिला सहभागिता, वर्तमान ट्रेड युनियन आन्दोलन र महिला सहभागिता, श्रमिक महिलाका समस्याहरू, जेण्डरसम्बन्धी विषय र श्रम संगठनको नीति निष्कर्ष र अनुसुची समेत ९ खण्डमा गरी विषयवस्तुलाई पस्केको छ ।

यस पुस्तकमा पितृसत्ता के हो ? महिलाहरूका समस्याहरू के के हुन् ? लिङ्गीय विभेद के हो ? जेण्डर के हो ? महिला मुक्ति के हो ? भन्ने समसामयिक विषयमा पनि केही वर्णन गरिएको छ । साथै यसमा शिक्षक आन्दोलन, किसान आन्दोलन, मजदूर आन्दोलन, नर्सिङ्ग आन्दोलनजस्ता पेशागत आन्दोलनमा महिलाहरूले खेलेको भूमिकाबारे पनि उल्लेख गरिएको छ । 'हड्तालकी माँ', 'अनसन्नी बज्यै' जस्ता आन्दोलनकारी महिलाहरूसँग अन्तरवार्ता लिएर सत्य-तथ्य तथा प्रेरक घटनाहरूसमेत समावेश गरिनु यसको थप उल्लेख्य पक्ष हो । प्रजातान्त्रिक आन्दोलनमा महिला सहभागिता अन्तरगत राणाकालमा भएको राणाशाहीविरोधी आन्दोलनमा महिलाहरूको सहभागिता, २००७ सालको प्रजातान्त्रिक आन्दोलन, पंचायतविरोधी आन्दोलन र ०४६ सालको आन्दोलनमा महिलाहरूको सहभागिताबारे पनि यसमा चरणबद्ध रूपमा उल्लेख गरिएको छ ।

शिक्षा लगायत विभिन्न किसिमका श्रमका क्षेत्रहरूमा महिलाहरू र पुरुषहरूको सहभागिता के कस्तो रूपमा रहेको छ भन्ने कुरा दर्शाउने तथ्य-तथ्यांक सहितका तालिकाहरू पनि यसमा दिइएका छन् । यसले मजदूर आन्दोलनको इतिहास सगँसगैँ मजदूर संगठनको क्षेत्रमा महिला सहभागिता र नीति निर्माणमा महिलाहरूको सहभागिता के कस्तो छ भन्ने सन्दर्भलाई पनि संगेटेको छ ।

समग्रमा महिला आन्दोलनको अध्ययन प्रतिवेदनको प्रकाशनले नेपाली इतिहासको क्षेत्रमा एउटा उपयोगितापूर्ण कृतिको अभाव पूरा गरेको छ । लेखिकाको प्रयत्न प्रसंशनीय छ ।

यति हुँदाहुँदै पनि यो अध्ययन प्रतिवेदनमा केही कमी-कमजोरीहरू पनि छन् । यसको मूल कमजोरी भनेको केही तथ्यहरू गलत छापिनु हो । जस्तोः २०४६ सालको आन्दोलनमा चैत्र २० गते कीर्तिपुरमा चलेको गोलीबाट २ जनाले शहादत प्राप्त गरे भनेर यसमा लेखिएको छ । तर त्यहाँ २ जनाले मात्र नभएर ४ जनाले सहादत प्राप्त गरेका थिए । त्यस्तै वि.सं. १९७४ सालमा योगमाया न्यौपानेको अध्यक्षतामा 'नारी समिति'को गठन भएको कुरा लेखिएको छ । तर यो 'नारी समिति' पनि योगमाया न्यौपानेको अध्यक्षतामा गठन भएको होइन । यो समितिको गठन योगमाया कोइरालाको अध्यक्षतामा भएको थियो । यस प्रतिवेदनमा एक ठाउँमा "२०३४ सालमा पारिजातको संयोजकत्वमा पुनर्गठन भएको 'अखिल नेपाल महिला संघ'ले तुरुन्तै कुनै गतिविधि बाहिर ल्याउन सकेन । त्यसैले २०३७ सालमा शान्ता मानवीको संयोजकत्वमा अखिल नेपाल महिला संघको केन्द्रीय तयारी समिति बन्यो" भनेर लेखिएको छ । यो पनि गलत कुरा हो । किनभने त्यतिबेला पारिजातको संयोजकत्वमा गठन भएको अनेमसंघले काठमाण्डौ उपत्यका लगायत थुप्रै ठाउँहरूमा महिला संगठनहरू निर्माण गरेको थियो र ठाउँ-ठाउँमा महिलाहरूले ठूलो आन्दोलन पनि गरेका थिए । ०३६ सालमा चितवनका रूखहरू काटिएको जंगलमा घाँस-दाउरा लिन गएका महिलाहरूलाई गैंडा गस्ती (सशस्त्र प्रहरी)ले नराम्रो व्यवहार गरेकोमा यही महिला संघका सदस्यहरू शान्ति शेरचन, मायादेवी न्यौपानेलगायतका महिलाहरूको जुलुस गएर गस्ती प्रहरीहरूको बन्दूक नै खोसेका जस्ता जुझारु संघर्षहरू त्यतिबेला भएका थिए । सिराहामा पनि जयगोविन्द शाहलाई प्रहरीले गिरफ्तार गर्दा अनेमसंघका महिलाहरूले छुटाएका थिए । यस्ता किसिमका घटनाहरू काभ्रे र अन्य जिल्लामा पनि भएका थिए ।

पारिजातको नेतृत्वमा गठन भएको अनेमसंघले कुनै गतिविधि बाहिर ल्याउन नसकेर शान्ता मानवीको संयोजकत्वमा अनेमसंघ गठन भएको होइन । तात्कालीन नेकपा माले अन्तरगत रहेका महिलाहरूलाई संगठित गर्न यसको गठन भएको थियो ।

अध्ययन प्रतिवेदनमा सबै क्षेत्रको आन्दोलनको उल्लेख त भएको छ । तर तिनको व्याख्या अझै नपुगेको अनुभव हुन्छ । घरेलु, ग्रामीण, अनौपचारिक क्षेत्रहरू र ग्रामीण स्वारोजगार क्षेत्रका महिलाहरूको बारेमा पनि यसमा उल्लेख हुनसकेको भए अरू राम्रो हुने थियो ।


यति हुँदाहुँदै पनि विन्दा पाण्डेको यो प्रयास सह्राहनीय र प्रशंसनीय छ र अझै पनि उहाँ यस काममा लागिरहन सक्नुहोस् भन्ने शुभकामना !

❑ *मुक्ता श्रेष्ठ*

# ◀ उल्लेख्य

कृति : अनि देश दुख्न थाल्छ
विधा : कविता संग्रह
लेखक : मणि कोइमी
प्रकाशक : त्रियुगा कला साहित्य प्रतिष्ठान
पृष्ठ : ५०+१०
मूल्य : रू. ३०/-




कृति : झुल्को
विधा : निबन्ध संग्रह
कृतिकार : निशान्त श्रेष्ठ
प्रकाशक : वाङ्मय प्रज्ञा प्रतिष्ठान, पाल्पा
पृष्ठ : ५१+१२
मूल्य : रू. ५०/-

कृति : नेपालमा गरीब किसानहरूको अवस्था र मुक्तिको प्रश्न
विधा : लेख संग्रह
कृतिकार : प्रेमसागर पौडेल
प्रकाशक : निरन्तर प्रकाशन गृह, काठमाण्डौ
पृष्ठ : ३६+८
मूल्य : रू. १५/-






कृति : विश्व प्रशिद्ध बाल कथाहरू
विधा : बाल साहित्य
लेखक : विभिन्न लेखकहरू
अनुवादक : विजय चालिसे
प्रकाशक : सिर्जनशील प्रकाशन, काठमाण्डौ
पृष्ठ : ४०+१४
मूल्य : रू. २५/-

कृति : अर्थात्
विधा : कविता संग्रह
कृतिकार : अनुजा घिमिरे
प्रकाशक : कुमारी प्रकाशन
पृष्ठ : ४२+१४
मूल्य : रू. २५/-







कृति : सामाजिक क्रान्ति : शान्तिपूर्ण तरिकाले वा सशस्त्र संघर्षद्वारा ?
विधा : विश्लेषणात्मक लेखहरू
कृतिकार : मोहनविक्रम सिंह
प्रकाशक : प्रगति पुस्तक सदन, काठमाण्डौ
पृष्ठ : १३०+४/मूल्य : रू. ४०/-

# विद्यार्थीलाई यातायातमा ३३ प्रतिशत सहुलियत



नेकपा (माले) निकट अनेरास्ववियूले गत चैत्र ६ गतेदेखि चलाएको आन्दोलन माओवादीले घोषणा गरेको चैत्र २४ को नेपाल बन्दको मुखैमा २ दिने चक्काजाम र १ दिने आमहड्तालको उँचाइमा पुगेपछि चैत्र ३१ गते सरकार, यातायात व्यवसायी र विद्यार्थी प्रतिनिधिबीच सम्पन्न एक सम्झौतापछि अब देशभरिका आम-विद्यार्थीहरूले सार्वजनिक यातायात भाडामा ३३ प्रतिशत छुट पाउने भएका छन् । शान्तिपूर्ण सडक आन्दोलनबाट माग पूरा गराएको यो घटना बहुदल आएपछिको विद्यार्थी फाँटको एक महत्वपूर्ण र उल्लेखनीय उपलब्धि ठानिएको छ ।

यसअघि उक्त संगठनले गत माघ १८ गते एक पत्रकार सम्मेलन गरी यातायात, स्वास्थ्य, मनोरञ्जन लगायतका सार्वजनिक क्षेत्रमा विद्यार्थीहरूले ५० प्रतिशत सहुलियत पाउनुपर्छ भन्ने एक सूत्रीय माग राखी आन्दोलन शुरू गरेको थियो । पहिलो र दोस्रो चरणको कार्यक्रमअन्तर्गत सिंहदरवार घेराउजस्तो उच्चतम कार्यक्रम सम्पन्न गरेर पनि सरकारको ध्यान आकर्षित गर्न असफल भएपछि गत चैत्र ६ गते अर्को पत्रकार सम्मेलन गरी तेस्रो चरणको कार्यक्रमको रूपमा मशाल जुलूस, देशव्यापी चक्काजाम र आम हड्तालसम्मका कार्यक्रमहरू तय गरिएका थिए । गत २०५७ साल चैत्र २२-२३ गते देशव्यापी चक्काजाम र चैत्र २४ गते आम-हडतालको कार्यक्रम राखिएको थियो । तर यो कार्यक्रमले संभवतः माओवादी 'नेपाल बन्द'लाई अरू ज्यादा सल्काउला भन्ने भयले चैत्र २१ गते नै सरकारले तीनवटा यातायात व्यवसायी संघहरूसमेत उपस्थित गराई यातायात भाडामा विद्यार्थीहरूले 'अर्को व्यवस्था नभएसम्मका लागि' ३३ प्रतिशत छुट पाउने व्यवस्था हुने गरी अनेरास्ववियूसँग एक सम्झौता गरेपछि चक्काजाम र आम-हडतालको कार्यक्रम स्थगित भएको थियो ।


विद्यार्थीहरूले ३३ प्रतिशत सहुलियत चैत्र २१ गतेदेखि नै पाए पनि यो सहुलियतलाई संक्रमणकालीन सहुलियतका रूपमा सरकारले परिभाषित गरेको छ । यसैबीच, विद्यार्थी तथा यातायात व्यवसायीको हितलाई ध्यानमा राखी सहुलियत कति दिने, कसलाई दिने, कुन-कुन प्रक्रिया अपनाई दिने भन्ने सम्बन्धमा सरकारी प्रतिनिधि, यातायात व्यवसायी र विद्यार्थी प्रतिनिधि सम्मिलित समिति गठन गर्ने निर्णय पनि सम्झौता वार्ताले गरेको छ । उक्त समितिले विद्यार्थी र यातायात व्यवसायीलाई दिइनेलगायत अन्य सुविधा सम्बन्धमा एक महीनाभित्र प्रतिवेदन बुझाउने छ । त्यसपछि विद्यार्थीको थप सुविधाबारे निर्णय गर्ने जानकारी एक विज्ञप्तिमार्फत् श्रम तथा यातायात व्यवस्था मन्त्रालयले गराएको छ ।

आन्दोलनमा अनेरास्ववियूले यातायात भाडामा ५० प्रतिशत छूट मागेको र अझै पनि विद्यार्थीहरूको त्यो माग कायमै रहेको भए पनि संघर्षबाट प्राप्त ३३ प्रतिशत छुटलाई पनि उपलब्धिकै रूपमा ग्रहण गरी थप उपलब्धिको लागि निरन्तर लागिरहने कुरा उक्त संगठनले जारी गरेको प्रेस विज्ञप्तिमा जनाइएको छ । त्यस्तै गरी, मनोरञ्जन तथा स्वास्थ क्षेत्रमा पनि छुट पाउन अन्य कार्यक्रमहरू छिट्टै संचालन गरिने कुरा अनेरास्ववियूका अध्यक्ष रविन्द्र अधिकारीले बताउनुभएको छ । ❑



विद्यार्थीहरूको निम्ति यातायात भाडा सहुलियत प्राप्तिको लागि सम्पन्न आन्दोलनको क्रममा भएको धर्ना

# एमाले निकट अखिल पनि आन्दोलनमा



आगामी वैशाख १६ गतेदेखि नेकपा (एमाले) निकट अनेरास्ववियुले पनि विभिन्न शैक्षिक मागहरू प्रस्तुत गरी सडक आन्दोलन गर्ने भएको छ ।

उक्त विद्यार्थी संगठनले पत्रकार सम्मेलनमा दिएको जानकारीअनुसार, उसले सरकारी विद्यालयमा लिइने शुल्कलाई पूर्ण मात्रामा हटाउन, अनिवार्य संस्कृत शिक्षा र राष्ट्रिय गान बन्द गर्न, गुणस्तरीय शिक्षा उपलब्ध गराउन र सो संगठनले यसअघि नै प्रस्तुत गरेका ४० सूत्रीय मागहरू लागू गराउन अहिले आन्दोलन गर्न लागेको हो । अध्यक्ष राजेन्द्रकुमार राईले उक्त संगठनले निजी विद्यालयमा लिइने गरेको चर्को शुल्कको विरूद्धमा पनि आन्दोलन केन्द्रित गर्ने कुरा बताउनुभएको छ ।

**सशक्त सडक आन्दोलनबाट केही समय पहिलेदेखि अलि पर रहेको एमाले निकट अखिलले अहिले गर्न लागेको आन्दोलन पहिलेभन्दा अलि आक्रमक हुने देखिएको छ ।**

सशक्त सडक आन्दोलनबाट केही समय पहिलेदेखि अलि पर रहेको एमाले निकट अखिलले अहिले गर्न लागेको आन्दोलन पहिलेभन्दा अलि आक्रमक हुने देखिएको छ । उक्त संगठनले जनाएअनुसार अहिले प्रस्तुत गरिएका मागहरूलाई सम्बन्धित पक्षबाट वैशाख मसान्तसम्म पनि कुनै चासो नदेखाइएमा स्कूल प्रधानाध्यापक र जिल्ला शिक्षा अधिकारीको कुर्सी जलाउने र चर्को शुल्क लिने खास खास विद्यालयहरूलाई आकस्मिक रूपमा कारवाही गरिने भएको छ ।

स्मरणीय छ, केही महिनाअगाडि नेकपा (माओवादी) निकट अनेरास्ववियु (क्रान्तिकारी)ले पनि करीव करीव यस्तै प्रकारका मागहरू राखी एक हप्तासम्म देशव्यापी रूपमा विद्यालयहरू बन्द गरेको थियो । ❑

# ◄ पाठकको कुरो

## पुस्तकहरू छापोस्

मूल्यांकन मासिकले आजसम्म प्रकाशित सामाग्रीहरूको मूल्यांकन गरोस् र सामाग्रीहरूलाई विषयगत आधारमा एकीकृत गरेर परिमार्जनसहित छुट्टाछुट्टै रूपमा वा एकै पुस्तकका रूपमा सामग्री प्रकाशन होस् । तत्कालीन परिवशेमा लेखिएका लेख वा सामग्रीहरूले पारेका सकारात्मक र नकारात्मक असरहरूलाई समेटियोस् भन्ने मेरो हार्दिक आग्रह छ ।

यो गर्नु किन आवश्यक छ भने- एकातिर, पुराना पाठकहरू यस मासिकमा प्रकाशित सामाग्रीहरूबाट छनौट गरेर एकीकृत गरेर पुनः प्रकाशन होस् भन्ने चाहन्छन्, त्यसले पाठकलाई विषयगत सम्पूर्णता दिन्छ र संग्रह गर्ने सामान्य समस्या समाधान हुन्छ । अर्कोतिर, वर्षेनी थपिंदै जाने हजारौं-हजार पाठकले विगतका लेखहरूलाई नयाँ सिर्जनामा अध्ययन गर्न पाउँछन् ।

विषयहरूको छनौट गर्ने काम तपाईंहरूकै जिम्मा छाड्दै केही प्रमुख विषयहरू दिनु उपयुक्त ठानेको छु । (१) दर्शनसँग सम्बन्धित (२) विश्व कम्युनिष्ट आन्दोलनसँग सम्बन्धित (३) नेपालको कम्युनिष्ट आन्दोलनसँग सम्बन्धित (४) नेपाली अर्थतन्त्र (५) नेपाली राजनीति (६) नेपाली संस्कृति (क.आ.) र (७) मार्क्सवादी संस्कृति ।

प्रकाशन गर्दा (१) नियमित अंकको सामाग्रीलाई पूर्णतः विस्थापित नगर्ने (२) एकै पटक सबै विषयको नभै छुट्टाछुट्टै प्रकाशित गर्ने (३) सामाग्रीहरूको समग्रपन आउने गरी परिमार्जन वा पुनः संयोजन गर्ने (४) मूल्यांकनको अपेक्षा कति पूरा भयो-भएन, विषयगत विश्लेषण संक्षिप्तमा राख्ने (५) अन्य आवश्यक भए ।

- मुकुन्दराज दहाल
*सदस्य, नेकपा एमाले जिल्ला कमिटी, चितवन ।*

## पुन : मूल्यांकन गर्ने कि ?

विभिन्न खेमामा विभाजित नेपालका वामपन्थी पार्टीहरूलाई जुटाउन र अत्यन्त दुर्गतितर्फ उन्मुख यो राष्ट्रलाई केही योगदान दिनुपर्छ भन्ने उद्देश्यबाट मूल्यांकन प्रकाशित भएको हुनुपर्छ जस्तो लाग्छ । विगत केही समयदेखि यता यसमा अलि स्तरीयता घटेको जस्तो महसूस भएको छ । के वापन्थीहरूको फूटको असर यसमा पनि परेको त होइन ? मूल्यांकनलाई पुनः मूल्यांकन गरी एकतातर्फ लैजान सके नयाँ संचार हुन्थ्यो कि ?

- तेजविलास अधिकारी
*दारेचोक- ७, कमेरे, चितवन ।*

## मूल्यांकनले बुझ पचाएको हो कि

असंलग्न परराष्ट्र नीति भएको देश नेपाल किन गोरखा भर्तीमार्फत् साम्राज्यवादीहरूको पुच्छर बनेको ? नेपली युवाहरूले विदेशमा रगत र पसिना बगाउँदा हुने, तर नेपालमा चाहिँ रगत र पसिना बगाउन किन नहुने ? नेपाली युवाहरूलाई बेलायती सैनिकसरह तलब, भत्ता सुविधा, पेन्सन इत्यादि नदिएर भेदभाव अत्याचार, अन्याय गरिएको छ । तर विश्व साम्राज्यवादीहरूले शोषण त गर्ने नै हुन् । सबैलाई थाहा भएकै हो, बरू हामी नेपालीहरू चाहिँ किन भिखारी बन्ने ? पैसामा किन सती जाने ? नयाँ जनवादी गणतन्त्र नेपालको स्थापनाको लागि कहिले लड्ने ? नेपालीले आफूभित्रको कमी कमजोरी र दास मनोवृत्तिलाई कहिले हटाउने ? ब्रिटिश गोर्खा सैनिकका मागलाई अन्तर्राष्ट्रियकरण गरिने होइन, बरू गोर्खा भर्ती नै बन्द गरिनु पर्छ । मूल्यांकनले बुझ पचाएको हो कि- यसले किन नेपालका शासकको बोली बोलेको ? घरभित्र सियो हरायो भने बाहिर उज्यालोमा खोज्ने कि भित्र खोज्ने ?

अगामी अंकहरूमा भारतीय विस्तारवाद-विश्व साम्राज्यवादको विरूद्धका लेखहरू पक्षपातरहित तवरले आउन्, शुभकामना दिन चाहन्छु ।

- श्रद्धा सुब्बा
*चुलाचुली- ९, (एक) कमल, इलाम ।*

## माओवादी र पूर्णागिरि

अंक ८५ समयमा नै हात पऱ्यो । स्तरीय एवं सान्दर्भिक लेखहरूले भरिएको यस पत्रिकाको सबैभन्दा घतलाग्दो लेख नेकपा माओवादीबारेको लाग्यो । आफ्नो दोस्रो राष्ट्रिय सम्मेलनमा विगतका आफ्ना सफलता एवं असफलतालाई राम्रो ढंगले विश्लेषण गरेर आगामी दिनहरूमा आफूलाई हत्या एवं आक्रमणबाट अलि टाढा राख्न खोजेको रहेछ । यो सकारात्मक लक्ष्य हो । साथै, विगतका दिनहरूमा माले एवं एमालेलाई ठाडै वर्गीय शत्रु ठान्ने प्रवृत्तिलाई सुधार गरेर यी पार्टीहरूलाई पनि आफ्नो अस्थायी मित्र ठान्न थाल्नु निश्चय नै वस्तुगत स्थितिको राम्रो बुझाइ हो । यसले के कुराको संकेत पनि गर्दछ भने, अब नीतिगत नभए पनि कार्यगत एकताको संभावना बढेको छ ।

दीपक ज्ञवालीले पूर्णागिरि बाँधको बारेमा नालीबेलीसहित दिनुभएको यथार्थ विवरणले म लगायत अन्य पाठकहरूको ज्ञानको भण्डारमा इँटा थपिदिएको छ । साथै यो लेख राष्ट्रवादी नेपालीको मन छुन सफल भएको छ ।


अन्तर्राष्ट्रिय समाचार जगत्मा भारतको बजेटको मोटामोटी प्रभाव नेपालमा पर्न सक्ने सम्भावनाबारे हरि रोक्काको लेख राम्रो छ । साथै, पाकिस्तानको कम्युनिष्ट पार्टीको विकासबारे जान्न पाउँदा खुशी लाग्यो ।

- होम
*चरिकोटबाट*

## गतांक : केही टिप्पणीहरू

- नागरिकता विधेयकबारे दमननाथ ढुंगानाको प्रस्तुति गहन र उपलब्धीमूलक छ ।
- माओवादीबारेको आवरणकथाले धेरै हदसम्म यथार्थ चिरफार गरेको छ । यो लेखले माओवादीलाई नै पनि सुध्रिन मद्दत गर्ला भन्ने मलाई लाग्छ ।
- पूर्णागिरिबारे दीपक ज्ञवाली र अरू सबैका विचार देशभक्तिपूर्ण छन् ।
- पाकिस्तानको क.आ.को उत्तार-चढावबारे यति आधिकारिक जानकारी पहिले पाउन सकिएको थिएन । यसका निम्ति धन्यवाद ।
- मसाल र एकताकेन्द्रको एकताले नेताहरूलाई हैन, देशैलाई फाइदा गरोस् ।
- विद्यार्थीहरूलाई ३३% भाडामा छुट गराउन आन्दोलन गर्ने अनेरास्ववियुलाई धन्यवाद र बधाई ।
- फिडेल क्यास्त्रोको पढ्ने बानी साँच्चै प्रेरणादायी छ ।
- देशभक्तिको काम गर्छन् भने माले वा एमाले दुवै ठेट्ना हैनन् नै !

- शंभु मल्ल
*भीमसेनगोला, बानेश्वर, काठमाडौं ।*

अविरल यात्रा

रायनको एकल सांगीतिक प्रस्तुति

नेपाली जनपक्षीय गीत-संगीत क्षेत्रमा विगत ४० वर्षदेखि अनवरत क्रियाशील वरिष्ठ कलाकार रायनका विशिष्ट गीतहरूको प्रस्तुति !

आफ्नो प्रति टिकट सुरक्षित गर्नुहोस् !

(संयुक्त प्रकृतिको एक आयोजक समिति गठन भई आयोजना हुन लागेको यस कार्यक्रमबाट हुने नाफा रकमलाई सोही प्रकृतिको सार्थक गिती क्यासेट उत्पादनमा लगाउने लक्ष राखिएको छ ।)

**स्थान** : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौ

**मिति** : २०५८ वैशाख ९ गते, आइतवार

**समय** : अपरान्ह ५ बजे

प्रत्यक्ष प्रसारण : (मेट्रो एफ.एम. १०६.७ मा)

**टिकट दर :**
रू. ५०/-, १००/-, २००/-, ३००/-, ५००/-र १०००/- मात्र

**टिकट पाइने स्थान**
- **'मूल्यांकन' र 'नवयुवा'** मासिकको कार्यालय, पुतलीसडक
- **पाठ्य सामाग्री पसल**, रत्नपार्क, जामे मस्जिद
- **काबेली कुना**, पत्र-पत्रिका पसल, पुतलीसडक


"ONE OF THE WORLD'S BEST BEERS"
San Miguel
SINCE 1890
San Miguel
BEER
SINCE 1890
San Miguel
LAGER BEER
SINCE 1890
San Miguel
PREMIUM
LAGER BEER
Nepal's Favourite Beer
San Miguel®
BEER

MULYANKAN
A magazine for Thought-Interaction

ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२/०५१/५२

